साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ६७, माघ–चैत्र २०७१

(प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय 'क' वर्गमा वर्गीकृत साहित्यिक पत्रिका)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सम्पादक**
डा. सुधन पौडेल

**सहसम्पादक**
यशु श्रेष्ठ

**व्यवस्थापक**
गणेशराज रिजाल

**विशेष सहयोगी**
निर्मोही व्यास
राममणि दुवाडी
हरि खनाल
शिव अधिकारी
डा. घनश्याम परिश्रमी
डा. विश्वम्भरकुमार शर्मा
विजय चालिसे
पुष्करराज भट्ट
सौरभकिरण श्रेष्ठ

**कानुनी सल्लाहकार**
अधिवक्ता रामकृष्ण काफ्ले

**प्रतिनिधि**
राममणि पोखरेल
रमेश समर्थन
सुशील मुडभरी
डा. देवी क्षेत्री दुलाल
गोविन्द ढकाल 'ढुङ्गेली'
हृदयनारायण चौधरी
नारायण क्षेत्री
शेखर कार्की
प्रेम प्रभात
वैरागी जेठा
जनार्दन खनाल
हेमराज अधिकारी
अच्युत रिजाल
राम खनाल
पूर्ण थापा

**आवरण**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
इमेज प्रिन्टर्स
चावहिल, काठमाडौं

मूल्य : रु. २५ ।–

कार्यालय: स्वाभिमानवस्ती गढीमाइ नगरपालिका–१६, बारा, फोन नं.: ९८५५०२४९५५
काठमाडौं सम्पर्क: पो.ब.नं. ९१०९, काठमाडौं, फोन नं. : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com

# नवप्रज्ञापन प्राज्ञसभा

१. माया ठकुरी, धोबिघाट–ललितपुर
२. विश्वराज अधिकारी, वीरगञ्ज–पर्सा
३. रुकु कार्की, हेटौंडा–मकवानपुर
४. रामप्रसाद अधिकारी, सिमरा–बारा
५. डा. ध्रुवकुमार घिमिरे, निजगढ–बारा
६. वीणा पोखरेल, इमाडोल–ललितपुर
७. पीताम्बरा 'पीयूष', कलङ्की–काठमाडौं
८. ललिता दोषी, बुद्धनगर–काठमाडौं
९. डा. सुषमा आचार्य, मानभवन–ललितपुर
१०. निर्दोषकुमार, स्वाभिमानबस्ती–बारा
११. भद्रकुमारी घले, मैतीदेवी–काठमाडौं
१२. हरिप्रसाद पाण्डेय, बालाजु–काठमाडौं
१३. वासुदेव अधिकारी, सुनौलाबजार–धादिङ
१४. दीपेन्द्रसिंह थापा, महादेवस्थान–धादिङ
१५. ईशा शाह, पकनाजोल–काठमाडौं
१६. भगीरथ मिश्र, दमक–झापा
१७. लक्ष्मी शर्मा, बालाजु–काठमाडौं
१८. शर्मिला खड्का दाहाल, इटहरी–सुनसरी
१९. अनन्तप्रसाद वाग्ले, बासडोल–काभ्रे
२०. छविरमण सिलवाल, मेथिनकोट–काभ्रे
२१. अर्जुन पाण्डे, जीवनपुर–धादिङ
२२. कार्तिकेय घिमिरे, हरिवन–सर्लाही
२३. पाण्डवराज कार्की, हर्नामाडी–मकवानपुर
२४. राजनप्रसाद सिलवाल, छत्रेदेउराली–धादिङ
२५. गंगा कर्माचार्य पौडेल, कपन–काठमाडौं
२६. वासुदेव श्रेष्ठ, जीवनपुर–धादिङ
२७. केशव रुपाखेती, जीवनपुर–धादिङ
२८. निमायादेवी कायस्थ, बन्दीपुर–तनहूँ
२९. बाबुरामप्रसाद पौडेल, पौराइ–रौतहट
३०. तारा अनुरागी, घैलाडुबा–झापा
३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, पटौटी–अर्घाखाँची
३२. रमेशमोहन अधिकारी, चन्द्रपुर–रौतहट
३३. यशु श्रेष्ठ, चन्द्रपुर–रौतहट
३४. गणेशराज रिजाल, स्वाभिमानवस्ती–बारा
३५. विद्याप्रसाद घिमिरे, लैंनचौर–काठमाडौं
३६. बाबुराम लम्साल, किहुँ–तनहूँ
३७. प्रा.डा. कपिल लामिछाने, भैरहवा–रुपन्देही
३८. तेजप्रकाश श्रेष्ठ, थानकोट–काठमाडौं
३९. भक्त कार्की, पुलाचौर–म्याग्दी
४०. दीपबहादुर केसी, कोपवा–कपिलवस्तु

## अनुरोध/जानकारी

- भाषा, साहित्य, कला र संस्कृतिको उत्थान सचेत रहने
- सम्भव भएसम्म साहित्यका विविध विधाको उपस्थिति रहने
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनाको सधैं स्वागत गरिने
- शुद्धसँग प्रिती फन्टमा टाइप गरेर पठाएका रचना मात्र स्वीकार्य हुने
- छायाँ छविका साथ रचनामा नाम, ठेगाना र परिचय स्पष्ट लेखिएको हुनुपर्ने
- प्रकाशनार्थ प्रेषित रचनाहरू चार अङ्कभित्र प्रकाशित नभए अन्यत्र पठाउन सकिने
- रचना स्वीकृत–अस्वीकृत तथा काँटछाँटको अधिकार सम्पादक मण्डलमा निहीत रहने ।
- अस्वीकृत रचना फिर्ता नगरिने
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुनुपर्ने
- पुस्तक समीक्षाका लागि दुई प्रति अनिवार्य पठाउनु पर्ने
- र, अन्त्यमा नवप्रज्ञापनको उद्देश्य र गतिप्रति आश्वस्त हुनुहुन्छ भने निस्वार्थ मनले नवप्रज्ञापन प्राज्ञसभाको सदस्य, प्रतिनिधि वा शुभेच्छुक बनेर हामीसँग सँगै हिंड्न, एक साथ रहेर काम गर्न, सद्भाव र प्रेम राख्न सक्नुहुनेछ ।

## ● सम्पादकीय

हिंड्ने पुगे। बस्ने कुँजिए। हेर्नेले देखे। नहेर्ने छेलिए। प्राकृतिक नियम। आफ्नो कित्ता। आफैं छुट्याउनोस्। आफैं खोज्नोस्। आफैं रोज्नोस्। आफैं छाम्नोस्। आफैं भेट्नोस्। तपाईको सामर्थ्य। तपाईंको हैसियत। तपाईंकै जिम्मा। समयको गति। समयको नियन्त्रण। समयको छेकबार। आफैं नियाल्नोस्। निर्णय गर्नोस्।

उनीहरु हिंडे। उनीहरु पुगे। उनीहरुले गरे। उनीहरुले पाए। उनीहरुले खाए। उनीहरु रमाए। उनीहरु हौसिए। उनीहरु रौसिए। बाटो खोजे। बाटो देखे। खोज्दै गए। हिंड्दै गए। हामी हेरिरहेछौं। हामी सुनिरहेछौं। हामी भोगिरहेछौं। हामी बसिर हेछौं। हामी कुँजिइरहेछौं। उनीहरु हिंडिर हेछन्। उनीहरु पुगिरहेछन्। नहिंड्नेहरु-नहेर्नेहरु। भोका हुन्छन्। नाङ्गा हुन्छन्। प्यासा हुन्छन्। केवल ती। रुन सक्छन्। कराउन सक्छन्। दुख्न सक्छन्। गुँडुल्किन सक्छन्। गतिहीनले सक्ने। केवल त्यस्तै। जम्मा त्यति। हामी गरिरहेछौं। हामी भोगिरहेछौं।

हामी थिचियौं। हामी मिचियौं। हामी किचियौ। हामी ठगियौं। हामी लुटियौं। हामी शोषियौ। हामी बिग्रियौ। हामी भत्कियौं। हामी थुप्रियौं। हामी घोलियौं। हामी थिग्रियौं। हामी उठाइयौं। हामी बसाइयौं। हामी सुताइयौं। हामी हिडाइयौं। हामी बोलाइयौं। हामी पढाइयौं। हामी लेखाइयौं। हामी देखाइयौं। हामी मनाइयौं। हामी गराइयौं। हो, त। हामी भित्रको। बोलेन विवेक। हिंडेन विचार। उठेन दृष्टि। गमेन आस्था। जुर्मुराएन चिन्तन। ब्यूँझेन मूल्य। चलमलाएन मान्यता। खसखसाएन चिन्तन। त्यसैले अलमलियौं। अझै पनि। त्यो क्रम बाक्लो छ। घनीभूत छ।

अऱ्होटमा बाँच्यौं। आदेशमा बाँच्यौं। उपदेशमा बाँच्यौं। निगाहमा बाँच्यौं। आफू सोचेनौं। आफ्नो बाँचेनौ। अरुको बाँच्यौ। आफ्नो गाएनौ। अरुको गायौं। आफ्नो खाएनौ। अरुको खायौं। छाकमा रम्यौं। भागमा रम्यौ। आङमा रम्यौ। आफ्नो भनेनौ। अरुको भन्यौ। आफ्नो हाँसेनौं। अरुको हाँस्यौ। आफ्नो गरेनौ। अरुको गऱ्यौ। आफ्नो फलाएनौं। अरुको फलायौं। आफ्नो नाचेनौं। अरुको नाच्यौं। आफ्नो हेरेनौं। अरुको हेऱ्यौ। आफूलाई चिनेनौं। अरुलाई चिन्यौं। आफन्त जानेनौं। पराय जान्यौं। आफूलाई भोगेनौं। अरुलाई भोगयौं। आफूले सिकेनौं। अरुलाई सिकायौं। आफूले पढेनौं। अरुलाई पढायौं। आफू बाँचेनौं। अरुलाई बचायौं। आफू हाँसेनौं। अरुलाई हँसायौं। चेलो बनेनौं। गुरु बन्यौं। आफूलाई हेरेनौं। अरुलाई हेऱ्यौं। हेर्दै गयौं। हेर्दै गयौं। गइरहेछौं अझै।

आजै थालौं। अहिल्यै सोचौं। ढिला नगरौं। एउटा आरम्भ। एउटा शुभारम्भ। सुनौलो यात्रा। सुनिश्चित भविष्य। अस्तित्व खोजौं। जीवन खोजौं। उद्देश्य खोजौं। अगाडि हिंडौं। गतिशील बनौं। गतिहीनता त्यागौं। म भन्छु। तपाई भन्नोस्। हामीहरु भनौं। सबैले भनौं। सबैभन्दा पहिले। आफूलाई खोजौं। आफ्लाई छामौं। आफूलाई भेट्टाऔं। आफूलाई पाऔं। अगाडिको बाटो। गरिने यात्रा। सुनिश्चित भविष्य। हिंड्छ सरासर। पछिको बाटो। सहज बन्छ। सप्ठेरो हुन्छ। अनि पछि.... । अरु पछि ....। अझै पछि .....।



# रचनाक्रम


- राम विनय /५
- पशुपति न्यौपाने /१०
- विश्वराज अधिकारी /१३
- डा. कपिल लामिछाने/१४
- विजय चालिसे/१५
- वासुदेव अधिकारी/१९
- रामकृष्ण काफ्ले/२१
- नारायण क्षेत्री/२५
- वियोगी बुढाथोकी/२८
- पुष्करराज भट्ट/२९
- गङ्गा कर्माचार्य पौडेल/३७
- रामेश्वर राउत 'मातृदास'/४२
- बोधराज पौडेल/४३
- शारदा पराजुली/४९
- प्रेम प्रभात/५२
- शोभना क्षेत्र/५३
- दामोदर पुडासैनी 'किशोर'/५४
- रामकुमार जिम्बा/५५
- रमेश समर्थन/५६
- वसन्तराज अज्ञात/५६
- जनार्दन खनाल/५७
- समिर कार्की/५७
- ज्यो. रत्ननिधि रेग्मी शुक्राचार्य/५८
- खिमानन्द पोखरेल/५९
- त्रिलोचन विहिन/६०
- राम उदित/६१
- पुनाराम गिरी/६२
- देवकी केसी/६२
- लक्ष्मण आचार्य/६३
- तुलसीनारायण चित्रकार/६३
- हृदयनारायण चौधरी/६४
- दुर्गा रिमाल (अधिकारी)/६४

# आँसुको आवाज



● राम विनय

राति ऊ अचानक बिउँझियो ।

कानमा सुँक्क सुँक्कको आवाज ठोक्कियो । आँखा खोल्यो । सोच्यो- "कसको आवाज हो ?"

बत्ती बल्यो । चिन्न गाह्रो परेन । नजिकै बिछ्यौनामा पल्टिरहेकी शर्मिला रोइरहेको रहिछे । नजिकै गएर सोध्यो- "के भयो शर्मिला ? नराम्रो सपना देख्यो कि क्या हो ? यति राति किन रोइ रहेकी ?"

सुँक्क सुँक्क गर्दै शर्मिला उठिन ओछ्यानबाट ।

उनले भनिन्- "मलाई साह्रै नरमाइलो र नमीठो लागिरहेको छ, यसपालिको हाम्रो यात्रा !"

"किन ? के भयो ?"

"पहिले त्यस ठाउँमा जाँदा केही पनि उपहारहरु लान सकिएको थिएन । कसैले बोलाउँदा र आफू खाली हात जाँदा आफैलाई असजिलो लाग्ने गरेको थियो । यस पटक त्यस्तो नहोस् भनेर दुई महिना अघि देखि सामानहरुको जोहो गरिएको थियो । निकै रकम खर्चेर सामान किनेर जम्मा गरियो । भर्खर किनिएका नयाँ नयाँ सामानहरु नयाँ सुटकेसमा राखिएको थियो । आफूले लगाउनु पर्ने नयाँ नयाँ लुगाहरु पनि त्यसैमा थपिएको थियो- उपहार दिनु पर्ने महत्वपूर्ण सामानहरुसमेत । आफूले लगाई राखेको लुगा बाहेक सबै लुगाहरु त्यसैमा थियो । आउँदा आउँदै त्यही राम्रो सुटकेस नै बाटोमा हराइदियो । यो कस्तो कन्तविजोग परेको होला भनेर मनमा साह्रै पीर पर्‍यो । राति निन्द्रामा पनि झसँग हुन्छ । त्यसैको मात्र सम्झना आउँछ । त्यसैले मन थाम्न सकिन । रुन मात्र मन लाग्छ, रोइरहेछु । आफै हराइरहेको जस्तो लागि रहेछ ।"

"हो त नि ! तिमीले भनेको ठीक हो । सात वर्ष अगाडि पनि हामी त्यसरी नै यात्रामा थियौं ! काठमाडौं एयरपोर्टमा जिम्मा दिइएका सामानहरु सकुशल एटलान्टा पुगेको थियो । काठमाडौंबाट बैंकक, बैंककबाट सिउल र सिउलबाट एटलान्टा (३६ घण्टा लगाएर पनि) सम्म सामान पुगेको थियो । सामान हराएको थिएन । यस पटक हुनु नहुनु भयो । बिजोग भयो ।"

"हाम्रो त हालत बेहाल भयो । के गर्ने होला जुनुको बा ?"

" ल, ल अब सुत । भोलि बिहान उपाय गरौंला ।"

निकै वर्षपछि अर्थात् झण्डै ७ वर्ष पछि तिनीहरु विदेश यात्रामा निस्केका थिए ।

काठमाडौंबाट दिल्लीसम्म जेट एयरवेज र दिल्लीबाट लण्डन हिथ्रो एयरपोर्टसम्म ब्रिटिस एयरवेजको टिकटको व्यवस्था गरिएको थियो ।

टिकट हात पर्ना साथ उसले टिप्पणी गरेको थियो- "खै, तिमीले इन्डियाको बाटो भएर बेलायत जाने टिकट त ल्यायौ । तर मलाई त शंका लाग्छ छोरा ! फेरि कुनै आपत्ति आइलाग्ने हो कि भनेर ।" उसको छोराले भनेको थियो- "दिल्ली भएर फर्कदा सजिलो हुन्छ भनेर त्यस बाटोको टिकट ल्याएको हो । अहिले दिल्लीमा त्यस्तो समस्या हुन्न होला ।"

छोराले जे भने पनि उसलाई पुरा विश्वास लागेको थिएन । टिकट ल्याइ सक्यौं । भुक्तानी

भइसक्यो । नाईनास्ती गर्ने कुरा पनि भएन । उसले पहिले इन्डिया भएर श्रीलंका जाँदाको कलकत्ता र मद्रासमा पाएको दुःख/कष्टलाई मज्जाले सम्झ्यो ।

०००

जाने बेलामा उसले सम्बन्धित ठाउँबाट बिदा लियो । जाने तयारी गर्‍यो । एयरपोर्टमा छोरा बुहारी र नातिनीहरु तथा शर्मिलाका भाइ, भदा र भदैनीहरुसमेत विदाइ गर्न पुगेका थिए । अभिभावकको विदाइमा तिनीहरुले आँखाभरि आँसु पारे । विदाइको फोटो खिचे ।

सामानहरु डोर्‍याएर शर्मिला र ऊ जेट एयरको टिकट काउन्टरमा पुगे । तौल गर्‍यो । उसलाई लागेको थियो- "२० किलोभन्दा बढी सामान लान दिंदैन भन्छन् । बढी सामानको थप रकम तिर्नु पर्ला !" तर कुरा त्यस्तो भएन । सामानसहित पासपोर्ट र टिकट काउन्टरमा दियो । सामान तौलियो । शंका लागेर उसले सोध्यो- "तौल ठीक छ ?"

"ठीक छ हजुर ! दुई वटा सुटकेस त हो । अरु झोला हातमा लिनु होला । यो सुटकेसको ट्याग र बोर्डिङ्गपास लिएर भित्र जानु होला ।" - काउन्टरको कर्मचारीले भन्यो ।

दुई वटा सुटकेसहरु जिम्मा दिएर ऊ आज्ञाकारी बालक जस्तो भइ बोर्डिङ पास लिएर भित्र पस्यो ।

विदेशमा जाँदा भर्नु पर्ने फाराम भर्‍यो । पासपोर्ट र बोर्डिङ पासमा सरकारी छाप लगाएको हेर्‍यो । देख्यो (छुटेको छैन) एक पटक त्यस्तो छाप बोर्डिङ कार्डमा भएको पासपोर्टमा नपरेर दुःख पाएको कुरा सम्झ्यो ।

एमिग्रेसन र सुरक्षा जाँच पछि उनीहरु प्रतीक्षालयमा गएर बसे । बाहिर पर्खेर बसेका छोराहरुलाई फोन गरेर सूचित गर्‍यो ।

ठूलो छोराले सोध्यो- "तौल मिल्यो ?"

"मिल्यो । सजिलैसँग सामान जिम्मा लियो । ट्याग दियो । समस्या त नपर्नु पर्ने हो । ल, तिमीहरु घर फर्के भयो । हामी प्रतीक्षालयमा छौं, जान्छौं । प्रतीक्षालयमा शर्मिला र ऊ जस्तै अरुहरु पनि बसेका थिए । सिधा लण्डन जाने त्यहाँ कोही पनि भए जस्तो लागेन ।

"दिल्ली भएर लण्डन जाने महानुभाव यात्रुहरु.... ढोकाबाट बसतर्फ प्रस्थान गर्नु होला"- माइकमा उद्घोषण गरेको सुनियो ।

सर्मिला र ऊ गेटतिर गयो । बोर्डिङ पास देखायो । बस तिर गयो । जेट एयरवेज र ब्रिटिस एयरवेजको यो यात्रा उनीहरुको लागि नौलो थियो । बोर्डिङ पास देखाउँदै जेट एयरवेजको ढोका भित्र पस्यो । हातमा लिएर आएको दुई वटा झोलाहरु जहाजको सामान राख्ने ढ्वाङमा घुसार्‍यो । ढुक्क भएर बस्ने ठाउँमा बसे ।

जहाज ठीक समयमा उड्यो । उनीहरुलाई चिन्ता थियो- "दिल्लीमा साता सात घण्टासम्म कसरी बिताउने होला ?"

०००

जहाजभित्र बसे । एक छिन पछि केही व्यक्तिहरु नेपाली भाषामा ठूलो ठूलो स्वरमा कराएको सुनियो । उनीहरु कुनै चिया पसल, चौतारीमा गफ गरेको जस्तो गरेर कराइरहेका थिए । बेतालमा कराएको उसलाई ठीक लागेन । टिप्पणी गर्न पनि मिलेन । विदेशीहरु भने चुपचाप यात्रा गरिरहेका र बोल्नु परे सानो स्वरमा बोल्थे । अघि लाइनमा बसेर फाराम भर्नेहरु थुप्रै थिए- सायद अरबतिर जानेहरु । सायद तिनीहरु नै होला कराउनेहरु ।

उनीहरुसँगैको सिटमा एकजना भर्खरको कलिलो केटो बसेको थियो । धरानबाट आएको रहेछ- बा आमालाई भेट्न जान लागेको भन्यो उसले । बढी कुरा गर्न नचाहानेसित कुरा गर्ने कुरा भएन ।

०००

ऊ दिल्ली एयरपोर्टमा ओर्लियो । लण्डन जाने गेट खोज्दै भौंतारिन थाले उनीहरु । एयरपोर्टबाट बाहिर जाने र अन्तर्राष्ट्रिय टावर जाने बाटो पत्ता लगायो । अन्तर्राष्ट्रिय टावरतिर लाग्यो ।

उसलाई लाग्यो- दिल्ली एयरपोर्ट निकै ठूलो छ भन्थे । हो रहेछ । हिंड्दा हिंड्दै खुट्टा दुख्ने । कहिले बिजुली मर्का भएर कहिले

खाली मर्का भएर उनीहरु दगुर्न थाले । खुट्टा दुखाएको शर्मिलाले यसपालि निकै दुःख पऱ्यो ।

तिनीहरु जेट एयरवेजको काउन्टरमा पुगे । लण्डन जाने काउन्टरमा पासपोर्ट र टिकट देखायो । "गेट नं. सोध्यो" - उसले । त्यहाँ बस्ने कर्मचारीले "माथि जानोस्" मात्र भन्यो ।

सुरक्षा जाँच भयो । पास भएर गए । त्यहाँ पनि लण्डन जाने कोही पनि देखिएन ।

०००

उसले बैंककबाट सिउल पुग्दा र जहाज फेरेर जानको लागि बाटोमा हिंड्दाहिंड्दै एकजना कोरियन भेट भएर यटलान्टा उडानको गेट नं. २ सोधेको थियो- ऊसँग । कोरियनले सहज तरिकासँग गेट नं. बताएको थियो र सजिलै पुगेको थियो- जाने गेटमा ।

उसले त्यसबेलाको समयमा कोरियनसित भएको कुरा सम्भेर दिल्लीको मानिस पनि त्यस्तै होला भनेर एकजना इन्डियनलाई सोध्यो- ब्रिटिस एयरवेजबाट लण्डन जाने गेट कता हो ?"

भेटिएको मान्छेले जवाफ दियो- "३६ वटा गेट छ । कता भन्नु ?" र ऊ लुरुक्क परेर सरासर आफ्नो बाटो लाग्यो ।

जाँदा जाँदा फेरि एक जना अर्को इन्डियन व्यक्ति भेट भयो । उसले भन्यो- "तपाईंसँग ब्रिटिस एयरवेजको फ्लाइट नम्बर होला । त्यसअनुसार टि.भि. स्क्रिनमा हेर्नुहोला पत्ता लाग्छ ।" उसको जवाफ उसलाई ठीक लाग्यो । "धन्यवाद" भन्यो ।

त्यसपछि उसलाई लाग्यो- "अब भने उपाय पत्ता लाग्यो ।" उसको आँखा स्क्रिननतिर पुग्यो । देख्यो- "ब्रिटिस एयरवेजको उडान २ बजे । गेट नं. १" असाध्यै खुसी लाग्यो ।

त्यही बाटोमा करयुक्त पसलहरुको लहर रहेछ । बाटोमा जाँदै गर्दा एकजना नवयौवनाले रोकेर सोध्यो- "सर ! केही लिन खोज्नु भएको हो कि ?"

"हो मलाई केही सामान लिनु छ । पहिले एयरवेजको गेट पत्ता लगाउँछु । त्यसपछि लिन्छु ।"

यति कुरा गर्दै गर्दा तरुनीसित कुरा गरेर भुल्यो कि भन्ठानिछन्- शर्मिलाले । कराउन थालिन्- "होइन किन यी तरुनीसित कुरा गर्नु परेको हो तपाईंलाई ? पहिले आफ्नो काम सक्नु नि ! कस्तो खालको मान्छे हो तपाईं ?"

"सामानको भाउ बुझेको हो क्या ! ल, ल, जाउँ ।"

"खुट्टा दुःखेर कस्तो भएको छ आफूलाई ?"

उसले पनि पसलका तरुनीलाई "ल अब भयो है ! पछि... ।" भनेर त्यहाँबाट निस्कियो ।

"नरिसाउ'न । रिसाउनु हुन्न क्या यस्तो ठाँमा ।"

"खुरु खुरु पुग्नु पर्ने ठाउँमा जाउँ । बसौं । त्यसपछि किन्नु पर्ने सामान पछि किनौंला ! "

उनीहरु बल्ल तल्ल गेट नं. १ लेखेको ठाउँमा पुगे । शर्मिला मेचमा बसिन् ।

उसले काठमाडौं र लण्डनमा फोन गऱ्यो- "स्थानीय फोनमा भा.रु. तिरेर ।" त्यपछि ऊ करमुक्त पसलमा सामान किन्न गयो- शर्मिलालाई त्यहाँ राखेर सामान हेऱ्यो । रकमको बिल दिने व्यक्ति नेपाली रहेछ । ढाका टोपी लगाएको उसलाई देखेर त्यो केटोले "तपाईं नेपाली हो ? भनेर सोध्यो ।

"हो ! ल समानको मूल्य रकम लिनोस् ।"

पसले व्यक्तिले २४ पाउण्डको बिल दियो । र प्रतीक्षालयमा फर्केर गयो । शर्मिला बसेको ठाउँमा ।

प्रतीक्षालयमा लण्डन जाने यात्रुहरु धेरै थिएनन् । उसलाई शंका लाग्यो । नजिकै कर्मचारीहरुलाई गएर सोध्यो- "के यो १ नं. लण्डन जाने गेट हो ।"

" हो ! हो ! यही हो ।" कर्मचारीले भन्यो ।

०००

पहिले पहिले बम्बई जाँदा, बैंगलोर जाँदा र मद्रास भएर कोलोम्बो जाँदा सबै समानका सुटकेसहरु जहाजमा राख्नुभन्दा

अगाडि सबै यात्रुहरुलाई बोलाउँथे र आफ्नो सामान एकिन गर्न लगाउँथे । यस पटक भने त्यस्तो केही पनि गरेन ।

थाइल्याण्ड र कोरियामा पनि यसपटक मटलान्टा जाँदा त्यसको सामान एकिन गर्न बोलाएन । "यो अन्तर्राष्ट्रिय उडान भएको हुनाले नसोधेको पनि हुन सक्छ ।" - उसलाई लाग्यो । त्यसैमा चित्त बुझायो ।

नजिकै एकजना ब्रिटिस/अमेरिकनजस्तो एकजना महिलालाई त्यहाँ प्रतीक्षालयमा देख्यो । उसलाई लाग्यो- "उनी पनि लण्डन जाने त होला कुरा गरौंन ।" नजिकै गयो ।

"हेलो ! तपाईंलाई ठीक छ ?"

"हेलो ! म ठीक छु ।"

"तपाईं कता जाने ?"

"म लण्डन जाने !"

"ए उसो भए तपाईंको घर पनि बेलायत हो ?"

"म अमेरिकन हुँ । बेलायती मान्छेसँग विवाह गरेको छु । मैले भूकम्पको विषयमा पीएचडी गर्दैछु । म भारतको बिहारबाट आएको हुँ । त्यसैको बारेमा अध्ययन/अनुसन्धान गर्न नेपालमा पनि जाने गरेको छु ।"

"अहो ! तपाईं त अनुसन्धान कर्ता ? नेपालको बारेमा धेरै जानकारी राख्नु भएको होला होइन ?"

"हो ! हो !"

"तपाईंको घर बेलायतमा कहाँ हो ?"

"इंग्ल्याण्ड र स्कटल्याण्डको बीचमा पर्छ । त्यो एउटा ऐतिहासिक ठाउँ हो । मेरी श्रीमती हाम्रा दुई जना बच्चाहरुसँग त्यहीँ बस्छे ।" विवाहमा लगाएको औंठी देखाएर उसले भन्यो ।

"तपाईंको श्रीमानले पनि पी.एचडी गर्दै हो ?"

"होइन । मेरो पीएचडी सकेर पछि उहाँले पीएचडी गर्नुहुन्छ । अहिले उहाँले काम गर्नु हुन्छ ।"

"तपाईंको भविष्य राम्रो होस् ।"

"धन्यवाद !"

समय बितेको थाहै भएन । मानिसहरु खासगरी अशक्तहरु कोही सानो गाडीमा, कोही ह्वील चियरमा आउन थाले । र, प्रतीक्षालयमा बस्न थाले ।

उसलाई त्यस बारेमा अवगत भएको थिएन । उनीहरुले पनि त्यस्तो साधन प्रयोग गर्न सक्थे । थाहा नपाएर व्यर्थमा दुःख पाए ।

बोर्डिङ्ग पास चेक गर्ने ठाउँ दुई वटा रहेछ- महिला र पुरुषको लाइन अलग अलग । बोर्डिङ्गपास लिएर उनीहरु लाइनमा लागे ।

"ब्रिटिस एयरवेजबाट लण्डन यात्रा गर्नु हुने यात्रुहरु जहाजभित्र प्रवेश गर्नुहोला ।" - माइकको उद्घोषणबाट सुनियो ।

शर्मिला र उ उठेर सुरुङ्ग जस्तो लाग्ने बाटो भएर जहाजभित्र पसे । सामान राखे, सिटको माथिल्लो भागमा ।

सँगै बस्ने साथी भारतीय रहेछ बंगाली । अमेरिका हिंडेको । खास कुरा भएन । खाना खाने सिट अगाडिको स्क्रिनमा समाचार हेर्ने, जहाज कता पुगिरहेको छ भन्नेबारेको गन्तव्यको नक्सा हेर्ने, मन लागे फिल्म हेर्ने, मन नलागे निदाउने गरेर समय बितेछ । शर्मिलाले झ्यालबाट हेरेर भनिन्- "हेर्नोस् त तल महासागर ! नीलो पानी ! बेलायत आइपुग्न लागेजस्तो छ ।"

उसले यसो घाँटी तानेर महासागरको विशालतालाई मज्जाले नियाल्यो । हिथ्रो विमानस्थल आइपुग्यो ।

केहीबेरमा जहाज रोकियो । बाहिर निस्कने बेला भयो । बाहिर निस्क्यो । एकजना महिला थिइन् । उसले अंग्रेजीमा भनिन्- "हामीलाई ह्वीलचियर चाहिन्छ ।"

उनले भनिन्- "म नेपाली हुँ बुबा ! हजुरहरुलाई लिन आएको ।"

"ए धन्यवाद !"

वास्तवमा छोरीले त्यो सबै व्यवस्था मिलाएकी रहिछ । खुसी लाग्यो । ह्विल चियरमा शर्मिला बसिन् र उनीहरु सामान बुझ्ने ठाउँमा पुगे । सामान कुरे ।

बल्ल बल्ल एउटा सुटकेस आइपुग्यो । अर्को सुटकेसलाई एक घण्टासम्म कुरियो ।

आएन । उनीहरुलाई खासगरी शर्मिलालाई ह्विल चियरको व्यवस्था गर्ने नेपाली चेली सानुले उसलाई सामान नआएको बारेमा उजुरी गर्ने ठाउँमा लगिन् । फारम भरेर दियो उसले । फाराम बुझ्ने ब्रिटिस एयरवेजका कर्मचारीले भन्यो- "सामान तपाईंको ठेगानामा भोलि आइपुग्नेछ ।" तिनीहरु ऊसँग बिदा भएर एयरपोर्टबाट पुग्नुपर्ने स्थानतिर लागे- लण्डनमा ।

उनीहरु पुग्ने ठाउँमा पुगे । सामानको सुटकेस पर्खे । भोलिपल्टदेखि सामान कुरे । आज आउला छैन । भोलि आउला छैन । शंका लाग्यो । किन होला ?

शर्मिलालाई लाग्यो- "कुन पापी, बद्मासले हाम्रो सुटकेसको राम्रो, नयाँ नयाँ सामान चोरेर लग्यो होला ?"

उसलाई पनि लाग्यो- सुटकेसमा हामीले टाँसेको ठेगानाको ट्याग खस्यो होला । कसको हो भनेर थाहा नभएर कतै मिल्काइ दियो कि ! २० केजीभन्दा बढी सामानको बढी मूल्य तिर्छु भनेको थिएँ । २५ किलो हुँदा पनि चार्ज लिएन । ठीक छ तपाईंहरु जानोस् भनेर सजिलै पठायो । कतै तिनीहरुको नियतमा नै खोट थियो कि ?"

उनीहरुले पछि सूचना पाए- "त्यो सुटकेस दिल्लीबाट लण्डन आएकै छैन ।"

उसलाई थप शंका लाग्यो- "काठमाडौंबाट नै नपठाएको हो कि ? यो त रहस्यमय पो लाग्दो रहेछ ।"

लण्डनमा सुटकेसको हुलिया दिएर त्यसभित्रको सामानको बारेमा समेत जानकारी दिएको थियो- उसले । त्यस्तो छुटेको सुटकेसमा त्यो हुलिया मिलेको थिएन । मिलेन ।

तोकिएको सामान हराएको क्षतिपूर्तिको लागि निवेदन दियो । हुलाकबाट निवेदन पठायो । इमेलमा त्यसबारेमा जानकारी प्राप्त गऱ्यो । उसको अलिकति भए पनि मन त हल्का भयो । तर शर्मिलालाई भने त्यस्तो भएन । क्षतिपूर्ति पाउने भए पनि त्यस सामानको महत्व बेग्लै छ । उनीहरुलाई लाग्यो ।

ओछ्यानबाट उठ्ने बेला भइसक्यो । शर्मिलाको आँखाबाट आँसु थामिएको थिएन ।

उसलाई पहिले उसको एकजना साथीले भनेको कुराको सम्झना भयो- "जो भयो ठीक भयो । हरायो त के भयो ? तिमी त हराएनौ ! एउटा ठाउँमा एकजना मानिस दुर्घटनामा परेछ । घाइते भएछ । उसको मानिसले उसलाई भनेछ- "ज्यादै राम्रो भयो !"

अर्कोले भनेछ- त्यस्तो दुर्घटनामा परेर मान्छे घाइते भएको छ- ज्यादै राम्रो भयो पो भन्छ । कस्तो पागल जस्तो मान्छे होला यो ? उसको मानिसले भनेछ- "तिमी दुर्घटनामा पऱ्यौ । मरेनौं । त्यही नै सबभन्दा राम्रो भनेको !"

यसो भन्दा उसलाई चित्त बुझेको थियो । यसै सन्दर्भमा उसले शर्मिलालाई सम्झाउँदै भन्यो- हेर शर्मिला ! मलेसियाको विमानमा सवार त्यति धेरै यात्रुहरु विमान समेत बेपत्ता भयो । अहिलेसम्म पत्ता लागेको छैन । मरे बाँचेको थाहा छैन । त्यति मात्र कहाँ हो र ! केही समय अगाडि मलेसियाकै विमान युक्रेनमा दुर्घटनाग्रस्त भयो । २९८ जना यात्रुहरुको निधन भयो । ती मानिसहरुका आफन्तहरुलाई कस्तो भयो होला ! सम्झ त ! हाम्रो त एउटा सुटकेस हराएको न हो । हामी त हराएनौं नि ! हामी सकुशल छौं । हामीसँगै छौं । यो नै सबभन्दा ठूलो कुरा हो ।

उसले शर्मिलाको अनुहारतिर हेऱ्यो । उनको आवाज कसैले सुनेजस्तो थिएन । र, पनि केही सम्हालिएको थियो- उनको मन ।

उसले कोठाको झ्यालको पर्दा हटायो । दुवैजनाले झ्यालबाट बाहिर चियाए । सुनसान लाग्ने ठाउँमा चरीहरु चिरविराइ रहेका थिए । घामको उज्यालोले सम्पूर्ण बस्तीलाई झम्काइरहेको थियो । विस्तारै शर्मिलाको आँखा र उसको मनमा उज्यालो फैलियो । उसलाई लाग्यो- आँसुको आवाज फैलिरहेछ । आँसुको आवाज कसैले सुनोस् कि नसुनोस् फैलिरहेछ । घाममा । जमिनमा । जुनमा आँसुको आवाज फैलिरहेछ ।

■

# भिखारी



● पशुपति न्यौपाने

सबैले उसलाई कान्छा भन्थे । म पनि कान्छा भन्थें । कान्छा दस/एघार वर्ष उमेरको, गहुँगोरो पातलो जिउडालको हँसमुख अनुहारको कलिलो केटो । हातमा कलम-कापी बोकेर स्कुल जाने बेला ऊ एउटा होटलमा भाडा माझ्थ्यो । लोकप्रिय होटेल थियो । यो एक भारतका तन्दुरी रोटी पकाइने छावाको दुरुस्त रुप थियो । सामान्य कर्मचारी, व्यापारी सर्वसाधारण, ठुलाबडा सबैको रोजाइमा त्यो होटल पर्न थालेको थियो । सबेरै झिसमिसेदेखि त्यहाँ चहलपहल सुरु हुन्थ्यो भने आधारातसम्म यो क्रम चलिनै रहेको हुन्थ्यो । दालफ्राइ, रोटी, मटरपनिर जस्ता थाहा छैन केके भारतीय परिकारहरू त्यहाँ पाक्थे । म हालसालै आचार्य तह पूरा गरेर सहरमै एउटा अंग्रेजी आवासीय माध्यमिक विद्यालयमा अध्यापन गर्थें । म साँझ बिहान त्यही होटेलमा खाना खाने गर्थौं । डेरामा पकाउने सरजामहरू त थिए तर सँगै बस्ने साथी र मैले विगत केही दिनदेखि त्यसै होटेलमा खाने निर्णय गरेका थियौं ।

पुसको महिना थियो । सारा चराचर कठ्याङ्ग्रिदो जाडोले छटपटाइरहेको थियो । पूरै धर्तीलाई कुहिरोको सेतो भुवादार बर्कोले ढोकेको थियो । चुराचुरुङ्गी गाईवस्तु लगायत सबै जीवजन्तु आ-आफ्नै गुँडगोठमा लुकेका थिए । मानिसहरू कताकति बाहिर निस्कन्थे । ती पनि कतै अफिस वा आ-आफ्नो व्यवसाय गर्न जानुपर्ने बाध्यताले मात्रै पाइला चाल्थे । त्यस्तै एक दिनको बिहान .... हामी स्कुल जानको निम्ति कोठाबाट बाहिर निस्कियौं । स्कुल जानुपूर्व हामी अलिक चाँडै नौ बजेतिर त्यसै होटलमा खाना खान्थ्यो र आफ्नो-आफ्नो स्कुलतिर लाग्थ्यौं ! मन्द मन्द चिसो सिरेटो चलिरहेको थियो । आज साता दिन भइसकेको थियो । सूर्यनारायणले दर्शन नदिएको । हामी होटलमा पुग्यौं । मधुर मुस्कानका साथ होटलका साहुले स्वागत गरे । हामीले सञ्चो-विसञ्चो सोधपुछका साथ औपचारिकताको निर्वाह गर्‍यौं । मानिसहरू भित्र बाहिर गरिरहेका थिए । होटल साहु व्यस्त थिए । अचानकः मेरा आँखाले त्यो कान्छालाई खोज्न थाले । विचराले यस्तो मुटु कमाउने चिसोमा कसरी भाँडा माझिरहेको होला । म सधैंजसो त्यो कान्छालाई थुरथुर... काम्दै माझेका चिसा भाडा बोकमेर भित्र पस्न लागेको देख्थैं तर आज त्यसको ठाउँमा अर्को एउटा पागल जस्तो भिखारीले माझिएका भाँडा लिएर भित्र पस्दै गरेको देखें । एकचाटि त्यो देश्य देखेर ती भाडाप्रति मेरो मनमा घृणा जाग्यो । त्यस्तो फोहोरी भिखारी जसले आफ्नो जिउ त राम्रोसँग सफा गरेको छैन, त्यस्तो भिखारीले माझेका भाँडा के सफा होलान् ? त्यसमाथि यस्तो जाडोको बेला समेत उसको जिउबाट दुर्गन्ध आइरहेको हुन्थ्यो भनेर मन कुँडिन थाल्यो । त्यस साहुमाथि पनि रिस उठ्न थाल्यो । उसले कति लापरबाही गरेको ? त्यस्ता मानिसबाट भाडा सफा गराएर होटेल व्यवसाय गर्ने भ्रममा कति मख्ख परेको होला

? एकचोटि तमुखै फोरेर भनूँ भन्ने लाग्यो फेरि आफ्नो आवेगलाई सम्हालें, अलि पछि भनौंला भनेर ।

हामी भित्र गयौं । मान्छेहरू टेबुल-टेबुलमा बसेर तात्तातो स्वादिष्ट परिकारको आनन्द दिए । कोही गफिँदै चियाको चुस्की लिँदै थिए भने कोही तात्तातो सुप पिएर जिउ तताइरहेका थिए । हामी होटेल वेटरलाई खाना लगाउने अर्डर दिई अलि सफाजस्तो देखिने टेबुलमा गई बस्यौं । मेरो विचारको तरङ्ग तट्यो । कारणः त्यो भिखारी जसलाई मैले पागल भन्ठानेको थिएँ, त्यो त एउटा असल मानसिक रुपमा स्वस्थ व्यक्तिले झैं व्यवहार गर्दै थियो । उसले माझेर ल्याएका ती भाडा बढो सावधानीपूर्वक त्यहाँस्थित च्याकमा सजाएर राख्यो अनि नबोली जान थाल्यो । त्यत्तिकैमा त्यो कान्छा आयो । उसले भिखारीलाई बोलायो । “ओए साले, रोटी खान्छस् ?’ भिखारी केही बशब्द ननिकालीकन त्यो कान्छालाई पुलुक्क हेर्‍यो अनि ‘हुँ’ गर्दै हात बढायो । त्यो कान्छाले दुईटा रोटीमा अलिकति तरकारी राखिएको दियो । अनि भन्न थाल्यो- “रोटी खाने भए साँझ पनि भँडा माझेस् है !! त्यो भिखारीले एक चोटि त्यो कान्छालाई पूरै निहार्‍यो अनि होटेलबाट बाहिरियो । त्यो दृश्य म निर्निमेष हेरिरहेको थिएँ । मेरो चेतनमा एउटै कुरा बारम्बार खेलिरहेको थियो । के त्यो भिखारीले दुई वटा रोटीकै लागि माझेको हो ? वा यसकै लागि यस्तो कठ्याङ्ग्रिदो पुसको कठोर जाडोलाई बेवास्ता गरेको हो ? म निरुत्तर थिएँ । मेरो विचारको तरङ्ग क्रियाशील नै थियो तर स्कुल जान समयले हतारो गराउँदै थियो । छिटो-छिटो खाना खाएर आ-आफनो बाटो लाग्यौं ।

साँझको खान खान हामी अलिक छिटो गयौं । मेरो त्यो भिखारीप्रतिको जिज्ञासाले मलाई अधिर गराउँदै थियो । संयोगवश त्यो भिखारी होटलको अगाडि बसेको रहेछ । विस्तारै बाहिरी वातावरण अँधेरिँदै थियो । मन्द-मन्द शीत लहरले चराचरलाई ठिठुराउँदै थियो । त्यो भिखारी काम्दै आफ्नै धुनमा मस्त थियो । म उसलाई नियाल्न थालेँ । ऊ अनुमानमा करिब तीस/पैंतीस वर्षको थियो । कालो वर्ण, खाल्टा-खुल्टी परेको अनुहार, बढेको दाह्री-जुँगा, पुरानो फाटेको मयल कटकटिएको ज्याकेट लगाएको, त्यस्तो शरीरको तल्लो भागलाई च्यातिएको मैलो पाइन्टले ढाकेको, खाली खुट्टा जिङ्ग्रिङ कपाल यही नै उसको बाह्य स्वरुप थियो । बिहानको उसको व्यवहारबाट मानसिक रुपमा ऊ योभन्दा असल रहेको मनलाई अनुभूति भयो । कारण, ऊ कुनै त्यस्तो पागलजस्तो व्यवहार दर्शाउँदैन थियो । खाली आफ्नै संसारमा रमाउँथ्यो । मानौं उसलाई यो स्वार्थी संसारप्रति तीब्र घृणा छ, आक्रोश छ जो ऊ मौन रुपमा विद्रोह गरिरहेको थियो । हामीले होटलमा प्रवेश गर्‍यौं । साँझकालीन खाना, नास्ता खाने ग्राहकहरू त्यहाँ आ-आफ्नै टेबुलमा मन लोभ्याउने नानाथरि व्यञ्जनको आनन्द लिइरहेका थिए । विस्तारै साँझ छिप्पिँदै गएको थियो । मैले कुकम्यानलाई खाना अर्डर गरें । नजिकैको टेबुल खाली रहेछ । हामी त्यहीँ बस्यौं । त्यो साँझ पनि भिखारीले नै भाँडा माझ्यो । मैले विचार गरेँ । के यो साँच्चीकै आफ्नै इच्छाले यस्तो अवस्थामा पुग्यो ? उसमा काम गर्ने जाँगर त छँदै छ फेरि ऊ किन भिखारीकै रुपमा दिन बिताइ हुनसक्छ, उसको मगज अलिकति खुकुलो छ तर खानैका लागि चाहिँ पक्कै यसरी भाँडा मझिरहेको नहोला ! यस्तो दृढता ममा पलाएपछि त्यै कान्छासँग सोधूँ त भन्ने लाग्यो । मैले कान्छालाई बोलाएँ, कान्छा कुकलाई सहयोग गर्दै थियो । भनेँ-

“कान्छा, यहाँ आऊ त,
त्यो भिखारीले किन भाँडा माझ्छ ?”
“खै थाहा छैन” उसले उत्तरदियो ।
“खाना त दिन्छौ होला नि ?’ मैले

भनें ।

"अँ, कै'ले आउँछ, दिन्छु, कैले आउँदै आउँदैन ।"

उसबाट यस्तो उत्तर आएपछि मेरो ध्यान कान्छाबाट हट्यो । पछि मैले यही विषयमा त्यो होटलको साहुसँग पनि कुराकानी गरें । साहुबाट मैले वास्तविक उत्तर पाएजस्तो लाग्यो किनकि उनले मेरो आशंकासँग मिल्दो उत्तर दिएका थिए । उनले भनेका थिए "यो भिखारीले केटालाई साह्रै माया गर्छ । केटाले यसलाई जति गाली गरे पनि, जे भने पनि केही भन्दैन । खान दिए नि नदिए नि साँझ-बिहान आउँछ । खुरुखुरु भाँडा माझ्छ । केही दिए खान्छ नत्र केही नबोली जान्छ ।"

साहुको यो कुरा सुनेर मलाई लाग्यो यो भिखारीले सायद, केटाको दुःखप्रति टीठ मान्यो । पारिजातको 'मैले नजन्माएको छोरो' कथा याद आयो । आज मैले मायाको अनौठो रुप देखिरहेको थिएँ । जे भए पनि ऊ एउटा भिखारी हो । समाजबाट अपहेलित पात्र, समाजका भद्र भनाउँदाहरूको घृणा सिवाय उसले केही पाएको हुँदैन तर पनि उसमा कतै संवेदना ! कति मानवतावादी ! यो समाजमा कथित शिक्षितहरूको मनमा त त्यो केटाप्रति, त्यसको दुःखप्रति कुनै हार्दिकता जागेन तर त्यो भिखारी जसलाई आजको सभ्य समाजले एउटा फोहोरी जन्तु ठानेर 'थु....थु.....' गर्छ, उसको मनमा त दया जाग्यो । वास्तविक मान्छे त ऊ रहेछ किनभने एउटा मान्छेको मनमा त अर्को मान्छेप्रति सहानुभूति जाग्छ, दया जाग्छ, माया जाग्छ । तर आजको मानिस त दिनानु दिन स्वार्थको कालो घेराले घेरिंदै गएका छन् । संवेदना, मानवता, भ्रातृत्व भन्ने कुरा त एकादेशको कथा हुन थालेको छ । यस्तै-यस्तै विचार तरङ्गले मलाई प्रताडित गरिरहेका थिए । मेरो मनमा त्यो भिखारीप्रति सम्मान जाग्यो । म भावविभोर भएँ । अर्को दिनको बिहान मैले त्यो भिखारीसँग कुराकानी गर्न खोजें । ऊ त्यही होटेलको अलि उता बसिरहेको थियो । आज घाम अलिअलि झुल्किँदै थियो । मैले भनेँ-

"दाइ, यता सुन्नुस् त ?"

ऊ केही बोलेन मात्र मतिर निर्निमेष हेरिरह्यो । मैले पुनः उसलाई प्रस्फुटित पार्ने प्रयास गरेँ । तर सायद उसले मलाई पनि आजको स्वार्थी समाजको मान्छे ठान्यो । त्यसैले उसले मेरो सम्बोधनलाई कुनै महत्वदिएन । हामी होटेलभित्र पस्यौं । आज मलाई अलिक हतारो थियो । स्कुलमा परीक्षाको तयारी गर्नु थियो । उसले आफ्नो काम सक्यो र सरासर आफ्नो बाटो लाग्यो । मैले कान्छामार्फत् पुनः ऊसँग कुराकानी गर्न खोजेँ तर कुनै फाइदा भएन । मेरो मनमा यो सम्पूर्ण सामाजिक व्यवस्थाप्रति नै घृणा एवम् आक्रोश उम्लिन थाल्यो । किन समाजमा मानिसहरू भिखारी हुन्छन् ? किन मानिसले मानिसलाई तुच्छ ठानेर अपहेलित गर्छ ? यो राज्यले किन हरेक नागरिकलाई गाँस, बास, कपासको प्रत्याभूति गर्न सक्दैन ? तर विडम्बना मेरा ती विचार सुन्ने पनि त्यो ठाउँमा कोही थिएनन् । मैले यो विचार कसैसामु राखे मलाई नै पागलको संज्ञा दिन बेर लाग्दैनथ्यो । त्यसैले आफ्नो विचारको घाँटी निमोठ्न म बाध्य थिएँ ।

केही दिनपछि त्यो कान्छो होटल छोडेर भागेछ । हुनसक्छ, उसले त्यो दुःख सहन सकेन । त्यो कान्छो कहाँ गयो होला भनेर मैले त्यो होटल साहुसँग सोधेँ । उनले अनभित्रता जाहेर गरें । केटाको जवाइसँगै त्यो भिखारी पनि आउन छोड्यो । उसको जीवनको अघिल्लो पाटोबारे थाहा पाउने मेरो इच्छा कुण्ठित भयो । मैले चाहेर पनि त्यो भिखारीलाई भेट्टाउन सकिनँ । प्रकृतिको लीला पनि विचित्रको छ भन्ने विचार गर्दै म आफ्नो दैनिकीमा रमाउन थालें ।

■

# दुई लघुकथा



● विश्वराज अधिकारी

## डेटिंग

म लुजियाना स्टेटको एक युनिभरसिटीमा अध्ययनरत थिएँ । मेरो एम बि ए को पढाइ सकिन केवल एक सेमेष्टर मात्र बाँकी थियो । त्येही सेमेष्टरमा मैले संगठन र व्यवहार विषय अन्तरगत पेपर प्रजेन्ट गर्नु पर्थ्यो । पेपर प्रेजेन्ट गर्नका लाग म जुन ग्रुपसँग आवद्ध थिएँ त्यस ग्रुपमा अन्य चार सदस्यहरु थिए ।

विस्तृत अध्ययन पछि हाम्रो ग्रुपले ' पारिवारिक निर्णयमा दक्षिण एशियाली महिलाहरुको भूमिका' विषयमा पेपर तयार पार्‍यौं ।

निर्धारित दिनमा प्रोफेसर स्टिफेन टटारो र कक्षाका अन्य विद्यार्थीहरु समक्ष त्यो पेपर प्रस्तुत गर्‍यौं । मेरो पालोमा मैल मेरो भागमा परेको विषयमा बोले । मैले बोले पछि टिचर एवं विद्यार्थीहरुले पेपर प्रस्तुतकर्तालाई प्रश्न सोध्ने कार्यक्रम अनुसार मलाई प्रोफेशर टटारोले प्रश्न गरे, "प्रदिप, डिड यु डेट बिफोर योर मैरिज"

"नो, आइ नेभर डिड डेटिंग बिफोर मैरिज ।"

"भेरी इन्टरेष्टिंग" प्रोफेशर टटारोले भने ।

"आइ स माई वाफ वन्ली अन द डे अफ वेडिंग । बिफोर वेडिंग वी बोथ वेयर अननोन टु इच अदर ।" मैले प्रष्ट पारे ।

प्रोफेशर टटारोले प्रश्न गरे, "द ओमन विथ हुम यु वेयर गोइंग टु लिभ टुगेदर एण्ड पास द होल लाइफ, यु नेभर स बिफोर वेडिंग । इज इट पसिबल ?"

"यस इट इज पसिबल । एण्ड नट वोनली मी, मोस्ट अफ अल नेपाली ब्याएज एण्ड गर्लस् डु द सेम ह्वाट आइ डिट ।"

मेरो कुरा सुनेर कक्षा कोठामा उपस्थित सबै जना हाँसे । मलाई पनि हाँस्न मन लाग्यो ।

आफूले बिहे गर्ने केटा वा केटीलाई बिहेको दिन मात्र हेर्न पाउने स्थितिप्रति मलाई पनि हाँसो उठ्यो ।

## चित्रा जी

शिकागोको डेभन मारकेट नजिक रहेको एक आवासिय घरमा म पुगेको थिएँ । एक भारतीय मित्र, अबधकिशोरले उनको छोराको विवाह भोजमा सरीक हुन बोलाएको हुनाले म त्यहाँ पुग्नु परेको थियो । आमन्त्रितहरुमध्ये म मात्र नेपाली भाषी परेको हुनाले हामी बीच कुनै बेला हिन्दीमा कुनै बेला अंग्रेजीमा कुराकानी भइ रहेको थियो ।

कुराकानी भइरहेकै क्रममा मेरो मित्र श्रीवास्तवले मलाई एक महिलाको नजिक पुर्‍याए अनि भने, "ये मेरी मौसी की लडकी चित्रा है । दिल्ली से आई है । कहती है पूरा अफ्रिका घुमना है । इसको क्या पता अफ्रिका कितना बढा है । बहुत भोली है ये । ?

यति भनेर श्रीवास्तव जी केही क्षण हाँसे ।

"भैया, आप को त लगता है मुझे अफ्रिका के बारे मे कुछ मालुम ही नही है । किसी को उडाना त कोइ आप से सिखे ।" एक छिनसम्म हामी सबै हाँस्यौ ।

तर मलाई चित्रा नामले झस्क्यायो । म सैंतीस वर्ष पहिलेको बीरगंजमा पुगें ।

चित्राको नजिक पुग्दै मैले भने, "सुनिए, कही आप वो चित्रा तो नही जो सैंतीस साल पहले दिल्ली से बीरगंज आइ थी" और आने का वजह था आप की कोइ दोस्त की सादी मे शरीक होना था ?

श्रीवास्तव जी हामी भन्दा केही पुगेर अन्य आमन्त्रितहरुसँग कुरा गर्ने थाले । हामी बसेको सोफामा म र चित्रा मात्र बाँकी हुन पुग्यौ । चित्रा र म एउटै सोफामा बसेको भएता पनि सोफाको दुई छेउम हामी बसेका थियौं । चित्रा केही सरेर मेरो अलि बढी नजिक भइन । मैले मात्र सुन्ने गरी बिस्तारै भनिन् "आप ने मुझे पहचाना तो सही । लेकिन बहुत देर मे पहचाना। जी हाँ, मै वही चित्र हुँ जो आप से तीस चालिस बरष पहले बीरगंज मै मिली थी । जब आप अन्दर आए और मेरे भैया से बाते की, तब ही मैने आपको पहचान लिया था ।"

"वो कैसे, चित्रा जी ?" मैल कुरा काट्दै प्रश्न गरें ।

मेरो प्रश्नको जबाफ दिनुको साटो उनले एउटा गीत मधुर आबाजमा गाइन, "नाम भूल जाएगा चेहरा ऐ बदल जाएगा मेरी आबाज ही पचहान है गर याद रहे ।"

यो गीतको केही पंक्ति गाएर चित्रा हाँस्न थालिन । म पनि हाँस्न थाले । हामी हाँसेको देखेर श्रीवास्तव जी हाम्रो नजिक आए । उनले भने, "मोहन जी आप तो चित्रा से ऐसे बाते करने लगे कि लगता है जैसे से बहुत पुरानी जान पहचान हो ।"

सैंतीस वर्ष पहिले बीरगंजमा, आफ्नो साथीको विवाहमा चित्रा दिल्लीबाट आएको बेला हामी एक अर्कासँग परिचित भएका थियौ । सामान्य परिचय निकै अगाडि बढेर घनिष्टतामा रुपान्तरित भएको थियो । त्यति मात्र होइन, चित्राले विवाह हुन थालेकी मेरी साथीकी बहिनी निशा मार्फत मलाई प्रेम प्रस्ताव पठाएकी थिइन । मैले उनलाई, मन नपराएर होइन, आँट गर्न नसकेर सकारात्मक जवाफ दिन सकेको थिइन । एक हप्ता पछि नै चित्रा दिल्ली फर्केको हुनाले यो कुरा उनलाई प्रष्ट पार्न म असमर्थ भएको थिएँ ।

श्रीवास्तव जी हाम्रो छेउमा भएको हुनाले, न त मैले, न त चित्रले, सैंतीस वर्ष पहिलेको त्यो घटना बारे पुनः चर्चा गर्न सक्यौं । ■

# तीन लघुकथा

– डा. कपिल लामिछाने



## नदी र जीवन

ऊ जीवनको अर्थ खोज्दै भौंतारिदै थियो । यता-उता अर्थ खोज्दै ऊ नदी किनारमा पुग्यो । छेउमा उभियो । नदीलाई हेऱ्यो । नदीबाट अञ्जुलीमा पानी लियो । खायो । तिर्खा मेट्यो ।

देख्यो, नदी त अविरल बगिरहेको छ । नदी त्यही थियो, तर पानी त्यही थिएन । पानी त पलपल फेरिइरहेको थियो ।

उसले सोच्यो- निरन्तर बगिरहनु नै जीवन रहेछ ।

## ढुङ्गा र म

'ऐ ! या !' ढुङ्गामा ठेस लाग्यो । म एक्कासि कराएँ ।

हेरैं, बाटाका छेउमा फालिएको ढुङ्गा रहेछ । यसले मेरा खुट्टामा चोट पुऱ्यायो । मेरो एकनासको सोचाइ भत्कायो । रिसाएँ । थुर्कें । तल गुल्ट्याइदिन मन लाग्यो, तर रोकिएँ ।

मैले सोचें- तगारो नेर सिँढी अग्लो भएको छ । यसलाई लगेर हालें भने एक खुड्किलो बन्नेछ । आउजाउमा सजिलो हुनेछ ।

नभन्दै कुनै बेला मेरा गोडामा ठेस लगाउने ढुङ्गा अहिले मेरो खुड्किलो बनेर हामीलाई आउजाउमा सजिलो तुल्याइरहेछ ।

## ढुङ्गा र पोखरी

पोखरीको छेउमा टुक्रुक्क बसैं । पोखरी गहिरो र पानी सङ्लो थियो । अनायास ढुङ्गा फालें । ढुङ्गा एउटा अलिक ठूलो थियो भने अर्को सानो ।

अहो ! ठूलो ढुङ्गा हान्निँदै पिँधमा पुग्यो र त्यसले त्यहाँको हिले जमोटलाई उछिट्यायो । पानी धमिल्यायो । सानो ढुङ्गा भने विस्तारै पिँधमा पुग्यो र शान्त भयो ।

सङ्लो पानीको छेउमा बसेर म हेरिरहें । अझै पनि हेर्दै छु । ■

# आहा कति गुनिला यी जापानी ...!



● विजय चालिसे

परदेश पुगेपछिको पाँचौं विहान ओछ्यान छाड्दा २०६८ साल असोज ११ गतेको सूर्यले छरेको कोमल प्रकाशले पूरै साम्राज्य फैलाइसकेको थियो । मध्यरातसम्म जागेर विहान अबेरै व्युँझने महानगरीय अभ्यासले जापान आएदेखि नै हामी पनि धेरथोर प्रभावित हुने नै भयौं । घरमा छँदा चारै बजे उठेर पाँच बजे प्रातःभ्रमणमा हिँडिसक्ने म, यहाँ आएर अल्छी भएको थिएँ । ओछ्यान छाड्दै सात बज्थ्यो । अनि चियानास्ता पछि केहीबेर नजिकैको पार्क घुम्यो, फर्केर खानापिनपछि केही बेर आराम गऱ्यो र त्यसपछि कतै नयाँ ठाउँ घुम्न हिँड्यो । टोकियोबाहिर जाने कार्यक्रम नहुँदा प्राय यही थियो मेरो टोकियो बसाइको दैनिन्दिनी ।

साँझ पाँच बजेतिर आलोकको अफिस पुगेर त्यतैबाट टोकियो टावर जाने कार्यक्रम मात्रै थियो आज । त्यसैले मध्यान्हतिर हामी आलोकको अफिस रोपोङ्गी तिर लाग्यो । मिनातो उपनगरको सर्वाधिक चर्चित ठाउँ थियो यो । मिनातो आफैं सम्पन्न उपनगर त्यसमाथि विदेशीहरूको अकर्षणको थलो ! विदेशी दूतावास र अन्तराष्ट्रिय अफिसहरूको सञ्जाल थियो यस सहरमा । रोपोङ्गी पनि हाम्रो ठमेलजस्तै अति प्रसिद्ध थियो जापानभर ।

म बसेको ठाउँबाट जता जान पनि सिबुया स्टेसन भएरै जानु पर्थ्यो । त्यसैले रोपोङ्गी जानो क्रममा सिबुया स्टेसन पुग्यौं हामी मध्यान्हतिर । अगिपछि पनि आवत जावत गर्दा एबुसु गार्डेन ठाउँठाउँमा झरना र फोहराको कृत्रिम जलप्रपात फालेर मोतीमालाझैं स्वेतलहर छरिरहेको देखिन्थ्यो । अनि स्टेसनको तिलस्मी संजालबाहिर सयौं दर्शक लिँदै विश्वप्रसिद्ध कलाकारहरूका मूर्तिका साथै सुन्दर प्रकृतिको आनन्द लिइरहेका हुन्थे । धेरै प्रसिद्ध कलाकृति देखिन्थे त्यहाँ - कलाकार ताकेसी सुचितानीको हात मिलाइरहेका मानिसहरू, अगस्ते रोदिनको जेनी दु रेपोस इटर्नल र अन्तोनियो बोरडेल्लेको आदि आदि । अरू अरू आकर्ष थिए जापानी कलाकार जो नागाहाराको पल्फाइङ क्रोसियन्ट, क्योक्यो कुमाइका से म्यान ना यु ता र मिनो शिरीको विन्डोज । केन्जी पमिसावाको वियोन्ड द कस्मोस, एरिस्टोडे मइलोटको पोमोने डूपी, हिरोसी मासुदाको वियोन्ड द बाल्कोनीदेखि मारी नोगुचीको फोनिक्स इटर्नल क्रिएसन शीर्षकका अनेकौं स्कप्चर वरितपरि दर्शक उत्तिकै झुत्तिरहेका देखिन्थे । एबुसु गार्डेन छेउकै मेट्रोपोलिटन म्युजियम त आफैंमा उल्लेख्य हुने भइहाल्यो ।

स्टेसनकै रमाइलोमा भुलियो धेरैबेर । हुनपनि स्टेसन आफैंमा एउटा सानो संसार थियो, इन्द्रजाली भुलभुलैयाको संसार । माकुराको जालोजस्तो थियो यो । अलि ख्याल गरिएन भने हामीजस्तो नौलो मान्छे त्यसै हराउने ।

गर्भगृहदेखि तलामाथि तला !

भवनबाहिर निस्कनै लाग्दा हाम्रो आँखा स्टेसनभित्रको एउटा भित्तोले राम्रैसँग तान्यो । भित्तोको वारपार विशाल भित्तिचित्र थियो- र सुन्दर म्युराल ! अलिकति कलाचेत भएका जोकोहीलाइ जादुझैं आकर्षित गरिहाल्थ्यो यो "द मिथ अफ टुमोरो" शीर्षक कलाकृतिले !

चित्रसँगै अङ्कित थियो सामान्य विवरण । आणविक बमद्वारा क्षतविक्षत मानव शरीरको प्रतीक थियो यो चित्र । साथमा तीनवटा आकर्षक अभिव्यक्ति थिए -"द मिथ अफ टुमोरो" ! "कला जादू हो" र "कला विष्फोट हो" । कलाकार थिए तारो ओकामोतो (१९११-१९९६) । तीस वर्ष मेक्सिकोमा बिताएर सन् १९६९ मा जापान फर्केपछि बनाएका रे उनले यो चित्र । लगभग आधा दशकदेखि नै स्टेसनको आकर्षण बन्दै आएको छ यो । आहा कति सुन्दर चित्र !

जापानी कलामा रहस्यवादका बारे गहिरो अध्ययन गरेर उनले दुईवटा महत्वपूर्ण ग्रन्थ पनि लेखेका रहेछन् । जापानमा रहस्य (क्जष्लउष ल्ष्जयल) र जापानको पुनःआविष्कार तथा कलाको रेखाङ्कन (ल्ष्जयल क्बष(जबपपभल( न्भष्वगतकगँगमयपष) शीर्षक दुईवटा महत्वपूर्ण कृति पनि प्रकाशित रहेछ उनको । उनैले बनाएका अर्को कृति ओसाका एक्सपो-७० को प्रतीक चिह्न बनेको थियो । "टावर अफ द सन" शीर्षक प्रसिद्ध कलाकृतिको तल्लो खण्डले मानवजातिको भूत, बीचको खण्डले वर्तमान र माथिल्लो खण्डले भविष्यको दिग्दर्शन गराएको छ । अहिले पनि टोकियोको एक्सपो स्मृति पार्कको केन्द्रमा देख्न पाइन्छ यो ।

जापान हामीजस्तो होइन । आफ्नो सभ्यताका उन्नायक साहित्यकार-कलाकारको सम्मान गरेर कृतज्ञता जनाउन रत्तिभर पछि पर्दैन । त्यसैले त तारो ओकामोतोको स्मृतिमा टोकियोको कावासाकी नगरले सिङ्गै सङ्ग्रहालय निर्माण गरेको छ- तारो ओकामोतो म्युजियम !

त्यो देख्दा मेरो मनमा जता हेऱ्यो शासक र नेताहरूको सालिक, प्रतिष्ठान र तिनका लागि सरकारी बजेटको रेलो देखिने आफ्नै देशको सम्झना आयो । त्यहाँ परिवारजन र जनस्तरले स्थापना गरेका साहित्यकार-कलाकारका प्रतिष्ठान, स्मारक, सालिक आदिको संरक्षणमा समेत स्थानीय भलाद्मी भनाउँदा र शासकहरूको अनुदारपूर्ण कृतघ्नता सधैं नै बिझाइरहेरहन्छ । हामीकहाँ सरकारले सम्मानको नाउँमा वर्सेनी आर्थिक सहयोग बाँड्छ, नबाँड्ने होइन । साहित्यिक पुरस्कारहरू पनि प्रदान गर्छ । तर ती सहयोग, ती पुरस्कार पाउन योगदान होइन, शासनको बाग्डोर समालिरहेको दलको कोटेरीभित्रको साहित्यकार-कलाकार कार्यकर्ताको पहिचान चाहिन्छ । कति कृतघ्न छ मेरो देश, जहाँ साहित्यकार-कलाकारको मूल्याङ्कन समेत योगदानले नभएर दल र तिनका प्रभावशाली नेता निकटको कोटाले निर्धारण गर्दछ ।

त्यो चित्ताकर्षक भित्तिचित्रको आकर्षणबाट मुक्त भएर हामी स्टेसन भवनबाहिर निस्कियौं । अब हाम्रा पाइला अग्रसर थिए हाचिको पार्कतर्फ ! ए...यही पो रहेछ कतै कुनैबेला अत्यन्त भावुक भएर पढेको-हेरेको एउटा स्वामीभक्तिको अभूतपूर्व दृष्टान्त कथा र चलचित्रको रचनागर्भ ! त्यही हाचिको नामको एउटा स्वामीभक्त जापानी कुकुरप्रति कृतज्ञता प्रकट गर्न बनाएका रहेछन् जापानीहरूले यो पार्क । त्यो देखेर उनीहरूको कृतज्ञता ज्ञापन गर्ने उदारमना शैलीप्रति फेरि एकपटक नतमस्तक बनाएको थियो हामीलाई ।

त्यही देखेर लक्ष्मीको मुखबाट निस्किएको थियो- आहा...कति गुनिला यी जापानी !

सिबुयासँग अभिन्न रूपमा गाँसिएको थियो 'हाचिको' । उसैको नाउँमा बनेको यो पार्क सिबुयासँग नगाँसिने कुरै झन् भएन ! 'हाचिको' मानिस थिएन । थियो मानिसभन्दा पनि भरपर्दो

र इमान्दार मित्र ! यस्तो मित्र जो मित्रको हात र साथ कुनै हालतमा छाड्दैन । छुकेन हाचिको नामको त्यही स्वामिभक्त कुकुरको सत्य कथा सुनाइरहेको थियो पार्क ।

अकिता प्रिफेक्चरको ओदाते नगर नजिकैको एउटा फार्ममा जन्मेको थियो हाचिको । त्यसैले त्यहीँबाट सुरु हुन्छ हाचिकोका सत्यकथा । टोकियो विश्वविद्यालयको कृषि विभागका प्राचार्य हिदेसाबुरोले उसलाई ओएनो ल्याएपछि सुरु हुन्छ उसको यो स्वामीभक्तिको कथा । उनी बिहान बेलुका अफिस जाँदा र फर्कँदा हाचिको पनि बिहान बेलुकै सिबुया स्टेसन पुग्दोरहेछ लिन-पुऱ्याउन ।

दुर्भाग्य, प्रोफेसर हिदेसाबुरोलाई एकदिन विश्वविद्यालयमैं मस्तिष्कघात भएर अस्पतालमैं प्राण छाडे । हाचिको भने मालिक आउलान् भनेर स्टेसनबाहिर पर्खिनै रहेछ । विचरो उसलाई अब मालिक कहिल्यै फर्कँदैनन् भन्ने के थाहा ? एक सेकेन्डलाई पनि छाडेन उसले त्यो ठाउँ । नमरुन्जेल नै पर्खिरह्यो बिचरो ! स्टेसनमा नियमित आउने जाने यात्रीहरूको ध्यान बिस्तरै हाचिको तर्फ तानिँदै गयो, तिनैले दिएको खानेकुरा खाएर ऊ केही दिन बाँच्यो ।

त्यही बेला ओएनो विश्वविद्यालयका एकजना पूर्व विद्यार्थीले हाचिकोको स्वामीभक्तिका सम्बन्धमा लेख छपाएछन् । अनि त के थियो र, उसको स्वामीभक्तिका बोरमा एकपछि अर्को लेख-समाचारहरू छापिँदै गए । १९३२ मा टोकियोको प्रतिष्ठित राष्ट्रिय दैनिक 'आसाही सिम्बुन' ले उसको अपूर्व स्वामीभक्तिका बारेमा छापेपछि त जापानभर हाचिकोलाई नचिन्ने कोही भएन ! अनि राजादेखि रङ्कसम्मको परिचित बन्दै गयो । तर त्यसरी कति दिन बाच्नु । केही दिनपछि मालिक पर्खँदा पर्खँदै हाचिको मऱ्यो स्वामीभक्तिको अभूतपूर्व छाडेर, सिबुया स्टेसनको सडकछेउको यही कुनोमा ।

आहा कस्तो समर्पण, कस्तो स्वामीभक्ति ! टोकियाबासी पनि इमान्दारीको कदर गर्न चुक्दैनन् । कृतज्ञता प्रकट गर्न पछि पर्दैनन् । त्यसैले १९३४ को अप्रिलमा हाचिको जीवित छँदै उसको सम्मानमा ढलोटे सालिक स्थापना गरे ! यो मात्र होइन, अरु पनि छन् उसको स्वामीभक्तिको सम्मान गर्दै राखिएका सालिकहरू ! ऊ जन्मेको ठाउँ नजिकै ओदाते स्टेसन लगायत अरु धेरै ठाउँमा ।

ढलोटद्वारा बनेको हाचिकोको पाइलाछाप प्रतीकचिह्न थियो, सिबुया स्टेसन बाहिर हाचिकोले आफ्नो मालिकलाई पर्खने गरेको ठाउँमा ! वर्षेनी ८ अप्रिलको दिन हाचिकोको सम्झनामा त्यहाँका स्थानीय मानिसहरू हाचिको पार्कमा भेला हुन्छन् र उसप्रति सम्मान अर्पण गर्नेगर्छन् ।

सिबुया स्टेसनको पश्चिमोत्तर कुनोमा स्टेसनसँगै जोडेर बनाइएको यो हाचिको चोकको सालिक अगाडि उभिएर हामीले पनि उसको सम्मान र सम्झनामा फोटो खिचायौं ! चोक मानिसहरूलाई भेटघाट, समय कटनी र कुराकानीको अवसर दिएर असाध्यै रमाएको देखिन्थ्यो । पार्कको छेवैमा सिबुयाको चौबाटोमा वारपार गरिरहेका हजारौं मानिसको हुलले मानव सागरको भान गराइरहेको थियो । ओहो, कति विशाल मानवसागर ! मानौं सिंगो टोकियो उर्लिएको छ यो चौबाटोमा । साँच्चै हेर्न लायक थियो त्यो मानवसागर ।

अब रोपोङ्गी आलोकको अफिस पुग्न हामीसँग धेरै समय बाँकी थिएन । रोपोङ्गी पुग्ने दुई विकल्प मध्ये रेल नचढेर बस समात्यौं सीता साथै भएकीले पुग्न कुनै समस्या थिएन ।

रोपोङ्गी ! छवटा रुख भन्ने बुझाउँदोरहेछ रोपोङ्गीले । सन् १९६०को दशकदेखि लोकप्रिय बन्दै गएको रे यो ठाउँ अहिले विदेशीहरूबीच प्रिय थियो । नगरभित्रको एउटा सानो उपनगर बनेको थियो अहिले यो टोकियो मिड टाउन ! मिडटाउन टावर र रोपोङ्गी हिल रोपोङ्गीका दुई बलिया खम्बा थिए सांस्कृतिक कम्प्लेक्स, कला संग्रहालय, थिएटर र टेलिभिजन प्रसारण स्टेसन, सिनेमा घर

आदिले सांस्कृतिक थलोको रूपमा विकसित तुल्याएका थिए रोपोङ्गी हिल्सलाई ।

डेढ दशक जति मात्र भयो इजुमी गार्डेन टावर र रोपोङ्गी हिलमा क्षेत्रमा गगनचुम्बी भवन सञ्जाल निर्माण हुनथाल्यो । छवटा कलात्मक गगनचुम्बी भवनहरूको विशाल समूह थियो रोपोङ्गीको सबैभन्दना अग्लो भवन मिडटाउन कम्प्लेक्स । कार्यालय भएका भवनहरूमध्ये टोकियोमैं सबैभन्द अग्लो यो भवन झन्डै साढे दुई सय मिटर अग्लो थियो । अङ्ग्रेजीको एम आकारमा बनेको भवनभित्र जमिनमुनि पाँच र जमिनमाथि ५४ तला थिए । आलोक यसैको ४२ औं तलामा रहेको हेक्सकोडमा काम गर्थ्यो । सर्वसाधार आगन्तुकलाई यसको तेत्तीसौं तलाभन्दा माथि जान, बाहिर हेर्न र फोटो खिच्न निषेध रहेछ । हामीले छोराको अफिस हुनुको फाइदा उठायौं र उसकै साथ लागेर ४२ औं तलाबाट पनि कैद गऱ्यौं बाहिरको दृश्य । लगभग अढाइ किलोमिटर परको टोकियो टावर र टोकियो सहरको विहङ्गम दृश्य कैद भए क्यामराको स्मृतिमा ! यो पनि यथार्थमा नियमभङ्ग नै थियो । आखिर नेपाली न हौं, यस्ता सानातिना कुरामा कहाँ पो नियम हेर्छौं र ?

राम्रा मात्र हुँदैनन् सबैको सबै कुरा । हो, रोपोङ्गी पनि कुनै बेला केही कुरामा वदनाम थियो रे । संगठित अपराधि समूह ‘याकुजा’ को गढ रहेछ त्यतिबेला । त्यो समूह यताबाट अन्यत्र छरिएपछि यो ठाउँ जापानकै अत्यन्त प्रतिष्ठित र महँगो ऐयासीपूर्ण थलो बन्दै गएछ । विदेशी आकर्षणको प्रमुख केन्द्र ! टोकियो मिडटाउन जापानी युवाहरूको समेत “ड्रिम” थियो , आहा टोकियो मिड टाउनमा काम गर्न पाए यस्तै सपना पाल्छन् रे जापानी युवा !

हेर्दा हेर्दै रोपोङ्गीको मिडटाउन मैं साँझको छ बजिहाल्यो । आज बाहिरै खाना खाने योजना थियो । अफिसबाट निस्केर भारतीयले चलाएको “सिया साउथ इन्डियन होटेल” मा खानाएर लाग्यौं टोकियो टावरतिर । नजिकै भएकोले मेरो हिँडेरै पुग्ने प्रस्तावमा लक्ष्मीको पनि सहमति मिल्यो ।

हिँड्दा नयाँ ठाउँ र नयाँ नयाँ कुरा देखिन्छन्, ती ठाउँको अन्तरङ्ग परिचय पनि पाइन्छ । नभन्दै मिड टाउन टावरको केही उता देखियो- एउटा विशाल सोरुममा न्याना लुगामा लुटुपुटु पारेर राखिएका कुकुरका अनेकौं मायालाग्दा छाउराहरू ! हरेकको छेउमा मूल्य सूची टाँसिएको थियो । ती छाउराहरू विक्रिका लागि राखिएका हुने भन्ने अनुमान गर्न कठिन थिएन । तिनका छेउ छेउमा टाँसिएका एक लाख डेढ लाखसम्मका मूल्य सूची देख्दा हामी सबैले जिब्रो टोकेका थियौं । आहा कति भाग्यशाली यी कुकुरका छाउरा ! दूधभात खाएर न्याना लुगामा लुटुपु गरिहेका यिनलाई देख्दा मेरा आँखा अगाडि ईँटाभट्टादेखि सडकको धूलोमैलोमा भविष्य खोजिरहेका शिशुहरूको अबोध आँखाले लेखेटिरह्यो ।

आठ बजेतिर खाना खएर हिँडेका थियौं, लगभग आधा घन्टामा पुगियो टोकियो टावर । सिन्दुरे रंगको नियनलाइटको उज्यालोमा नुहाएको टोकियो टावरको राजसी छटा हेर्नेहरूको भीड बाक्लै थियो । हुन त सिंगो टोकियो नै बत्ती नै बत्तीको उज्यालोमा नुहाएर उज्यालोकै महासागरजस्तो देखिन्थ्यो रातमा । रातको टोकियोलाई यही टावरबाट बीस वर्ष अगि नियालिसकेकोले रातमा नभएर दिनमा चढ्ने चाहना जाग्यो र अर्कोपल्ट दिउँसै आएर टावर चढ्ने सल्लाह गर्दै फर्क्यौं हामी । रेल समात्न अगि बढ्दा बीस वर्ष अगिको जापान भ्रमणको सम्झना ताजा बनाइदिएका थिए जोजोजी मन्दिर र टोकियो प्रिन्स होटेलले । हो यो त्यही होटेल थियो त्यतिबेला हामी बसेको । त्यतिबेला पनि मजाले घुमिएको थियो यही मिनातो सहरको माकातो-कुस्थित सिवाकोएन अर्थात शिबा पार्कमा रहेको जोजोजी मन्दिर । ■

# सूर्यास्त, सूर्योदय, चन्द्रोदय



● वासुदेव अधिकारी

घाम दिन दिनै उदाउँछ । घाम दिन दिनै अस्ताउँछ । घामलाई यदाकदा बादलुले छेक्छ पनि । घाम उदाउँदा आकाश रंगिन्छ, हामी पुलकित हुन्छौं । पाँच दशक हुन लागेको मेरो जीवन यात्रामा प्रत्येक दिन घाम उदाएको छ, प्रत्येक दिन घाम अस्ताएको छ । घाम उदाउँदा पनि रंगिन हुन्छ, अस्ताउँदा पनि । तर बिडम्बनाको कुरा हामी प्रत्येक दिन घाममा आँखा लगाउन भ्याउँदैनौं । चन्द्रमाको पनि कुरा त्यही हो । उसको आकार पक्ष हेरी घटबढ भइ रहन्छ । प्रति चन्द्र महिना ऊ शुन्यदेखि पूर्ण आकारमा देखा पर्ने गर्छ ।

सधैं उदाउने घाम कहिले काहीं विशेष मुद्रामा देखिन्छ । कहिले काहीं घाम निकै मनोरम तवरले अस्ताउँछ । चन्द्रमा पनि त्यही गर्छ । ठाउँ विशेष, याम विशेष तिनको चाल विशिष्ट देखा पर्छ । त्यस्ता धेरै चाल मध्ये धादिङको सल्यानटार जाने तथा फर्किने क्रममा मैले २ दिनमा ३ वटा विशिष्ट चाल देख्न पाएँ ।

धादिङ जिल्ला मात्र कार्यक्षेत्र भएको सिभिक डेभलपमेन्ट बैंकको एक्सटेन्सन काउन्टर उद्घाटनमा फागु पूर्णिमाको अघिल्लो दिन सल्यान टार जाँदा पहाडको काखमा अवस्थित त्यस रमणीय स्थानले हाम्रो चित्त मात्र हरेन विकासको पोटिलो सम्भावना पनि देखाइ दियो । करिव १३ किमी लम्बाइ तथा ३-४ किमी चौडाइ भएको सो रातोमाटे टारले कृषिको मात्र सम्भावना बोकेको देखिएन । प्रस्तावित बुढी गण्डकी विद्युत परियोजनाको कलेजो इलाका हुने देखियो सल्यानटार । बुढी गण्डकी नदी र आँखु उपनदीले चारैतर्फ घेरेको यस टापुलाई प्रस्तावित परियोजनाको जोगाउन सक्छ ? कि क्रमिक रुपमा बगाएर लैजान्छ यसलाई ? प्रस्तावित परियोजनाको पानीको नित्य प्रकोप थेग्न सक्छ यस रातो माटोले ? बैंकका साथीहरु सहित सल्यानटारमा पुगी सम्भावित परियोजनातर्फ नजर डुलाउँदा मेरो मनमा केही पेचिला प्रश्नहरुले हिर्काइ रहे । पहाडी विशाल टापु सल्यानटारको कौमार्यलाई मैले मनमनै सलाम गरें । यो टार मुलुकको लागि दुधालु गाई हुन सक्छ, गरिवीमा भिज्नेहरुका लागि ओत हुन सक्छ । बुढी गण्डकीको पानीलाई जलाशयमा संकलन गरी उपयोग गरिने एकीकृत परियोजना मार्फत् सल्यानटारमा अति प्रखर सूर्योदय हुने सम्भावना देखियो । करिव एक दशक अघि हामी धादिङे मित्रहरुले बनाएको सरोकार समूहको औचित्य बल्ल देखियो । सुन्दा खुशी पनि लाग्योः त्यस परियोजनालाई अवरोध होइन सहयोगका हातहरु बढि रहेका रहेछन् ।

सल्यानटारको सूर्योदय अहिलेका लागि पानीमुनिको बिजुली हो । उचित

विधि, प्रकृया र समय पश्चात त्यो प्रकट हुन्छ । सूर्योदय हुन समय लागे पनि पुर्णिमाको अघिल्लो साँझ त्यहाँबाट विरलै देखिने सूर्यास्त देखियो । रातम्य घाम भोलि फर्किने वाचा सहित मन्द हात हल्लाउँदै बिस्तारै डाँडा पारि बास बस्न गयो । सधैँ देखि रहेको घाम त्यो साँझ निकै भावुक मुद्रामा अस्तायो । त्यो अस्ताइको ढाँचा नै सल्यानटारमा उदाउने सूर्योदयको सङ्केत थियो । पहिलो पटक सल्यानटार पुगेको मलाई त्यस दृश्यले मन्त्रमुग्ध बनायो । त्यस मन्त्र मुग्धताले बैंकका महाप्रवन्धक प्रकाशजीलाई छोएछ । उनले फागु पूर्णिमाको दिन भएको कार्यक्रमको स्वागतमा सो बिम्बलाई उठाइ हाले । उद्घाटन कार्यक्रममा मैले आफ्नो परिवार बचाउने र टिकाउने बाख्रा अर्थतन्त्र तथा किसान बाबु आमाको अथक परिश्रमको बारेमा कुरा उठाएँ । भरत ढकाल, नारायणजी तथा गजेन्द्रजीको मन्तव्यको सारभूत कुरा पनि सल्यानटारको उज्यालो भविष्यका लागि व्यवसायिकता विकास गर्ने नै थियो । बैंकको कार्यक्रमले त्यहाँको वासिन्दाको मनमा एक प्रकारको आशाको अग्निबिज रोप्यो ।

कार्यक्रम सकी आँखु विद्युत परियोजना पुगी ठसठस कन्दै माथि उक्लिएको मोटर टोड्केबाट माथि लाग्ने बेलामा आकाश फेरि रगताम्य भयो । यसो पश्चिम हेरेको त सूर्य हिजो झैँ विदाइको क्रममा रहेका । फागु पूर्णिमा त आकाशलाई पो लागेछ । सूर्यले पो अनुहारभरि अविर दलेछन् । हामी छक्क पर्यौँ । हामी सबैले विदा मागिरहेका सूर्यलाई पुलुक्क हेरी विदा दियौँ । दुबै दिनको सूर्यास्त विशेष भयो हाम्रा लागि । के यो हाम्रो स्वागत थियो ? के यो विरल पदचाप थियो ? होइन । कञ्चन मौसम बाहेक सूर्यको यो नियमित प्रकृतिको उडान थियो । त्यसले कम्तीमा पनि हामी यायावरलाई रोमाञ्चित गर्‍यो । जबकि हामी भोक र थकानले पुरै थलिएका थियौँ । पर्यटनमा खग्गू अरु व्यक्तिहरुलाई त्यहाँ लान सके पक्कै पनि सो बापत स्वदेशी विदेशी पैसा दुर्गम गाउँ पुग्ने थियो ।

परियोजना मार्फत् सल्यानटारको सूर्योदय तथा सल्यानटार तथा टोड्केको सूर्यास्त हेरेका हामीलाई जनजीविका होटलमा खाजा खाई काठमाडौँ फर्किने बेला भैरवीस्थानको डाँडाबाट माथि माथि चढेको जस्तो देखिने पूर्णचन्द्रको स्वागत प्राप्त भयो । शहरमा कमै चन्द्रोदयसँग साक्षात्कार हुने र असंख्य पटक चन्द्रोदय देखेको मलाई त्यस साँझको चन्द्रोदय अतिशय रोमाञ्चक लाग्यो । गाडी कुद्दै गर्दा मैले मित्र सन्तोषलाई फोटो लिने कि ? भनी सोधेँ पनि । खासमा हामीलाई जूनसँग फोटो लिने विरल मनसुवा पलाउँछ । त्यस क्षण मेरो मनमा त्यो कुरा पलायो । अर्थात्, कहिले काहीँ, कहीँकहीँबाट उदाउने वा अस्ताउने घाम जून पनि हाम्रो सिर्जनात्मकतालाई चिमोट्ने खालका हुन्छन् । त्यही भयो यस पटक । दुई दिनको घाम अस्ताइ र एक साँझको जून उदाइले मेरो मनमा गहिरो रोमाञ्चता प्रदान गरि रह्यो । यो रोमाञ्चता जिल्लासँग जोडिएको छ, मौसमसँग जोडिएको छ र त्यहाँ प्रस्फुटन हुन लागेको विकासको कोपिलासँग पनि जोडिएको छ । आफन्तको सम्झना र माया प्राप्त गर्दा मन अझ प्रफुल्लित हुन्छ । त्यो त्य क्षण पनि भयो । पुरुषार्थ(?)बस जिल्लाको सानो कार्यक्रममा ३-३ वटा हेलिकोप्टर कुदाएको बारे आरुघाटमा सुनेको सूचनाले मन अलि खिन्न बनाए पनि यस वसन्तमा उदाएका जून, सल्यानटारमा उदाउँदै गरेको सूर्य तथा अस्ताएका घामले मेरो दिमागमा गहिरो टाटु खोपि दिएका छन् । मेरो दृढ आशा छ, बुढी गण्डकी परियोजनाको सफल एवम् गौरवशाली कार्यान्वयनबाट त्यो टाटु सधैँका लागि मेरो मन मस्तिष्कमा रहि रहनेछ ।

■

# किचकन्याको खोजीमा...



● रामकृष्ण काफ्ले

**ज्या**! भरखर अढाई पो बजेको छ त ! हँ, अब कता जाने होला ? के गर्ने होला ?! कि फर्केर कोठामा नै जाँऊ ? हैन पैतीस मिनट लगाएर हिड्दै यहाँसम्म आइसकें,अब फर्केर कोठामा जानु ठीक हुदै होइन । म फेरी बिस्तारै घन्टाघर तर्फ नै लाग्छु ।

दुई हजार सत्चालीस साल भदौ महिनाको अठ्ठाईस गतेको भिसमिस पनि नहुँदै नारायणहीटि दरवारको दक्षिणढोका निरबाट बाटो काट्दै मर्कन्टाइलको कार्यालय नजिकबाट पूर्वतर्फ लाग्न जेब्राक्रसिंङ पार गर्दाको क्षण मेरा आँखा त्रि-चन्द्र कलेज छेउको घन्टाघरमा पर्दा म त्यसरी नै अल्मलिन्छु । हो, हुन पनि भरखर अढाई मात्र पो बजेको छ त ! कानुन संकाय अन्तर्गत स्नातक दोश्रो बर्षको विद्यार्थी हुन्छुं म त्यस ताका । नियमित कक्षा विहानी शत्रको छ र सात बजे मात्र शुरु हुन्छ । तर ऐच्छिक विषयका गुरुहरुको समय मिलानको कारण हामी अलि दुःख खप्न तयार हुन्छौं,आफ्नै लागि त होनि भनेर । विश्वका प्रमुख कानुन प्रणाली (Major Legal System) लाई मैले ऐच्छिक विषयमा पढ्न रुचाएको हुन्छु विषयको महत्व र विषय शिक्षक सतिशकृष्ण खरेलज्यूको कारणले पनि । त्यस बखतसम्म नेपाली भाषामा लेखिएका सन्दर्भ सामग्री नपाइनाका कारण पनि कक्षा नियमित लिनुको बिकल्प थिएन । साधारण स्कूलमा अध्ययन गरेको म जस्तालाई नेपालीमा बुझ्न पाउनु पानी निले समान हुने तर अंग्रेजी भने भुटेका बासी केराऊ चपाए जस्तो । त्यसमा पनि कक्षा लिनु र प्रत्यक्ष श्रव्य-दृश्य सैलिमा सुन्न र पढ्न पाउदाको मज्जै अर्को । फेरि साथीभाई सँगको ख्यालठट्टा र सरसङ्गत त छदैछ ।

ऐच्छिक विषय मद्धे अपराधशास्त्र र विश्वका प्रमुख कानुन प्रणालीका बिद्यार्थी तुलनात्मकरुपमा बढी हुन्थे त्यसताका । विषयगत महत्ता साथै अपराधशास्त्रका गुरु माधवप्रसाद आचार्य आफै पनि स्थापित विद्वान । विश्वका प्रमुख कानुन प्रणालीका लागि हामीले विषय शिक्षक सतिशकृष्ण खरेलसँग विहानी ५ः२० बजेदेखिको समय मिलाएका हुन्छौं । मेरो कोठा छ पानी पोखरी महाराजगन्जमा । नाम पानी पोखरी भए पनि र ठाँऊ पानीपोखरी नजिकै भएपनि म बसेको घरमा त्यस बखत पानी र धारा दुवै थिएन । घरबाट उत्तरपूर्वको ढुङ्गेधारामा जानु पर्ने पानी लिन, नुहाउन र धुन समेत । मेरो दैनिकीमा विहान छिट्टै निन्द्राले छोड्छ । ३-४ कक्षामा पढ्दैदेखि मेरो निन्द्रा खुल्ने समय बिहानको ४ः२० देखि ४ः३० को हो । यसमा म पक्का नै थिएं र हालसम्म छदैछु । त्यसो भए........... त्यस दिन कसरी धोका पाँए त ?

सधैभैं निन्द्रा खुल्छ । लाग्छ विहान भयो, उठ्ने बेला भयो । म जुरुक्क उठी

दाँत माझ्दै साबुन र तौलिया लिएर धारा तिर लाग्छु । धारामा कुनै मानिस नभएका ले मेरो काममा कुनै बाधा पर्दैन । जाडो लागेकाले टाउको मात्र नुहाएर फर्कन्छु । छिटोछिटो कपडा लगाएर, किताव कपि भएको हाते झोला र एउटा फोल्डिङ छाता लिई क्याम्पस तर्फ हानिन्छु । क्याम्पस जाँदा आउदाको मेरो आफ्नै नियम छ- जाँदा पैदल, फर्कदा-सवार ीसाधन । स्वास्थ्यलाभ पनि हुने र यसो तरकारी खर्च पनि बच्ने दोहोरो फाइदा ।

मेरो यो नियमिततामा कहिलेकाँही फरक पर्छ होटल साँग्रिलाका सवारी चालक दाजू गोपाल काफ्लेको पाहुना लिन होटल सोल्टी वा होटल हिमालय जानुपर्ने समय र मेरो त्यहाँ पुग्ने समय मिल्दा । त्यस्ता मौकामा म होटल साँग्रिलाको वातानुकुलित जीपमा कहिले क्याम्पससम्मनै त कहिले प्रदर्शनी मार्ग मोडसम्म जान पाउछु । तर आज भने म त्यहाँ त्यो जीप भेट्दिन । लाग्छ आज म अलि ढिलो भएँछु । पाइला अझ लम्किन्छन् । लाजिम्पाट-ब्लू वर्ड डिपार्टमेन्टल स्टोर-होटल संकर हुँदै लैनचौर पुग्छु । त्यहाँ पनि मेरो प्रायः ककनी तिरबाट तरकारी लिएर आउने एउटा जीपसँग जम्काभेट हुन्थ्यो । तर आज ... आज त त्यो जीप पनि छैन ! गै सकेको हो त ? के म ढिलो भएँ ? म झन छिटो गतिमा लमक लमक लम्कन्छु । अब म दरवारको पश्चिम ढोकाबाट सिधै कान्तीपथ हुँदै जमल नगई दक्षिणढोका तर्फ लाग्छु । यो बाटो उज्यालो छ, सडकबत्तिले अरु भन्दा झलमल्ल छ । यहाँसम्म पनि म अरु दिन भन्दा क्याम्पस जान ढिलो भएकोमा विश्वस्त छु र त पाइलाको गति र फासला दुवै बढाउदैछु ।

हो, जब म त्यस जेब्रा क्रसिङमा पुग्छु त भरखर अढाई मात्र पो बजेको छ बा ! टक्क अडिएर घोत्लिनु पनि ठीक छैन । संवेदनशील क्षेत्र, शैनिक छन्, प्रहरी छन् । अब मेरो गति धीमा भएको छ । पन्चमीको पाइलाका चालमा लुखुर लुखुर तीनधारा पाठशालासम्म पुग्दा म अब फेरि ३५ मिनट लगाएर फर्केर कोठा जाने र २ घन्टापछि फेरि क्याम्पस आउने विचारलाई पूरै छाड्छु । किचकन्या हुन्छ, भूत देखिन्छ र तिनीहरु यस्तै बिहानीको समयमा बढी देखिन्छन् ,डुल्छन् भनेको सुनेकै हो । त्यसो भए चल् भाई : घुम् रत्नपार्क र थापाथलीको सेरोफेरो, भेट् भूत र किचकन्ने, गर् गफ र कुस्ताकुस्ती !!

मलाई देवता, भूतप्रेत, बोक्सी धामी जस्ता विषयमा कहिल्यै विश्वास भएन । पढि, सुनी थाहा जानकारी पाएर पनि हैन । शायद व्यवहारबाटै होला । बाल्यकालमा पहाडमा छदा - भूत्याहा खोल्सो पार गरेर खेत जानु पर्थ्यो भने वारीको एउटा पाटोलाई नागपाटो भनिन्थ्यो । पढ्न जाँदाआउदा मूर्दा पोल्ने मसानघाट भएर रातसाँझ आउनु पर्थ्यो । खेतबारि र आवतजावत नै यस्ता डरलाग्दा नामकरण गरिएका ठाँउमा थिए । बाल्यकालदेखिकै मेरो अनुभव छ । यी विषयमा म नकारात्मक छु, बरु बोल्न नमिल्ने ठाँऊमा बोल्दिन, मौन विरोधमा रहन्छु । त्यसैले आज म कतै “त्यस्ता निसाचरको प्रत्यक्ष दर्शन पाएर यसो भयो, उसो भयो” भन्नेलाई पहिला पहिला आफूले अनि किन यसो नगरेको त ? किन उसो नगरेको त ? भनेको कुरा कतै आफैले गर्न भन्न पाइने पो हो कि भन्ने आशाले अनि थोरै अब्यक्त एवं अन्तर्निहित भयले भएपनि यो यात्रा गर्ने नै भएँ । तबसम्ममा म रत्नपार्कवाला पुरानो बसपार्क पुगेको हुन्छु । त्यहाँ पनि चालचुल छैन बा, बरु चकमन्न छ !

म भद्रकालीबाट सिंहदरवार तर्फ नगई सिधै शैनिक मुख्यालयको बीचैबीच थापाथलीउत्तरको माइतिघरचोक तर्फ हानिन्छु । बाटोका किनारमा दाँयाबायाँ भएका रुखमा पनि चमेराको कल्याङमल्याङ सुरु भएको थिएन अझै । रातको त्यो नीरवता, निष्पट्ट अध्यारोमा म फगत एक्लो यात्री लुखुरलुखुर ओरालो झरी मूल सडकमा पुग्दा कुनै सवारी साधन हुँदैनन् त्यहाँ । थापाथली क्याम्पस,

खाद्य संस्थानको गोदाम, राजभन्डार पारगर्दै म अब थापाथली चोकमा हुन्छु । चौबाटोमा भएको सवारी संकेत-वत्ती रहने खम्बा पनि आँखा चिम्लेर सुतेको छ । अरु दिन त्यहाँ पुग्दा फूर्तिसाथ रातो र हरियो बत्ती बालेर रोकिन र बाटो काट्न आदेश दिन्थिस, आज किन चुप नि ! म खुच्चिङ मार्छु । घन्टाघरले दिएको जानकारी अनुसार तीन बज्छ । त्यो चोक पनि अहिले जस्तो झलमल्ल र चौडा कहाँ हुनु त्यसताका ? उही सामान्य चौबाटो न हो । ट्रलीबस लगायत सवारी साधनको दोहोरीलत्त भीड हुने त्यो चोकमा पनि उही सुनसान १ कस्तो चकमन्न छ भने सडकमा सुतेका सामुदायिक कुकुर समेत निदाएका छन् ! पश्चिम कुनामा एउटा बस हिड्दा हिड्दै पछाडिको एउटा पाङ्ग्रा खुस्किएर थन्किएको रहेछ । लौ हेर एक्लै आएछौ, सिटपनि छन् आज त । बसाएर लैजान्थें । के गर्नु आफै बिमारी छु । बस मौन वार्ता गर्छ मसँग । भैगो, फूर्सदमा छु म हिडेरै जान्छु । कहाँ बिर्सेको छु र हिजो अस्ति तिम्रामा चढ्दा खल्ती खाली पारेको । म पनि मौनता मै जवाफ दिन्छु र बाटो लाग्छु ।

“यो ठाऊ त भुत्याहा हो बुझ्यौं, निसाचरहरुको राज्य हो । मरेका बच्चा, अवैध गर्भधारण गर्नेले फ्यालेका जीउदै जन्मे पनि पछि मरेका बच्चा समेत यो बागमति किनारमा गाडिन्छन् । यता त अतृप्त यौनका भोका किचकन्ने पनि हिड्छन् ।” एकदिन कुपन्डोलतिर घुम्न जाँदा मलाई मेरा भिनाज्यू कृष्णप्रसाद लुइटेलले भन्नुभएको कुरा झट्ट सम्झन्छु । अघिल्तिरबाट दारा नंग्रा भएको, झ्यापझ्याप्ती झ्याप्ला भएको कथित बिरुप आकुति पछाडितिरबाट राम्रोसँग हेर्न पाउँदा मात्र थाहा हुने पछाडि खुट्टा फर्किएकी शरीरको पछिल्लो भाग नभएकी, यौवनले धप्धपी अनुहार चम्किएकी मोहनी अवतार षोडषी सर्वाङ्ग सुन्दरी महिला आकृति एकै पटक मेरा मानसपटलमा आउछन् । जीउ सिरिङ्ग हुन्छ । मनलाई अझ दरो पार्छुं । होइन है केटा केही छैन, नडरा भनेर आफैलाई ढाडस दिन्छु । अज्ञात मानस पटलमा आएका काल्पनिक आकृति बाहेक यथार्थमा केहि पनि हुदैनन् त्यहाँ ।

म अब होटल व्लु बर्डलाई पूर्व छोड्दै पश्चितर्फ लाग्दो छु । पिलपिले सडक बत्तिको दोछाँयामा आफ्नै छायाँ पनि दुईतिर तीन तिर अझ कतै लाक्मो त कतै डल्लो देखिन्छ । त्यही छाँयालाई झलक्क देख्दा पनि भूतको झल्को आउँछ र बेलाबेला झसङ्ग बनाउँछ । फेरि मनलाई दह्रो पार्छु । एवम् रितले म अब थापाथलीबाट पेटीपेटी त्रिपुरेश्वर तर्फ लम्कन्छु । लम्कन्छु पनि के भनौं वामेसर्छु कछुवा गतिमा । कहिं पुग्न हिडेको भएपो लम्कनु ,समय कटाउन हिडेको यायावर न ठहरिएं । यो पेटी अझ अध्यारो छ । हरेक दुईचार पाइलामा दायाँवायाँ नियाल्दै आफ्नै चालको सिंहावलोकन गर्दै म त्रिपुरेश्वर चोकमा पुग्दा भने अवस्था फेरिइसकेको हुन्छ । वीरगंजबाट आउने रात्री सेवाका बसहरु ,एकदुई मोटरसाईकलहरु आ-आफ्ना गन्तव्य तर्फ लागेको भेट्छु । तर सबभन्दा आशावादी भएको थापाथली र त्रिपुरेश्वरको बीचको यो भागमा पनि मलाई कुनै भूत वा किचकन्या साक्षात्कार हुदैनन्, नेपथ्यबाट तर्साउदैनन् पनि !

म अब सुन्धारा पुगिसकेको छु । विहानीको साढेचार पनि बजिसकेको छ । सुन्धारामा टाढाटाढा पूर्व काकडभिट्टातर्फ एवं पश्चिम नेपालगंज तर्फ जाने बस र यात्रीको कल्याङमल्याङ छ । म फेरि दोधारमा छु । थकाइ पनि लागि सकेको छ । शहीदगेट हुँदै सिधै क्याम्पस जाँउ त ?! एक मनले त्यसै गरौंगरौं लाग्छ । फेरि यति छिटै क्याम्पस गएर के गर्ने नि ?! अब त विस्तारै उज्यालो पनि हुन्छ, भिडभाड र बजार क्षेत्र पनि आयो । भक्तपुर तिरबाट तरकारी लिएर आउने मीनीबसहरु कम यात्रु अनि छतभरी, भित्र पनि पछाडिसम्म र सिंढीका डन्डीमा समेत खर्पन झुन्ड्याएर भोटाहीटि तर्फ हान्दिै गए ।

म पनि अब समय कटाउने उद्देश्यले तिनका पछिपछि लाग्दै वीर अस्पताल अगाडि पुग्दा फौवन्जार र गृहस्थि ग्राहक तछाडमछाड गर्दै हरियो तरकारी, काँक्रो, कन्दमूल खरीदबिक्रीमा ब्यस्त छन् । लुछालुछ छ । सिमसिम पानी परेकाले कोही रुज्दै त कोही छाता बर्षादीको ओतमा । म पनि आफ्नो छाता खोल्छु। एकछिन रमिता हेर्न मन लाग्छ। अलमलिन्छु । कतिपय त त्यहीको त्यही पनि नाफा भेट्दा रहेछन्. । ती भरिभराउ मीनी बसहरु, खर्पनहरु छिनको छिनमै रित्तिन्छन् । घन्टाघरको घडीमा पाँच घन्टी लाग्छ । अझै झन्डै आधाघन्टा बाँकी छ कक्षा शुरु हुन । म विस्तारै रत्न पार्क तर्फ लाग्छु । रणोद्दीप चोकको दक्षिणतर्फ कीर्तिपुर जाने मीनीबसहरु दुईचार वटा लाइन लागेका छन् । क्याम्पस जाने विद्यार्थीलाई हिड्नै लागेको र गैहाल्छ भनी देखाउन र यात्रु तान्न घ्यार्र स्टार्ट गर्दै अलिकति अगाडि बढाउदै फेरि पछि हटाउदै गर्दै छन् बसवालाहरु । हिडिहाल्छ भन्ने भान पार्दै यात्रु झुक्याउने यो त्यस बखत गजबको काइदा मानिन्थ्यो । अहिले जस्तो पीक एन्ड ड्रप प्रणाली थिएन त्यस बखत । ल..ल. ल..ल..गयो............,गयो.............. .,गयो.......... कीर्पुर....... कीर्पुर....... कीर्पुर.......। मीनिबसको ढोका ढ्याक्ढ्याक् .......ढ्याक्ढ्याक ठोक्दै कराउदै नजिक आउने जो कोहीलाई तानुलाझै गर्दै हुन्छन् खलासी भाई । के हतार भएको होला यी खलासी भाईलाई ठाँउको नाम पनि पूरा भन्न भ्याइनभ्याइ कीर्तिपुरलाई कीर्पुर पो भनेको सुनिन्छ त ! अरु समय ठेलमठेल हुने सडक पेटी अझै सुनसानै छ । म नेपाल विद्युत प्राधीकरणको पेटीतर्फबाट अब बसपार्क तर्फ लस्कन्छु । बस पार्क भित्र पस्ने मूलद्वारको उत्तरमा अनिदो आँखा लिएर बसेका युगल जोडी चिया पकाउने तरखरमा हुन्छन् । दुईचार अरु ग्राहक जस्तै म पनि उभिन पुग्छु । थकाईले खुट्टा भत्भती दुखेका पोलेका छन् । दूध राखेर ल्याएको प्लाष्टिकको एउटा भाडो खाली हुनासाथ त्यसलाई ठाडो पारेर म स्टुलमा झै बैठक अड्याउछु र चियाको लागि पर्खिन्छु । शरीर कन्याककुरुक पार्छु । अलि आराम महशुस हुन्छ । यद्यपि चियाको आदती म हुदै होइन । तर पनि एक त समय बाँकी छ अर्को कताकता भोक लागेको जस्तो पनि लाग्छ । दोमनमा नै दुईटुक्रा पाउरोटी र एक कप चिया अल्छी मानेर लिन्छु । सुरुपसुरुप चिया नामको तातो पानीको झोल सुर्किदै र तताएको बासी पाउरोटी चपाउँदै समय बिताउँछु । अझै पाँच बज्न दश मिनट बाँकी छ । यताउता हेर्दाहेर्दै लैनचौरका बासिन्दा मेरा प्रवीणता प्रमाणपत्र तहदेखिका मित्र अच्युत पौडेलजी खुल्लामन्च तर्फको पेटीबाट आउदै गरेका ले उनलाई केही अगाडि पारेर पछि लाग्छु क्याम्पसमोढमा पुगेपछि भेट्टाउन सकेको नाटक गर्छु । गफ गर्दै जाँदा क्याम्पस पुगेको पत्तै हुदैन । ल पालेदाई त अझै उठेकै छैनन् । हामी पालेदाईलाई बोलाउछौं । तबसम्म बानेश्वर तर्फका मित्र भाई ज्ञानेन्द्र काफ्ले लगायतका साथीभाई आइपुग्छन् । पालेदाई उठ्छन् र ढोका खोल्छन् । “हैन सरहरु रातभरी सुत्नु हुन्न कि कसो ?” पालेदाईको यो प्रश्न सहज र निरापद भएपनि मलाई भने ब्यङ्गझै लाग्छ । मनको बाघले झम्टन्छ मलाई । “कतै देखेकि क्या हो बुढाले मलाई रातभरि हिडेको” भनेझैं भित्रभित्रै झसङ्ग हुन्छु ।

आकासको पातलो वादलले चन्द्रमालाई लुकाएर हल्का चाँदनी मात्र पृथ्वीमा पठाई प्रभाती झल्कोमा मलाई त्यस दिन झुक्याउनु झुक्याएछ । जे भए पनि एउटा मौका प्रसङ्गले त्यो अवसर पाएँ । सवा पाँच बजिसकेकाले हामी अब कक्षाकोठातिर लाग्छौं । मनमनै ठोकुवा गर्छु “ जे भयो , बेला मौकाले राम्रै भयो । किचकन्या र भूत - नभूतोः न भविष्यति !” ■

# नयाँ नेपाल



● नारायण क्षेत्री

'नयाँ' यो एक विशेषण शब्द हो । संस्कृतमा यसलाई 'नव' भनिन्छ । शब्दकोषका आधारमा अर्थ लाउने हो भने हालसालै मात्र देखा परेको, भर्खरै मात्र व्यवहारमा आएको, नूतन, नवीन, नौलो वा भर्खरै जन्मेको, भर्खरैको, हालैको अथवा भर्खरै खोजिएको, भर्खर पत्ता लागेको अथवा कुनै काम भर्खर सिक्न लागेको, कामको अनुभव नभएको, सिकारु, अनुभवहीन, कोरा भन्ने बुझाउँछ । यसै शब्दमा जनवाद जोडने हो भने नयाँजनवाद नाम शब्द हुन्छ जसको अर्थ सर्वहारा क्रान्तिका क्रममा पूँजीवादी संस्कृति अर्थनीति आदिलाई समाजवादमा परिवर्तित गर्न ल्याइएको एक खाले नयाँ राजनीतिक व्यवस्था भन्ने बुझिन्छ ।

नयाँ शब्दमा कल्प जोडिदिने हो भने नयाँकल्प वा नवकल्प भन्ने नाम शब्द बन्न जान्छ । जसको अर्थ विभिन्न कल्प (हिन्दु पञ्चाङ्ग अनुसार एक हज्जार महायुग अर्थात चार अरव बत्तीस करोड मानव वर्ष वताइएको समय) मध्ये आज भन्दा छ करोड वर्ष पहिले सुरु भएको, स्तनपायी जीव र मनुष्यको सृष्टि आरम्भ हुन थालेको कल्पलाई नवकल्प भन्ने गरिन्छ ।

नयाँ केलाई भन्ने ? निश्चित रुपमा नयाँ नेपाल बनाउनको लागि नयाँ भनेको के हो पहिला त्यो कुरा बुझ्न जरुरी छ दोस्रो नेपाली अपेक्षा के हो ? नयाँ नेपाल बनाउन र नेपाली अपेक्षाहरु पूरा गर्न के कस्ता चुनौतीहरु छन् भन्ने कुरा बुझ्नु जरुरी छ र ती चुनौतीहरुलाई सामना गर्न दृढ इच्छा शक्ति उपयुक्त योजनाहरु, ती योजनाहरुको इमान्दारी पूर्वक कार्यान्वयनले नै नेपाललाई नयाँ बनाउन सक्दछ ।

पुराना र प्राकृतिक कुराहरुलाई भत्काएर, बदलेर परिवर्तन गर्नु नै नयाँ हो ? कुनै पनि वस्तु, चिज, प्राणीको अस्तित्व कायम राख्न सक्ने गरि गरिने र प्राणी जीवन चक्रमा आवश्यक पर्ने परिवर्तन सबै नयाँ नै हुन्छ । प्रकृति र सन्सार सँधै नयाँ छ हरक्षण हरपल हरदिन हरयुग नयाँ छ जसले परिवर्तनलाई आत्मसाथ गरिरहेको छ र परिवर्तन नै जस्को पर्याय हो । परिवर्तन विना पल, क्षण र युग अघि बढ्नै सक्दैन । तसर्थ हर परिवर्तन नै नयाँ हो । हर नयाँको लागि नयाँ सोच र योजना चाहिन्छ । त्यो नयाँ सोच र योजना आवाश्यकताले आफसे आफ पैदा हुँदै जान्छ । त्यो मानव गिदी र खोपडीको नियमित काम वा प्रकृया नै हो र त्यो प्राकृतिक काम पनि हो । हरेक नयाँको लागि मान्छेलाई काललले नै वाध्य बनाउछ । त्यो काल समय हो मृन्यु हो जन्म हो अस्तित्व हो हुनु हो । नहुनु पनि परिवर्तन हो, नयाँ हो । गौतम बुद्ध नहुनु नयाँ हो हुनु पनि नयाँ हो । आइन्सटाइन हुनु नयाँ हो नहुनु पनि नयाँ हो त्यस्तै अव्राहम लिङ्कन, अरनिको सेक्सपियर, म्याडम क्यूरी, मदरटेरेसा आदि । त्यस्तै यो विश्वमा नेपाल पहिला थिएन नयाँ थियो । पछि नेपाल भयो त्यो झन नै नयाँ भयो । अब हुने झन नयाँ हुनेछ र पछि नहुन पनि सक्छ त्यो पनि नयाँ नै हुनेछ । अमेरिका पहिला थिएन नयाँ थियो अहिले छ नहुदाको अवस्थामा भन्दा नयाँ छ पछि नहुन सक्छ त्यो झन नयाँ हुनेछ ।

नयाँ नेपालको निर्माण नयाँ विश्वसँग

सन्दर्भित छ नयाँ विश्वका कतिपय उपलब्धिको धरोहर छुन र नयाँ नेपाल बन्न यो पूरानो नेपाललाई अझै कति समय लाग्छ । पूरानो नभै कुनै पनि चिज नयाँ हुदैन । सन्सार पुरानो तब हुन्छ जब मान्छेको विचार पूरानो हुन्छ यथास्थिति र जड हुन्छ । यथास्थिति र जड हुनु प्राकृतिक नियम विपरित हो । डायनोसरहरु प्रकृतिसँगै परिवर्तन हुन सकेनन यथास्तिथि रोजे तसर्थ लोप भए । संसारमा त्यो नहुनु पनि एउटा नयाँपन नै भयो । नयाँ सन्सार हुनको लागि पुरानो सन्सार र नयाँ मान्छे हुनको लागि पुरानो मान्छे हुनै पर्छ त्यस्तै नयाँ नेपाल हुनको लागि पुरानो नेपालको अस्तित्व पनि हुनै पर्छ । हरेक पुरानो नै त्यो भन्दा पहिलेको तुलनामा नयाँ हो र हरेक नयाँ त्यो भन्दा पछि आउनेको तुलनामा पुरानो हो किन भने हरेक वृद्ध एकपटक वालक थियो र एकपटक युवा र हरेक वालक एकपटक युवा र एकपटक वृद्ध हुन्छ । त्यसर्थ यो सन्सार कुमालेको चक्र जस्तै छ जुन चक्र घुमिरहन्छ र माटोका नयाँ नयाँ भाँडाहरु बनिरहन्छन् नासिइरहन्छन फेरि नयाँ बनिरहन्छन ।

अब यहाँ प्रसङ्ग छ नयाँ नेपालको । नयाँ नेपाल बनाउन पुरानो नेपाललाई परिवर्तन गर्नु पर्ने हुन्छ र  समय अनूकुलको नेपाली अपेक्षाहरु पूरा गर्नु पर्ने हुन्छ । परिवर्तन र ति चाहनाहरु पूरागर्न के कस्ता चुनौतीहरु छन् भन्ने कुरा बुझ्नु जरुरी छ  हिजोआज नयाँ नेपालको ठूलै हल्ला छ । गाउँ, सहर चोक चौतारा नयाँ नेपाल र नयाँ नेतृत्वको बुइँबुइँ छ चर्काचर्की छ बहस छ वादविवाद छ हानाहान छ तानातान छ तँ ठूलो नयाँवादी कि म ठूलो नयाँवादी भनेर नयाँवादी देखाउने प्रतियोगिता जोडतोडले चलेको छ र कुदेका छन तिघ्रामा घिउ दलेर लिगलिगकोटको राजा छान्ने प्रचलनमा झैं । अनि एउटालाई जित्न अर्कोले छिडकी हान्ने र समातेर तान्ने अनि लात्ताम्जुत्ता मात्रै होइन मारामार नै चलेको छ । एउटा अर्कोको ज्यान लिन तयार छन् र लिइरहेका पनि छन् । तर विडम्बना ती स्वघोषित नयाँवादीहरुलाई वास्तवमा नयाँ भनेकै के हो थाहा छ कि छैन भनेर परीक्षण गर्नु पर्ने भएको छ ।

हुनत मैले सबै नेपालीको भावनालाई यहाँ व्यक्त गर्न सक्दिन तैपनि नयाँ नेपालको लागि नेपालीको समग्रमा खास गरि तीनवटा चाहनाहरु छन् । जसलाई प्रथमतः क्रान्ति वा परिवर्तन दोस्रो शान्ति र तेस्रो जीवन वा अस्तित्वका रुपमा लिन सकिन्छ ।

अण्डा पहिला कि चल्ला पहिला भन्ने बहस झैं शान्ति पहिला कि क्रान्ति पहिला भन्ने बहसको विषय बन्न सक्छ । तर म यसलाई गुलेलीको रवड तन्काए झैं तन्काउन चाहन्न । परिवर्तन, शान्ति अनि यथास्थिति अनि फेरि परिवर्तन, शान्ति र फेरि यथास्थितिका क्रम पनि चक्र झैं घुमिरहन्छ र हरेक पक्षका संवाहकहरु हुन्छन । कुचालक र सुचालक वा घनात्मक र ऋणात्मक भए झैं । यहाँ क्रान्ति र परिवर्तनलाई एकै रुपमा व्यक्त गरिएको छ । हुनत यसो भन्दा कत्तीलाई अनौठो लाग्न सक्छ । कहाँ परिवर्तन भनेको हेरफेर र क्रान्ति भनेको मारकाट लडाई झगडा गोलाबारुद, हो हाम्रो मनस्थितिमा त्यही छ, क्रान्तिको बारेमा तर परिवर्तन शब्दले मान्छेको मन त्यति त्रसित बनाउदैन जति क्रान्ति शब्दले बनाउँछ । त्यसैले त गौतमबुद्ध र गान्धीजीहरु, मार्क्स आदरणीय छन् सारा विश्वमा । जति क्रान्ति उनीहरुले ल्याए समाजमा अरुले विरलै ल्याए होलान् । उनीहरुले असङ्ख्य मानिसहरुको विचारमा क्रान्ति ल्याए । विचारमा क्रान्ति नै सम्पूर्ण अन्य क्रान्तिहरुको मूलाधार हो क्रान्तिहरुको महाक्रान्ति हो । अतः परिवर्तन विचारमा ल्याउन सक्नुपर्दछ अन्यथा पृथ्वीको उच्चतम् प्राणी हुँ भनेर मानिसले दावी गर्न मिल्छ र ?

देश तरल छ; जसले जे गरे पनि भएको छ, धमिलो पानीमा माछा मार्ने प्रशस्त छन । बहुसंख्यक मान्छे नीजि देखि समूहगत स्वार्थमा तल्लिन छन । तर नेपालीलाई कुनै ठोस परिवर्तन सहित नयाँ नेपाल र स्थायी शान्ति

चाहिएको छ तर त्यो वीरबलको खिचडी हुने हो कि भन्नेमा हरेक नेपाली मन सशंकित छ। समस्या दिनानुदिन चर्किदै छ शताब्दीऔं देखिका समस्या आज आएर उजागर हुँदै छन् उप्किदै छन पत्रे चट्टानको पत्र उप्के झैं वा माछाको कत्ला उप्के झैं। देश अझै अशान्त छ किनभने अशान्तिका कारणहरु ज्यूँका त्यूँ छन्। ती कारणहरु, समस्याहरु र विकृतिहरु मान्छेका आकांक्षा, मन, संस्कार, परम्परासँग सम्बन्धित छन्।

पहिलो समस्याको रुपमा वैचारिक समस्या वा कुविचार अनैतिकता, दुराचार र कुसंस्कारगत समस्यालाई लिन सकिन्छ। मान्छेले आफ्नो नैतिकतालाई प्रकृतिको नियम अनुरुप पनि ढाल्न सकेको छैन जुन प्रकृतिले सबै प्राणीलाई आ-आफ्नो जीवनचक्रमा बाँधेर सहअस्तित्वको जीवन जीउन सिकाएको छ। दोस्रो समस्याको रुपमा कार्यगत समस्या शोषण, भ्रष्टाचार, अत्याचार, कुसाशन र राज्य व्यवस्थापनका समस्या र विकृति, विसंगतिहरु पर्दछन् जसले मानिसलाई जीवनयात्रा अप्ठ्यारोमा पारेको छ र जीवन अस्तित्वको समस्या सिर्जना हुनपुगेको छ। यी समस्याहरुले नेपालमा नेपाली जनताका पिडा, मर्म, समस्याहरु, नेपाल र नेपाली जनताका उद्गारहरु, भोगाईहरु अनि राजनैतिक, सामाजिक, आर्थिक आदि विषयको वास्तविक दृष्य र झांकीहरु, हज्जारौं छन् जसले शान्ति होइन अशान्ति बोकेको छ खुशी होइन पीडा बोकेको छ। यी तमाम समस्याहरु विचार, नैतिकता, संस्कार आचरणगत समस्याबाट नै सिर्जित हुन्छन्। यहाँ समस्याहरुको फेहरिस्त तयार गर्ने मेरो मनसाय होइन समस्या, विकृति र चुनौतिहरुको स्रोत पहिचान गर्नु मात्रै हो यिनै वैचारिक समस्या र कार्यगत समस्या नै नयाँ नेपालको लागि चुनौतिहरु हुन्। यीनै समस्याहरुमाथि अगुवाहरुले मैहुँ भन्नेहरुले सुदर्शन चक्र चलाउन सकेमात्र र पहिला आफूबाटै निर्मूल गर्दै गएमा नै बल्ल नयाँ नेपालको सपना साकार हुने मार्ग प्रशस्त होला। यसको लागि अगुवामा दृढ अठोट, समय सापेक्ष र धरातलीय यथार्तमा आधारित योजना र इमान्दारी पूर्वक योजनाको कार्यान्वयन आवश्यक छ।

कुनै पनि नयां योजना, नयां कार्यक्रम नयां उदेश्य, नयां अपेक्षाको साथ शुरु हुन्छ। २०४६ सालको जनआन्दोलन पनि नयां उदेश्यका साथ शुरु भएको थियो। उपरोक्त समस्याहरु बल्झेलान भन्ने शहीदको सपना थिएन, जनताको चाहना थिएन। आन्दोलनको चाहना थिएन। जुन कुरा नहुनु थियो त्यो भयो र जुन कुरा हुनु पर्ने थियो त्यो भएन। २०४६ पछिका सत्ताधारीहरुले यदि गंभिरतापूर्वक मल्लिक आयोगको प्रतिवेदन अनुसार कार्वाही अगाडी बढाएको भए र ती अपराधिहरुलाई स्वागत गर्न घडा राखेर रातो कार्पेट नबिच्छ्याएको भए, २०४६ को जनआनदोलनको मर्म, जनताको अपेक्षा र राष्ट्रको वाास्तविक यथार्तलाई आत्मसाथ र हृदयंगम गर्दै जिम्मेवार नेतृत्व र डाडुपुन्यवालाहरु अघि बढेको भए, यति चाडैं प्रतिगमन विरुद्ध २०६३/२०६४ मा अर्को संघर्ष गरी रगतको होली खेल्दै टाउको फुटाईनु पर्ने जरुरि पर्दैनथ्यो होला। त्यसैको परिणाम र सजाय भोग्दैछन पार्टीहरु र नेताहरु, नालायक र असक्षम घोषित भएर र जनताका विच शंकाको नजर भित्र परेर।

देशमा यत्रो क्रान्ति सम्पन्न भएको छ यसले ल्याउने राजनैतिक परिवर्तन पछिको व्यवस्था कस्तो हुने हो ? नियम कानुन कस्ता हुने हुन ? परिवर्तित परिस्थतिमा कसरी सामान्जस्य गर्न सकीने हो ? विभिन्न किसिमका दोषीहरुलाई कसरी कार्वाही हुने हो ? विकृतिहरुलाई कसरी हटाउने हो ? हटाइने हो ? र आफूलाई कसरी सुद्धिकरण र सुदृढिकरण गर्ने हो भन्ने वारेमा अझै पनि हालका जिम्मेवार सरकारी निकाय, संस्था ,व्यक्तिहरुलाई कुनै चासो छैन, कानमा तेल हालेर चैनका निदमा मस्त छन्। समस्याहरु पटक पटक दोहोरिइरहेका छन्, नेपाली उखानको

कुकुरको पुच्छर झैं १२ वर्ष ढुँग्रामा हाल्दा पनि नसोझिने गरि । समस्याको अजिङ्गरले निल्न लागेको बेलामा सर्पको मुखमा परेको भ्यागुताले आफ्नो अगाडिको फट्याँग्रो खान खोजे झैं । हुन सक्छ, समयको चक्रले नसोझिने पुच्छर नै काटीदेला वा समस्यारुपी अजिङ्गरलाई कसैले ठेगान लगाउन सकेन भने वा समाधान गर्न सकेन भने नेपाल र नेपलीलाइ नै निलिदिन्छ अनि ब्याजको आसमा सांउ नै फुत्कने हुन सक्दछ । अतः जनआन्दोलन, जनता र जनयुद्धको अपेक्षा बुझौं, घुसखोरी भ्रष्टाचारी, समाजका विकृति, विसंगति ,अनमेल, वेमेल, असमानता, उत्पीडन हटाऔं, समाजलाई सुदृढि गरौं विकासलाई समानुपातिक र उत्पीडित बर्गमा पुरयाऔं । आफू पनि बार्चौ अरुलाई पनि बचाऔं । शोषण रहित समाजको सिर्जना गरौं यही हुन्छ नयाँ नेपालको आधारभूमी ।

एघार थान पञ्च वर्षिय योजनाहरु सम्पन्न भई सक्दा पनि नेपालीहरुको जीवनस्तर माथि उठन नसक्नुले नेपालका हालसम्मका योजना तर्जुमाहरु प्रायः (७० प्रतिशत भन्दा बढी) हावादारी थिए भन्ने प्रश्ट भएको छ । अन्यथा नेपालीले आज टुकी युगमा पुनः प्रवेश गर्नु पर्ने समस्याहरु उपरीमाथि थुपरी हुने थिएनन् । अतः आगामी योजनाहरु हावादारी नभएर धरातलीय यथार्तमा आधारित र समयसापेक्ष हुनु पर्दछ । यस्ता योजनाहरु बनाउनको लागि सभा र संसदमा बसेर पाँचतारेमा सेमिनार र गोष्ठी गरेर रोष्टका स्वाद र वाइनका घुट्कीहरुमा डुवेर सम्भव छैन । त्यसका लागि नेपाली रामे, श्यामे, ठुले, साने, हर्के, बुधे, फेँकु, रोगाइ, चमेली सुन्तलीका दैलो दैलो चाहरेर आँगन आँगन पुगेर हिमाल पहाड र तराइका पाखा कान्ला र फाँटहरुमा पुगेर वास्तविक नेपालीसँग भेटेर भलाकुसारी गरेर विचार आदान प्रदान गरेर मात्र सम्भव छ । यसरी छोटा वा लामा अवधिका योजनाहरु- पाँच वर्षे दश वर्षे बीस वर्षे पच्चास वर्षे बनाएर जनसहभागितामा ती योजनाहरुलाई इमान्दारी पूर्वक कार्यन्वयन गर्न सकेमा पक्कै नयाँ नेपाल सम्भव छ । अन्यथा नयाँ नेपाल अल्लारे र नयाँ कोराहरुको सपना मात्र हुनेछ र त्यसबेला समय किन्न सकिने छैन तर गुमीसकेको हुनेछ, हाल समय रोक्न सकिन्न तर उचित प्रयोग गर्न सकिन्छ । ■

## मुक्तकहरू

• वियोगी बुढाथोकी



१)
रातो साडीमा सजिएर यत्तिखेर डोलीमा छु
मनमा खुल्दुली लगाउने गरी रातै चोलीमा छु
जवानीको पर्व पनि वारम्वार आउँदैन भन्छन्
सेतो पहिरनमा नआउनु म त रंगीत होलीमा छु ।

२)
जीवनमा रंगसँग मेल खाए, पाए हुत्याउने भेलसँग मेल खाए
जिन्दगीको यात्रामा निकैको ठेलमठेलसँग नहारेरै मेल खाए
बाँकी उमेरले आफ्नै करेसावरीको बगैंचामा बिताएस भन्छ -
माया भन्नु पनि कठोर रहेछ मायाकै जालझेलसँग मेल खाए ।

३)
गिट्टी बाँकी राखेनौ, राखेनौ वालुवा पनि रित्तियो खहरे खोलामा
सुक्यो मुहान, छैन पानी पोखरीमा खै के हाल्यौ फागुको लोलामा
विरोधीको मुख टाल्न औंधी सिपालु छौ रे भन्ने पनि सुनेकै हो -
शंकालुको शंका छल्न जानेका छौ रे, त्यसैले देखियौ थोत्रो झोलामा ।



# पहाडकी सौंराई उपन्यासको सांस्कृतिक अध्ययन

• पुष्करराज भट्ट

**१. विषय परिचय**

पहाडकी सौंराई उपन्यासका लेखक पद्मराज जोशी प्रभात हुन् । सुदूर पश्चिम क्षेत्रका एक क्रियाशील एवम् जागरूक साहित्यकर्मी जोशीको जन्म वि.स. २०१६ सालमा डोटी जिल्लाको पोखरी गाविसमा भएको हो । उपन्यासको साथसाथै कथा विधामा पनि कलम चलाउने जोशी लोकसाहित्यको अन्वेषण प्रति पनि रूची राख्ने गर्दछन् । उनका हालसम्म नामसारी (२०५७, कथा सङ्ग्रह), गौरापर्व एक परिचय (२०५९, लोक साहित्य), सुदूर पश्चिमको समाज र लोकसंस्कृति (लोक साहित्य, २०६४), पहाडकी सौंराई (उपन्यास, २०६४) कृति प्रकाशित छन् ।

पद्मराज जोशीको पुर्खौली घर डोटी हो र हाल उनको बसोबास कैलाली जिल्लाको धनगढीमा रहेको छ । पहाडकी सौंराई उपन्यासको परिवेशका रूपमा यी दुई जिल्ला आएका छन् । जोशीका लेखनमा उनको भोगाइ एवम् जीवन अनूभुतिको प्रभाव पाइन्छ । उनी सेती अञ्चलको पहाडी जनजीवन र तराई कैलालीमा बसोबास गरेका जनताको जीवनलाई प्रस्तुत गर्ने कार्यमा सफल मानिन्छन् । उनी नेपालको पछाडी परेको क्षेत्र सुदूर पश्चिमको समाज, सांस्कृतिक परिवेश एवम् स्थानिय जनजीवनका विगत एवम् वर्तमानका परिवेशलाई उतार्ने कार्यमा एक हदसम्म सफल नै छन् ।

पहाडकी सौंराई उपन्यास सेती अञ्चलका पहाडी मूलका पहाड-तराई दुवै स्थानमा बस्ने मानिसको जीवन सँग सम्बन्धित छ । यस उपन्यासमा सुदूर पश्चिमेली पहाडका जनताको जीवन र स्थानिय संस्कृतिसँगै अर्न्तघुलित उनीहरूको जीवनको झलक प्रस्तुत गरिएको छ ।

पहाडकी सौंराई उपन्यासमा सेती अञ्चलका पहाडी मूलका जनताको संस्कृतिले क्षेत्रीय संस्कृतिको रूप लिएको छ । स्थानिय संस्कृतिले यस उपन्यासको विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । स्थानिय जीवन र त्यससँग सम्बन्धित विषयवस्तुको उत्खनन नै यस उपन्यासको आधारभूमिका रूपमा रहेको छ । भूगोलले संस्कृतिलाई प्रतिबिम्बित गर्छ । यस उपन्यासको विकासमा भौगोलिक संस्कृतिले महत्वपूर्ण भूमिका खेलेको छ ।

सांस्कृतिक अध्ययनको क्षेत्र विस्तृत छ । यसले मानव जीवनका जन्म देखि मृत्युसम्मका विभिन्न क्रियाकलापको अध्ययन गर्दछ । यस लेखमा जोशीको पहाडकी सौंराई उपन्यासको सांस्कृतिक दृष्टिकोणले अध्ययन गरिएको छ । यो अध्ययनमा सांस्कृतिक अध्ययन अर्न्तगत वर्ग, लिङ्ग, जाति, राजनीति, परिवेश, पर्यावरण लगायतका विषयलाई सन्दर्भका रूपमा लिइएको छ । यही नै यस लेखको सीमा हो ।

**२. सांस्कृतिक अध्ययनको सैद्धान्तिक प्रारुप**

पूर्वीय साहित्यशास्त्र एवम् पश्चिमी साहित्यशास्त्रमा संस्कृतिका बारेमा चिन्तन प्रस्तुत गरिएको छ । संस्कृतिलाई चिनाउने क्रममा पूर्वीय सन्दर्भमा यसको अर्थलाई परिभाषित गर्ने क्रममा कृ धातुमा ति प्रत्यय लागेर निर्मित कृति

को अर्थ गर्नु वा गरिनु  बुझिएको छ। संस्कृति शब्द कृति मा स उपसर्ग लागेर भएको भन्दा विशेष र उच्च, परिस्कृत र परिमार्जित गर्नु भन्ने तात्पर्यमा आएको  पाइन्छ।

पश्चिममा भने यसबारेमा फरक खाले बुझाई रहेको पाइन्छ। संस्कृति लाई बुझाउने ऋगतिगचभ शब्द ल्याटिन भाषाबाट शुरूवात भएको हो । प्रारम्भमा बोटबिरूवा रोप्ने र गोडमेल गर्ने, स्याहारसुसार गर्ने (Cultivet) अर्थमा यसको प्रयोग भयो । आज यसको प्रयोग मानव आचरणको परिमार्जन र परिष्कार गर्नु भन्ने अर्थमा हुन्छ। राष्ट्र, जाति, धर्म, विश्वास, आचरण आदिमा आबद्ध मानवीय क्रियाकलाप, भाषा, रीतिस्थिति, राजनीति, अर्थनीति, कलाकौशल, बौद्धिक आचार, विधिव्यवहार आदिमा प्रकट हुने परिष्कृत रुप भन्ने अर्थमा पनि यसको प्रयोग हुन्छ।

परम्परागत रूपमा भौतिक वस्तु, शारिरीक कार्यक्रम, आङ्गिक क्रियाकलाप, चालचलनलाई संस्कृतिका रूपमा बुझिन्छ। आजभोलि संस्कृति भित्र बोलाइ, क्रियाकलाप, बसउठ, सोचाइ सबै पक्षको अध्ययन गरिन्छ। संस्कृतिमा समग्र मानवीय क्रियाकलापको अध्ययन गरिन्छ। सांस्कृतिक मूल्यमा परिवर्तन आउन समाजमा रहेको उत्पादन सम्बन्धमा पनि परिवर्तन आउनु पर्छ।

सांस्कृतिक अध्ययनका विभिन्न धारा-उपधारा रहेका छन् । यस अध्ययनमा वर्ग, लिङ्ग, जाति, क्षेत्र, राजनीति, स्थानगत, पर्यावरण, इतिहासलाई अध्ययनको आधारका रूपमा लिइएको छ।

**२. पहाडकी सौंराई उपन्यासको आख्यान सन्दर्भ**

पहाडकी सौंराई डोटी जिल्लाको पन्ध्र वर्षिय एक जना किशोरको कथा हो। उपन्यासको प्रारम्भमा उसले आफ्ना साथीहरूलाई आफ्नो क्षेत्रको बारेमा वर्णन गरेको पाइन्छ। कथाको प्रारम्भमा उसले परम्परादेखि चल्दै आएको पहाडबाट तराई तिर हाट भर्न जाने चलनको बारेमा बयान गर्दछ। समाजमा बालविवाहको प्रचलन रहेको, छोरीको विवाह गरे बापत केटा पक्षबाट पैसा लिने नराम्रो चलनका बारेमा पनि वर्णन गरिएको छ । समाजमा गरिबी भएका कारण मानिसहरू भारततिर कुल्ली मजदुरी गर्न जाने कार्य गर्दछन् । त्यहाँबाट खतरनाक रोग एडस लिएर आउने र घरमा रहेका परिवारका सदस्यलाई सार्नाले मानिसहरूले मृत्युको मुखमा पर्न जाने स्थितिको सिर्जना समेत भएको पाइन्छ। उपन्यासमा समाजमा रहेको कुसंस्कार एवम् कुरितीलाई प्रस्तुत गरिएको छ। उपन्यासमा समाजमा जातिप्रथाले जरो गाडेको र ब्राम्हण वर्गको सम्मान सबैले गर्ने गरेको कुरा पनि आएको छ । समाजमा सगुन अपसगुन मान्ने चलनको पक्ष पनि प्रस्तुत गरिएको छ। स्थानिय विभिन्न भूगोल र ती भूगोलसँग सम्बन्धित पौराणिक इतिहास र ऐतिहासिक पात्रका वीरता, साहस एवम् शौर्यका गाथा पनि आएको छ। उपन्यासमा मूख्य पात्र विजयको सहयात्रीका रूपमा आएको गम्बिरे र उसको जीवनको गरिबी एवम् जीवनको कारूणिकता लाई पनि देखाइएको छ। बाटामा भेटिएको जयानन्द भट्ट एकजना प्रौढ एवम् बुज्रुक मानिस हुन् । उनले भुवा खेलको प्रारम्भ हुनाको ऐतिहासिक पक्षको बारेमा वर्णन गरेका छन् । विभिन्न भौगोलिक परिवेश र ती स्थानको भौगौलिक सन्दर्भलाई पनि राम्ररी वर्णन गरिएको छ । गाउँका युवतीहरू आफ्ना जीवनका विभिन्न वेदनाहरू लोकगीत मार्फत व्यक्त गर्ने र बटुवाहरूले उनीहरू सँग दोहरी खेल्ने गरेको प्रसङ्ग पनि आएको छ । उपन्यासमा घोडाघोडी ताल र सो तालसँग सम्बन्धित पौराणिक घटना पनि वर्णन गरिएको छ ।  विभिन्न यात्रा पार गर्दै विजय ठूलीआमाको घर कोल्मुडा भन्ने ठाउँमा गएको प्रसङ्ग आएको छ । जेठी आमाको घर पुगेर जीवनका विभिन्न सुखदुखका कुरा गरेपछि कैलालीका अन्य ठाउँहरू मालाखेती एवम् गोदावरीका विभिन्न स्थानहरूमा पुगेका घटना वर्णन गरिएका छन् । खमौरामा भारतीय व्यापारीसँग वस्तु विनिमयका आधारमा नुन

लिएपछि त्यहाँबाट ठूली आमाको घर ओलानी जाने काम गर्दछ । त्यहाँ ठूली आमासँग विगत एवम् वर्तमानका जीवनका विभिन्न घटनाबारे कुरा गरिसकेपछि फर्केर पहाड जाने काम गरेको पाइन्छ । विजय आठ दिनपछि पहाड घर पुगेको प्रसङ्गसँगै उपन्यासको समापन गरिएको छ ।

**३. पहाडकी सौँराई उपन्यासको सांस्कृतिक अध्ययन**

विश्व साहित्यमा पछिल्लो समयमा सांस्कृतिक अध्ययनको कार्य व्यापक रूपमा अघि बढेको पाइन्छ । यो उत्तर चेतनासँग जोडिएको प्रमुख अध्ययन हो । सांस्कृतिक अध्ययले सांस्कृतिक व्यवहारहरु र शक्तिसँग त्यसको सम्बन्धलाई हेर्ने काम गर्दै त्यसलाई आफ्नो अध्ययनको प्रमुख विषय बनाउँछ । यसले समाजमा रहेको शक्ति सम्बन्धलाई अनावृत गर्दछ । यस्तो सम्बन्धले कसरी सांस्कृतिक व्यवहारलाई आकार प्रदान गर्दछ भनेर हेर्दछ । यसले शक्तिका अनेकन केन्द्र हुने कुरा गर्दछ । यो सोझो किसिमको संस्कृतिको अध्ययन भने होइन । यो सामाजिक, राजनैतिक सन्दर्भबाट नितान्त प्रथक एवम् असंपृत पनि रहँदैन । यसको उद्देश्य संस्कृतिलाई समग्र रुपमा लिनु र राजनैतिक, सामाजिक रुपमा विश्लेषण गर्नु हो ।

यस लेखमा पहाडकी सौँराई कथामा सांस्कृतिक अध्ययन अन्तर्गत कथावस्तु र शीर्षक, वर्ग, लिङ्ग, जाति, राजनीति, परिवेश लगायतका विषयमा अध्ययन केन्द्रित गरिएको छ ।

**३.१ शीर्षकीकरण र तात्पर्य**

उपन्यासको शीर्षक पहाडकी सौँराई -पदावली स्तरिय भाषिक संरचना नै हो । उपन्यासले पहाडलाई मूख्य विषय बनाएको छ । पहाड र सौँराई दुई वटा शब्दलाई यसले विषय जोड दिएको छ । यहाँ पहाडलाई चिनाउने क्रममा पहाडकी भनेर पहाडको स्त्रीकरण गरिएको छ । सुदूर पश्चिमको स्थानिय भाषामा भूगोल विशेषलाई जनाउन त्यससँग सम्बन्धित की प्रत्यय जोडिने गरिन्छ । पहाडलाई एउटा स्त्रीको रूपमा चित्रण गरेर त्यससँगको माया अर्थात सौँराई लाई नै उपन्यासमा शिर्षक बनाइएको छ । एउटा पहाडी मूलको मानिस पहाडबाट तराईमा झरे पनि ऊ सँग पहाडको सम्झना रहिरहन्छ । पहाडको भूगोल, संस्कृति एवम् जनजीवन प्रतिको अपार स्नेह उसमा रहिरहन्छ । पहाडको संस्कृति, चालचलन, भेषभुषालाई उसले आफ्नो ठानिरहन्छ । यसै सन्दर्भमा पहाडबाट तराईमा झरे पनि पहाडप्रतिको अनुराग बोक्ने पहाडी मूलका जनताको आख्यान सन्दर्भ नै यस उपन्यासको मूल विषयवस्तु हो । उपन्यासमा पहाड-तराईमा आवाजजावतका माध्यमबाट आपसी दुखसुख साटिरहेको जनताको जीवनको एक झलक लाई सफलतापूर्वक प्रस्तुत गरिएको छ ।

**३.२ वर्गगत सन्दर्भ**

नेपाली समाज विभिन्न वर्गमा विभाजित छ । उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्गको विभाजनका आधारमा हेर्दा निम्न र मध्यम वर्गले आर्थिक रुपमा पहुँच बनाउन सकेका छैनन् । देशको आर्थिक उत्पादनको ठूलो हिस्सा सीमित उच्च वर्गको हातमा रहेकोले नेपाली समाजमा उत्पादन र वितरणमा असन्तुलन रहेको छ । भूगोलका हिसाबले पनि आर्थिक असमानता रहेको पाइन्छ । तराईका तुलनामा पहाड एवम् हिमाली भेगका जनताको जीवनस्तर कमजोर छ । आर्थिक रूपले उनीहरू समृद्ध हुन सकेका छैनन् । अझ त्यसमा पनि स्थानिय सामन्त एवम् ठालुहरूको शोषणका कारण मध्यम एवम निम्नवर्गीय जनताको जीवन कष्टकर बन्न पुगेको छ ।

पहाडकी सौँराई उपन्यासमा पहाडका जनताको कष्टमय जीवनलाई देखाइएको छ । पहाडका जनतामा केही सम्पन्न वर्ग बाहेक अरूको जीवन कष्टप्रद रहेको छ । उनीहरू लाई गाँसबासको समेत समस्या छ । त्यो समस्यालाई टार्न उनीहरू पहाडबाट तराईमा झर्ने गरेका छन् । पहाडमा स्थानिय सामन्तले दुःख दिएपछि उनीहरू जीवन निर्वाहका लागि तराईमा झर्ने गर्छन् ।

तराईमा रहे पनि उनीहरूले विभिन्न दुःखकष्ट झेल्नु परे पनि पहाडको तुलनामा उनीहरूको जीवनमा सहजता भने आएको पाइन्छ ।

पहाडमा मानिसहरूको आर्थिक अवस्था कमजोर हुने कुरा यस उदाहरणबाट देखाउन सकिन्छ, "हेर बाबु हामीसँग सम्पति भनेको केही थिएन । सबैको हाल एउटै हो बाबु । साँझ खाएर बिहान के खाउँ, बिहान खाए साँझ के खाउँ हुन्थ्यो । सबैको हाल एउटै हो" ( प्रभात, २०६४ : ८८) ।

उपन्यासमा समाजमा आर्थिक रूपमा विभिन्न वर्गहरू रहेको र वर्गीय शोषण रहेको कुरा आएको कुरालाई यस उदाहरणबाट देखाउन सकिन्छ, "पच्चीस वर्षदेखि कमाई गर्दै घरजम बनाएको जग्गा सरकारी नापी आएर ७ नं फाराम भर्ने बेलामा त त्यसले पाप गऱ्यो, बाबु ! विश्वासले तमसुक पनि बनाएका थिएनौं । पछि भन्न थाल्यो मेरा छोराहरू धेरै भए । अब म तपाँईलाई जग्गा दिन सक्दैन" ( प्रभात, २०६४ : ८९) ।

**३.३ लिङ्गगत सन्दर्भ**

वर्गको उत्पत्ति सामाजिक, आर्थिक र ऐतिहासिक कारणले भएजस्तै समाजमा लिङ्गगत भेद पनि यसैबाट उत्पन्न हुन्छ । लिङ्ग प्राकृतिक कुरा हो । लैङ्गिक असमानता आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक कारणबाट उत्पन्न हुन्छ । समाजमा पितृसत्ताका कारण पुरुष भन्दा महिलालाई भिन्न भूमिका दिइन्छ । यो विभेदले महिला र पुरुषबिच गरिने व्यवहारमा भिन्नता ल्याउँछ । समाजमा क्षेत्रीय, वर्गीय, जातीय र लैङ्गिक शोषणका मारमा परेर महिलाहरुले शोषणको शिकार हुनु परेको छ ।

पहाडकी सौंराई उपन्यासमा रहेका महिलाहरूले पनि क्षेत्रीय, वर्गीय एवम् लैङ्गिक शोषणबाट पीडा भोग्नुपरेको छ । सुदूर पश्चिम क्षेत्रले नेपालका अन्य क्षेत्रको तुलनामा पछाडी पर्नु परेको छ । त्यसमा पनि पहाडका महिलाले अझ धेरै कामको बोझ झेल्नु परेको छ । परिवार एवम् समाजबाट लान्छित हुनु परेको छ । पछाडी परेको क्षेत्रका महिला भएका कारण यस क्षेत्रका महिलाले अगाडी बढ्न पाएका छैनन । समाजमा रहेको आर्थिक वर्गको कारण महिलाहरूले सामन्ती शोषणको शिकार बन्नुपरेको छ । समाजमा पुरूष वर्गले महिलाहरू माथि गर्ने अन्याय, अत्याचार गर्ने गर्छन् । एकातिर परिवार भित्र कामको बोझ अर्कोतिर पुरूष वर्गको थिचोमिचोका कारण उनीहरूले अगाडी बढ्न पाएका छैनन् । उपन्यासमा महिलाहरूले आफ्नो पीडा लोकसुसेली मार्फत व्यक्त गर्ने गरेको कुरा आएको छ ।

समाजमा छोरीको विवाह गर्दा माइती पक्षले केटा पक्षबाट पैसा लिने नराम्रो चलन पनि विद्यमान रहेको छ । रोजगारका निमित्त भारतमा जाने पुरूष वर्गले पछि घर फर्केर आउँदा एडस रोग बोकेर आउने गरेका छन् । उनीहरू आफू रोगबाट पीडित हुन्छन्, त्यो रोग आफ्नी श्रीमती एवम् नवजात शिशुमा पनि सार्ने हुँदा मानिसहरूले अकालमा ज्यान गुमाउने पर्ने स्थिति विद्यमान रहेको छ । उपन्यासमा महिलाहरू समाजबाट मात्र नभै आफ्ना परिवारका कारण दुःख पाउन बाध्य भएको दुःखद अवस्था आएको छ ।

पहाडकी सौंराई उपन्यासमा रहेका महिला वर्गले पनि सामन्ती शोषणको शिकार बन्नु परेर पहाड छोडनु परेको छ । पहाडमा त कामको बोझ छँदै थियो, उनीहरू तराईमा आइपुग्दा पनि कामको बोझ थपिदैं जानाले उनीहरूको जीवन कष्टप्रद भएको छ ।

परिवारमा महिलाहरूले घर परिवारको काममा जोतिनु पर्ने र परिवार बाहिरको संसारका बारेमा केही थाहा नपाउने कुरा यस उदाहरणले देखाएको छ, "कहाँको हलो, कहाँको फालो, कहाँको हली मैले कम दुःख पाएकी होइन । तिम्रा भाइहरू तरूण भएपछि मात्रै मेरो टाउकोको बोझ हल्का भएको हो ....छोरीको या त जन्मस्थान हुन्छ या त विवाह स्थान (पोइली घर) हुन्छ भन्छन् । माइती तर्फको बारेमा केही पनि जानेन । मेरो जुनी त्यसै

घरभित्र बित्यो" (प्रभात, २०६४ : ८६) ।

पहाडी भेगमा समाजमा छोरीको विवाह गर्दा केटा पक्षबाट पैसा खाने नराम्रो चलन रहेको कुरा यस उदाहरणले देखाउँछ, "छोरीलाई विवाह गरिदिँदा वरपक्षसँग धन खाने (पैसा खाने) प्रचलन समाजमा रहेको देखिन्छ । छोरी जन्मिसकेपछि एक खेत आर्जन भयो भन्ने मान्यता समेत केही संख्यामा रहेको सुनिन्थ्यो" ( प्रभात, २०६४ : १०) ।

पहाडका विपन्न मानिस रोजगारका निमित्त भारतका विभिन्न ठाउँमा जाने र त्यहाँबाट आएर परिवारका सदस्यलाई समेत एडस रोग सार्ने गरेको दुःखद अवस्था छ । आफू मात्र नभएर आफ्ना श्रीमती एवम् बालबच्चालाई समेत एडस सारेर जाने कार्य गर्नाले उनीहरूको जीवन समाप्त हुन पुगको स्थितिलाई यस उदाहरणले देखाउँछ, "दुई वर्ष अगाडी उसको श्रीमान बितेछ । अहिले ढुल्ली थला परेकी छ । सानो छोरो पनि बिरामी छ । आज हो कि भोली । अस्पताल लगेर चेक गराउँदा एच. आई भी. एडस भएछ । पुरै त्यो गाउँ एडसले रित्तो बनायो" ( प्रभात, २०६४ : ११) ।

**३.४ जातिगत सन्दर्भ**

समाजमा आर्थिक वर्गका आधारमा मात्र नभएर जातका आधारमा पनि मानिसमाथि शोषण भइरहको हुन्छ । माथिल्लो जातका मानिसले तल्लो जातका मानिसलाई हेला गर्ने, उनीहरु प्रति विभेदपूर्ण व्यवहार गर्ने, सामाजिक व्यवहारमा उनीहरुलाई अलग गर्ने काम गरेका हुन्छन् । तल्ला जातका मानिसहरू सामाजिक रुपमा सीमान्तकृत छन् । यिनका बारेमा कसैले पनि बोलिदिँदैन् । चेतना भएका मानिसले आफू विरुद्धको उत्पीडन विरूद्ध आवाज उठाउने गरेको पाइन्छ । हाम्रो समाजमा रहेको गलत संस्कारले गर्दा दमित अवस्थामा रहेका विपन्न नागरिक एवम् दलितहरुले प्रायः आवाज उठाएको पाइँदैन् । उनीहरू बरु आफ्नै गल्ती पो गर्यौं की भनेर चुक्चुकाएको पनि पाइन्छ । पहाडकी सौंराई उपन्यासमा सुदूर पश्चिमको पहाड-तराईको जातिगत अवस्था आएको छ ।

समाजमा ब्राह्मण सबैभन्दा उच्च जाति हो । सबैले उसलाई आदर एवम् सत्कार गर्ने गर्दछन् । ब्राह्मण कमै उमेरको भए पनि उसलाई आदर गर्नुपर्ने चलन रहेको छ । क्षत्रियहरूको स्थिति पनि सम्मानजनक छ । दलितहरूको जातिगत अवस्था सबैभन्दा दयनीय छ । धार्मिक कार्यमा समेत विभेदको शिकार हुन पुगेका छन् । समाजमा उनीहरूको गणना नै हुँदैन । उनीहरूको चर्चा गरिए पनि राम्रो किसिमले गरिदैंन । यस उपन्यासमा समाजमा रहेका उच्च जातको अवस्था चित्रण गरिएको छ । सोही समाजमा रहेका दलितहरूको जीवनको बारेमा भने खासै चर्चा गरिएको छैन ।

समाजमा ब्राम्हण जातिको अवस्था उच्च रहेको कुरा यस उदाहरणले देखाउँछ : "सबैले आ-आफ्नो ठाउँबाट उठेर मेरो नजिकै आएर मलाई पाउलागी गुरूजी भन्दै आदर गरे । रीति परम्परा पनि त्यस्तै थियो । म केवल १५ वर्षको उहाँहरू ४०-४५ वर्षका हुनुहुन्थ्यो" ( प्रभात, २०६४ : १५) ।

समाजमा जाति व्यवस्था रहेको र जातिगत विभेद रहेको पाइन्छ । विवाहका अवसरमा कोसेली लिने कुरामा पनि जाति अनुसार चलन फरक भएको कुरा यस उदाहरणले देखाउँछ, "क्षेत्री जाति र अन्य जातिहरूले शेलपुरी समेत लिने गर्दथे । हामी ब्राह्मणहरूका भने कसार मात्रै लिन्थ्यौं । कतै कतै कोसेली खसी खाने चलन पनि थियो । आजभोलि त त्यो चलन नै छुट्यो । कोसेली पुऱ्याउन जानेबेलामा ढोलीले केही कदम हिँडेर आधाबाटोसम्म पुऱ्याउन जान्थे "( प्रभात, २०६४ : ९३) ।

**३.५ राजनैतिक सन्दर्भ**

पहाडकी सौंराई उपन्यास २०६४ सालमा प्रकाशित भएको पाइन्छ । यो कथा वर्णन गरिएको समय वर्तमान समय भएपनि यसमा प्रस्तुत गरिएको जीवन भने विगतकाल हो । विगतका स्मृतिलाई कथानकको रूपमा

प्रस्तुत गरिएको छ । यस उपन्यासको घटना घटेको समय काल कैलाली जिल्लामा मानिसहरूको खासै बसोबास नबसिसकेको, पहाडबाट मानिसहरू क्रमशः तराईतिर झर्ने गरेको समय हो । उपन्यासमा घटना विगतका लिइए पनि वर्तमानका राजनैतिक घटना एवम् क्रियाकलापप्रति टिप्पणी प्रस्तुत गरिएको छ । नेपालमा राजनीतिकर्मीले देशलाई सही बाटोमा हिँडाउन नसकेको र देश र जनतालाई दुःख दिएको विचार व्यक्त गरिएको छ । उपन्यासमा नेताका गलत क्रियाकलापका साथै गलत नेतालाई साथ दिने र विरोध गर्न नसक्ने जनताका कार्यप्रति विरोध छ । यसरी उपन्यासमा राजनीतिले सही दिशा देखाउनु पर्ने विचार सशक्त किसिमले प्रस्तुत गरिएको छ ।

यस क्षेत्रमा राजनीतिकर्मी आफ्नो क्षेत्र एवम् जनताप्रति इमान्दार हुन सकेका छैनन् । यसै सन्दर्भमा उपन्यासमा राजनैतिक नेताहरूको क्रियाकलापप्रति यसरी विरोध गरिएको छ, "हाम्रा नेताहरू त जागीरे जस्ता भए । चुनाव जितिसकेपछि उनीहरू गाउँ फर्कदैनन् । यसवर्ष चुनाव भएपछि पाँचवर्ष पछि चुनाव लडने बेलामा मात्रै जिल्लामा आउँछन् । आजको यो एक्साइसौं शताब्दीमा पनि हाम्रा नेताहरू अठारौं शताब्दीको जिमिदारी, सामन्ती सामन्ती व्यवस्था सञ्चालन गरेजस्तो गर्छन्" (प्रभात, २०६४ : ४६) ।

**३.६ स्थानगत सन्दर्भ**

संस्कृतिको एउटा सूचकका रुपमा स्थान पनि रहेको पाइन्छ । स्थान अर्न्तगत सामान्यतया भूगोललाई राख्ने गरिन्छ । उत्तर आधुनिक युगमा सहर र गाउँका बिचमा निकै भिन्नता छ । राजधानी र जिल्ला, जिल्ला सदरमुकाम र गाउँ, बजार र गाउँ, तराई र पहाड लाई हेर्ने हो भने ज्ञान र शक्ति जिल्ला भन्दा राजधानीमा, गाउँ भन्दा जिल्ला सदरमुकाममा, गाउँ भन्दा बजारमा अनि पहाड र हिमाल भन्दा तराईमा हुने गरेको छ । सूचना र प्रविधि, अवसर एवम् सुविधाका निकट हुनाका कारण ज्ञान र शक्ति भएको क्षेत्रमा मानिसको विकास एवम् सफलता छिटो हुन्छ ।

यस उपन्यासमा आएका स्थानहरूमा तेले हिमाल, चाल्सको डाँडा, मानसरोवर, कर्णाली नदी, सिलगढी बजार, गाण्डीगाड, दिल्पेश्वर स्थान, कप्पलेक्की, ऐरीगाउँ, अपी हिमाल, सैपाल हिमाल, बडिमालिका, बैजनाथ धाम, पाल्पर्ने गडा, गडसेरा, सल्यारी, निरोली, जोरायल, बुँडर, जोगबुढा, फल्टुडे, बयाला, सहजपुर, कोलमुढा, ओलानी, खमौरा, बड्डी मछेली, गोसेली गाड इत्यादी रहेका छन् । यस उपन्यासमा घटना घटेका स्थान कैलाली र डोटी जिल्लाका स्थान रहेका छन भने प्रसंगवश सुदूर पश्चिमका अन्य पहाडी जिल्लाको नाम पनि आएका छन् । यसै सन्दर्भमा उपन्यसमा तेलेको लेकको बारेमा म पात्रको अनुभूति यसरी आएको छ, "त्यो विशाल जंगलको नाम तेले हो । मेरो जीवनका बाइस बसन्तहरू त्यसै तेलेको दृश्य हेर्दै बितेका थिए । यो क्षेत्रमा तेले नामले प्रचलित यो होचो हिमाल महाभारतको नामले पनि चिनिन्छ ।"( प्रभात, २०६४ : २) ।

पहाडकी सौंराई को परिवेश नेपालको सुदूर पश्चिमाञ्चल क्षेत्रको पहाडी एवम् तराईको ग्रामीण क्षेत्र रहेको छ । नेपालको अन्य क्षेत्रका तुलनामा सुदूर पश्चिम क्षेत्र पछाडी परेको छ । अझ त्यसमा पनि तराईका तुलनामा पहाड एवम् सदरमुकाम एवम् बजारका तुलनामा गाउँ अझ पछाडी परेका छन् । यस जिल्लामा उल्लेख गरिएको डोटी जिल्ला पहाडी जिल्ला हो । तराईका तुलनामा यो जिल्ला पछाडी परेको छ । यसरी नै यस उपन्यासमा उल्लेख गरिएका कैलाली जिल्लाका विभिन्न क्षेत्रहरू ग्रामीण क्षेत्र अर्न्तगत पर्दछन् । अझ यो उपन्यासमा वर्णित समय भनेको वस्तु विनिमयका आधारमा सामान खरिद बिक्री गर्ने समय हो । मानिसहरूले नुन लिन समेत टाढा पहाडबाट धैरै दिन पैदल हिंडेर तराई आउनु पर्ने भएकोले यो समय भनेर आर्थिक गतिविभि भर्खर प्रारम्भ भएको समय हो । यस समयको

मानिसको जीवन कष्टकर भएको कुरा यस उपन्यासका पात्रहरूले भोग्नुपरेको लामो यात्रा र ती यात्रासँग सम्बन्धित अनुभूतिबाट प्रष्ट हुन्छ ।

**३.७ पर्यावरणगत सन्दर्भ**

पहाडकी सौंराई उपन्यासमा सुदूर पश्चिमको डोटी जिल्ला र कैलाली जिल्लाको पर्यावरण आएको छ । उपन्यासमा विभिन्न भूगोलको परिचय दिने क्रममा त्यहाँको प्रकृति एवम् वातावरणको बारेमा वर्णन गरिएको छ । उपन्यासमा विभिन्न समयमा स्थानगत परिचय दिने क्रममा यहाँको प्रकृतिको समेत वर्णन गरिएको पाइन्छ । यहाँका मानव एवम् जीवजन्तु प्रकृतिसँग घुलेर बसेको कुरालाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यो क्षेत्रमा प्रकृतिको अनुपम सौन्दर्य रहेको र भोलिको पर्यटकीय विकासका निमित्त यसले महत्वपूर्ण भूमिका खेल्ने कुरा यसले देखाउँछ । उपन्यासमा प्राकृतिक सौन्दर्यको वर्णन यसरी गरिएको छ, "बीच बीचमा सेती नदीका नीला र गहिरा रहहरू कतै डरलाग्दा छड्यानहरू, कतै रमाइलो छड्यानको सांगीतिक धुन आफ्नै प्राकृतिक विशेषताले भरिएका थिए" ( प्रभात, २०६४ : २२) ।

**३.६ ऐतिहासिक सन्दर्भ**

पहाडकी सौंराई उपन्यासमा काली-कर्णाली क्षेत्रको इतिहासका विभिन्न सन्दर्भहरू आएका छन् । यसमा इतिहास क्रममा राजा रजौटाका बिचमा भएका द्वन्द्वका साथै विभिन्न चाडपर्व सँग सम्बन्धित जनश्रुति एवम् ऐतिहासिक घटनाहरूको पनि वर्णन गरिएको छ । चाडपर्व, प्राकृतिक स्थल एवम् नदीहरू सँग सम्बन्धित पौराणिक सन्दर्भका साथै जनश्रुतिलाई पनि प्रस्तुत गरिएको छ । उपन्यासकारले विभिन्न ठाउँका बारेमा जे जति पढेका एवम् सुनेका छन्, ती सबै कुरालाई उपन्यासमा विभिन्न घटनाको प्रस्तुति गर्ने क्रममा व्यक्त भएको छ । उपन्यासमा यस क्षेत्रको इतिहाससँग सम्बन्धित घटनालाई यसरी प्रकट गरिएको छ, "गोर्खाली सेना र डोटीका डुम्राकोटी शाही ठकुरी बीचमा यसै नारी घाटमा युद्ध भएको थियो । यहीँबाट डोटी राज्यको पराजय भएको थियो" ( प्रभात, २०६४ : २०) ।

उपन्यासकारले यो उपन्यास लेख्नु भन्दा पहिले यस क्षेत्रको भूगोल, सांस्कृतिक चालचलन का बारेमा व्यापक अध्ययन गरेको देखिन्छ । उपन्यास एक प्रकारले यात्रा संस्मरणको प्रस्तुति जस्तो बन्न पुगेको छ । उपन्यासमा म पात्रको भूमिका प्रभावकारी रहेको छ । कथानकलाई अगाडी बढाउने क्रममा उसले बढी समय आफ्ैले लिएको छ । उसले एकप्रकारले मुखपात्रको भूमिको खेलेको छ ।

**४. लेखकको जीवनसँग उपन्यासको सम्बन्ध**

उपन्यासका लेखक पद्मराज जोशी प्रभातको जन्मस्थान डोटी जिल्ला हो । उनको जीवनको बाल्यकाल एवम् किशोरावस्था डोटी जिल्लामा बित्यो । पछिल्ला दिनमा उनको बसोबास कैलाली जिल्लामा रह्यो । कुनै पनि लेखकको पृष्ठभूमि, उसको ज्ञानको सीमा एवम् उसको जीवन भोगाईले उसको साहित्य लेखनमा महत्वपूर्ण प्रभाव पार्दछ यसर्थमा लेखक जोशीको जीवनगत पृष्ठभूमिसँग यस उपन्यास लेखनको गहिरो नाता जोडिएको छ । जोशीको प्रष्ठभूमि डोटी जिल्लासँग जोडिएको छ । उनले आफ्नो जीवनको प्रारम्भ अवस्था देखि नै डोटी जिल्लाको बारेमा जान्ने बुझ्ने एव्म त्यहाँको समाज एवम् संस्कृतिलाई चिनेको पाइन्छ । उनलाई आफ्नो जीवनको अनभुवले यस उपन्यासको लेखनमा सघाउ पुगाएको देखिन्छ । उनको जीवनसँग कैलाली जिल्लाको गोदावरी गाविस पनि जोडिएको छ । पछिल्ला दिनमा कैलाली जिल्लाका सदरमुकाम धनगढीमा रहेर सरकारी जागीर एवम् सामाजिक, साहित्यिक संस्थामा रहेर कार्य गरेका कारण उनको ज्ञान एवम् अनुभवको क्षेत्र फराकिलो बन्दै गएको पाइन्छ । उनी मूलतः धार्मिक एवम् साहित्यिक संस्थामा लाग्न रूचाउने व्यक्ति हुन् । उनी लोकसाहित्य एवम् संस्कृति प्रति पनि रूची राख्दै आएका छन् । यो उपन्यासको लेखनमा

उनको यही रूचीले महत्वपूर्ण भूमिका खेलेको छ। उनले जीवनको अधिकांश समय बिताएको डोटी र कैलाली जिल्लाको भूगोल एवम् भूगोलसँग जोडिएको जनजीवनलाई आफ्नो अध्ययनको विषय बनाएका छन् । जोशीले समाजमा चलेका नाचगान, चाडपर्वका साथै स्थान विशेषको परिचय एवम् तिनको ऐतिहासिकताको खोजी गर्ने काममा जिज्ञासा देखाएका छन् । उनको यही जिज्ञासा एवम् शोधखोजको बानी उपन्यासको कथावस्तु निर्माणमा सहयोगी सिद्ध भएको छ।

**४. निष्कर्ष**

पहाडकी सौराईं सुदूर पश्चिम क्षेत्रको सेती अञ्चलमा बसोबास गर्ने जनताको जीवनगाथा हो । उपन्यासमा यस क्षेत्रका मानिसको अभाव, छटपटी एवम् बाँच्नुको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । एउटा निश्चित भूगोल र त्यस भूगोलसँग सम्बन्धित क्षेत्र, नदीनाला एवम् चालचलनलाई प्रस्तुत गरिएको छ। उपन्यासमा सिङ्गो राज्यको उपस्थितिबाट टाढा रहेको सुदूर भेगका जनताको अनुभूति एवम् जीवन बोधलाई कुशलताका साथ प्रस्तुत गरिएको छ।

उपन्यासमा एकातिर अभावग्रस्त जीवनका दारूण्मय अनुभूति आएको छ भने अर्कोतिर सामन्ती शोषण र त्यस शोषणका विरूद्धको चेतना पनि आएको छ। उपन्यासमा पहाडमा सामन्त वर्गले कसरी निम्नवर्गीय जनतालाई दुःख दिन्छन् भन्ने कुरा आएको छ। शोषक विरूद्धका घृणा व्यक्त गरिएको छ। अन्याय, अत्याचार विरोधी चेतना आएपनि त्यस विरूद्ध प्रतिरोध भने छैन। समाजमा जातिप्रथाका साथै जातीय भेदभाव समेत रहेको पाइन्छ। बाहुनको छोरा कम उमेरको भएपनि उसलाई ढोग्ने चलन कायम छ। धार्मिक कार्यमा दलितलाई सहभागी गराइँदैन । परिवारमा पुरूषको प्रभुत्व रहेको छ। मानिसहरूले पहाड छोडे पनि पहाडसँगको अनुराग कायम छ।

यो उपन्यास पहाडबाट भर्खर तराई सर्न पुगेका पहाडी मूलका जनताको विमर्श बन्न पुगेको छ। पहाडमा जीवन निर्वाह गर्न बाध्य भएका जनता साधन, श्रोत पहाडमा भन्दा तराईमा भएकोले तराईमा आएर बसोबास गर्न पुगेका छन्। उपन्यासमा तराई झरेपछिका दिनमा उनीहरूको जीवन सुखी भएको अनुभूति आएको छ। उनीहरूले पहाड छोडेपनि त्यहाँको समाज एवम् संस्कृतिसँगको सम्झना रहिरहन्छ। नयाँ समाजसँगको अर्न्तक्रिया एवम् अनुभव साटने भन्दा पनि पुरानो संसारको सम्झनाले बाँच्नुले उनीहरूको मनमस्तिष्क एवम् व्यवहार सबै क्षेत्रमा पहाडी जीवनले ठाउँ बनाएको छ। यो उपन्यासमा सुदूर पश्चिमको तराई भेगमा पहाडी मूलका मानिसहरू भर्खर बसोबास सर्न लागेको समय आएको छ। पहाडमा यातायातको सुविधा नभएकोले धेरै दिन हिँडेपछि तराईमा पुग्नुपर्ने स्थिति रहेको छ। तराईमा भर्खर भर्खर व्यापार प्रारम्भ भएको र वस्तु विनिमयका माध्यमबाट लेनदेन हुने गरेको छ । पहाडबाट मानिसहरू एक्लैदुक्लै नआएर समूहमा आएर किनमेल गर्ने गरेका छन्। व्यापार गर्ने मानिसहरू सबै भारतीय मूलका छन्।

उपन्यासमा सुदूर पश्चिमको एक निश्चित भूगोलको जीवन र त्यहाँका जनताका अनुभूतिलाई प्रस्तुत गरिएको छ। मानिसहरूका सांस्कृतिक व्यवहारलाई देखाइएको छ । यहाँको भूगोल, संस्कृति र चालचलनका पक्ष पनि कुशलताका साथ प्रस्तुत गरिएको छ । यस अर्थमा यो उपन्यास नेपालको सुदूर भेगका जनताको जीवन प्रस्तुत गर्ने सशक्त माध्यम बन्न पुगेको छ।

**सन्दर्भ सामग्री सूची**

उप्रेती. सञ्जीव.२०६८. सिद्धान्तका कुरा. काठमाडौं : अक्षर क्रियशन।

प्रभात. पद्मराज २०६४. पहाडकी सौंराई. धनगढी : सौंराई प्रकाशन।

भट्ट. पुष्करराज. २०६९."शकुन्तलाको चिन्तन कथाको सांस्कृतिक अध्ययन". नवज्योति. ९/२. ५०. पृ. ५०-५९।

# "मेरी सासू" को पौरख हेर्दा



• गङ्गा कर्माचार्य पौडेल

'इन्दिरा प्रसाई' नेपाली भाषा साहित्यकी सिद्धहस्त नारी हस्ताक्षर हुन् । कृति प्रकाशन, साङ्गठनिक नेतृत्व, पुरस्कार वितरण जस्ता साहित्यका जुनसुकै स्थानमा पनि उनी अग्रपङ्तिमा उभिएकी छन् । नेपाली भाषा साहित्यलाई सगरमाथाको चुलीमा पुऱ्याउन यिनी दिनरात खटिरहेकी छन् । वाङ्मयिक क्षेत्रमा कसैले सोच्नसम्म नसकेका कुराहरु इन्दिराको दिमागमा फुर्दछ र त्यसैलाई चिन्तन मनन गरि हरतरहले लागि परि व्यवहारमा उतारेरै छोड्दछिन् । फलस्वरुप त्रिमुर्ति निकेतनको स्थापना गरिन् । नई प्रकाशनको थालनी गरिन, अन्तराष्ट्रिय साहित्य सम्मेलन २०५६, नारी चुली २०६३, विश्वनारी साहित्य सम्मेलन २०७१ जस्ता कार्य सम्पन्न गर्नुका साथै डा. वानिरा गिरीलाई विश्व नारीरत्न पदकले विभुषित गराइन् । निकट भविश्यमै नारी त्रिरत्न (गोमा, पारिजात, प्रेम राजेश्वरी) को शालिक स्थापना गरिदैछ । यसरी हेर्दा इन्दिरा प्रसाई अग्रज साहित्यकार हरुलाई सम्मान गर्न उत्तिकै सिपालु देखिन्छिन् भने नव प्रतिभाहरुलाई तिनका प्रतिभा उजागर गर्न सघाउँदै आएकी छन् । नरममा गुलाफको फूल जस्तो, नरम कडामा ढुङ्गा जस्तो बनेर परिस्थिति अनुरुप आफूलाई प्रस्तुत गर्न सक्ने अद्‌भूत कला छ उनमा । फलत गोरखापत्र संस्थानमा प्रथम महिला कार्यकारी अध्यक्ष, तत्कालिन श्री ५ को सरकारको सल्लाहाकार बन्न सफल भईन् । उनी प्रवल गोरखा दक्षिण बाहु, विरेन्द्र ऐश्वर्य सेवापदक, गद्दी आरोहण रजत पदक जस्ता अलङ्कारबाट विभूषित भएकी छन् भने राष्ट्रिय प्रतिभा पुरस्कार, युवा वर्ष मोती पुरस्कार, मैनाली कथा पुरस्कार, राष्ट्रिय गौरव युवा समाज, भानु साहित्य सम्मान, भद्रकुमारी घले सम्मानबाट पुरस्कृत, सम्मानित भईसकेकी छन् ।




हाल त्रिमूर्ति निकेतनको अध्यक्ष, बालकृष्ण सम फाउण्डेसनको अध्यक्ष, नई प्रकाशनको अध्यक्ष पदमा रही संस्थालाई क्रियाशिल बनाई रहेकी छन् साथै पशुपति बहुमुखी क्याम्पसमा प्राध्यापन पनि गरिरहेकी छन् । कथा, कविता, उपन्यास, समालोचना, जीवनी जस्ता साहित्यका विविध विधाका ३५ वटा पुस्तक प्रकाशन गरिसकेकी उनले कृति लेखान, प्रकाशन, साङ्गठनिक नेतृत्व, घरव्यवहार, पुरस्कार वितरण जस्ता जिम्मेवारीलाई एकसाथ काँधमा बोकी कुशलतापूर्वक लम्की रहेकी छन् । जति व्यस्त भएपनि आफू भनि आउनेहरुलाई भेट पनि दिने गरेकै छन् । यसरी हेर्दा समयलाई कसरी व्यवस्थित गर्छिन् ? जिम्मेवारीको बोझ उठाउने शक्ति उनलाई काहाँबाट प्राप्त भइरहेको छ होला भनि जोसुकैको मनमा कौतुहलता उत्पन्न हुने गर्दछ ।

त्यही बेला म झलक्क इन्दिराको जीवनसाथी नरेन्द्रराज प्रसाईलाई सम्झिन्छु । उनी आफ्नी पत्नीको हरेक सत्कर्म निर्माणमा

बलियो खम्बा भएर उभिएका छन् । इन्दिराको यात्रामा चर्को घाम लाग्दा उनीसँगै घामको रापमा सेकिएका छन्, पानी पर्दा निथ्रुक्कै भिजेका छन्, हुरी बतास आउँदा आड भरोसा बनेका छन् र त कुनै बाधा ब्यवधानले अल्भ्फाउन सक्तैन इन्दिरालाई । "ढुङ्गाको भर माटो, माटाको भर ढुङ्गा भने भ्कै" नेपाली भाषा साहित्यको उत्थानका लागि यो जोडी भोक, प्यास, निद्रा जाडो गर्मी जस्ता भौतिक सुखको परवाह नगरी दिनरात एकसाथ कुदेको कुदयैछन् । काम गर्दा यदाकदा आउने गरेका आलोचनालाई आफ्ना सत्कर्मरुपि विरुवाको मल ठान्दछन् उनीहरु । "काग कराउँदैछ पिना सुक्दैछ" भनेभ्कै भ्किनामसिना कुराहरुमा अल्मलिएर समय खेर फाल्न चाहँदैनन् । कतिपय कार्यक्रममा इन्दिराले बोलेको सुनेको छु मैले, उनी भन्छिन् "कृपया प्रशंसा नगरिदिनु होला । प्रशंसादेखि मलाई डर लाग्छ ।"

मैले पनि यहाँ इन्दिराको प्रशंसा गर्न मात्र खोजेको होइन । उनले गरेका सूकार्यको केही अंश प्रकाश गर्न खोजेकी हुँ । किनभने एउटा लेखकको नाताले आफूले देखें, सुने, भोगेका कुरा त्यो पनि एउटा स्रष्टाले बाङ्मयका लागि गरेको त्याग तपस्यालाई लिपिवद्ध गरि पाठक सामु पुऱ्याउनु लेखकको कर्तव्य हो र लेखकीय धर्म पनि हो भन्ने मेरो मान्यता छ ।

माता दुर्गादेवी, पिता गणेश प्रसाद शर्माकी सुपुत्री इन्दिराको जन्म २०१४ साल फागुन ३ गते दार्जिलिङ्गमा भएको हो । गणेश प्रसाद शर्माको स्थायी घर विराटनगरमा भएकोले इन्दिराले बाल्यकाल विराटनगरमै विताइन् । विराटनगरबाट नै स्कूल कलेजको अध्ययन पनि पुरा गरिन् । स्कूल जीवनदेखि नै साहित्यमा प्रवेश गरेकी इन्दिराले हालसम्म कविता, कथा, निवन्ध, उपन्यास, समालोचना, जीवनी जस्ता साहित्यका विविध विधामा कलम चलाउँदै आएकी छन् । यसरी हेर्दा उनको कलम एउटै विधामा सिमित छैन र जुन विधामा हात हालेकी छन् त्यो कृति पठनीय छ र चिन्तन मनन योग्य छ । तिनै कृतिहरु मध्ये "मेरी सासू" पढेपछिका अनुभूतिलाई यहाँ प्रस्तुत गर्ने जमर्को गरेकी छु ।

"मेरी सासू" भागीरथा प्रसाईको जीवनीमा आधारित पुस्तक हो । भागीरथा नरेन्द्र प्रसाईकी पुजनीय माता तथा इन्दिरा प्रसाईकी सासू हुनुहुन्छ । पुस्तकको आवरण स्वयं भागीरथा प्रसाईको तस्वीरले सजिएको छ । आमा ! भनेर बोलायो भने हजुर ! भनेर बोल्नु हुन्छ कि जस्तो तस्विर देख्दा उहाँ परलोक हुनु भएकै छैन जस्तो लाग्छ र हेरिरहन मन लाग्छ । यहाँ नेर मैले आमालाई पहिलो पटक भेट्दाका सम्भ्कना थप्न चाहें । म स्कूल पढ्दा ६ कक्षा देखि नै कविता लेख्न थालेको भएपनि २०३३ सालमा मात्र "गङ्गाका छालहरु" शीर्षकमा कृति प्रकाशन भएको थियो । विवाह पश्चात घरव्यवहार, जागिरमा अलमलिएर ३० वर्षसम्म साहित्यदेखि टाढिन पुगें । २०६३ साल जेठमा नई प्रकाशनबाट "नारीचुली" प्रकाशित भयो । त्यसमा एउटासम्म कृति प्रकाशन गर्ने स्रष्टाहरुलाई समेटिएको थियो तर म छुटें । त्यसको कारण म आफै थिए । त्यसपछि एक दिन म श्रीमान हेम पौडेलसित घट्टेकुलो स्थित नई निवासमा जाँदा नरेन्द्र प्रसाईले आमासित हाम्रो परिचय गराएका थिए । इन्दिराले आफ्नै हातले बनाएको चिया खुवाएकी थिइन् । त्यतिबेला आमालाई देख्दा भ्क्वाम्मै अँगालो हालेर धित मरुन्जेल रुन मन लागेको थियो किनभने भागीरथा प्रसाईमा मैले मेरी स्व. आमाको मुहार देख्न पुगेको थिएँ । तापनि त्यसो गरिहाल्न सकिन । पहिलो पटक भेटेको नयाँ नौलो मान्छेबाट यस्तो व्यवहार देखि के भन्ठान्नु होला भनेर हच्किए अनि मन बलियो पारेर बसें । त्यसपछिका दिनहरुमा आमालाई भेट्ने निहुँले केही चीज (विस्कुट, फलफूल) लिएर जान थालेको थिएँ तर मैले हातमा केही बोकेर लगेको नरेन्द्र पटक्कै रुचाउँदैनथे । खाली हात आमालाई भेट्न मेरो मनले मान्दैनथ्यो । किनभने आफूले मान्नुपर्ने मान्छेकोमा जाँदा खालीहात नजानु भनेर आमाले सानैदेखि सिकाउनु भएको थियो । त्यसैलाई संस्कार मानिन्थ्यो । त्यही कारणले गर्दा नई निवास जान पनि कम भयो । नईको कार्यक्रमहरुमा भने आमालाई भेट्थें शिर निहुराएर आदरपूर्वक हातमा स्पर्श गर्थे अनि मन लागुञ्जेल उहाँलाई

हेरेर चित्त बुझाउँथे ।

नारीचुलीमा छुटे पनि अब छिट्टै नारी स्रष्टाकोष आउँदैछ तपाईलाई त्यसमा समेट्नेछौं भनेर नरेन्द्र र इन्दिराले मलाई आश्वासन मात्र दिएनन् त्यति बेला आफूले गरेका हरेक कार्यक्रमहरुमा सहभागी गराई साहित्यकारहरुसित परिचित हुने अवसर समेत प्रदान गरे । अब अध्ययन गर्नु र लेखनलाई अघि बढाउनु भनि थुप्रै पुस्तकहरु निःशुल्क प्रदान गरे । त्यसपछि म सक्रिय हुँदै गएँ अनि ६ वर्ष भित्रमा १४ वटा पुस्तकहरु प्रकाशित भए । एउटा गीति एल्बम (संयुक्त) सहलेखनमा ६ थान पुस्तक प्रकाशित छन् । किशोर उपन्यास, कथा, लघुकथा, नियात्राका केही पुस्तकहरु प्रकाशनका संघारमा छन् । यो प्रसंगलाई यहीं छोडेर म "मेरी सासू" पुस्तकप्रति ध्यान आकृष्ट गर्न चाहन्छु ।

"मेरी सासू" को प्रकाशकीयमा भनिएको छ "मेरी सासू" नामक कृति एकातिर सासू भागीरथा प्रसाईप्रतिको बुहारी इन्दिराको निष्ठा, समपर्ण र कृतज्ञताको पुष्प हो भने अर्कोतिर यस कृतिले तत्कालिन नेपालका नारीहरुको कथा व्यथालाई सर्लक्कै बोकेको छ । नेपाली नारीको मनमा जतिसुकै चोट परेपनि ऐया र आत्थु नभनि आफ्नो यात्रामा लम्कने परिवेशको कथा "मेरी सासू" ले बोकेको छ ।

त्यसैगरि अर्थपूर्ण कान्ति "मेरी सासू" शीर्षकमा गणेश बहादुर प्रसाईले भागीरथा र उहाँका परिवारका बारेमा विगतका घटनाहरु प्रकाश पार्दै लेखेका छन् "मेरी सासू" की नायिका श्रीमती भागीरथा प्रसाईका नौ दशक लामो जीवनको कथा व्यथालाई मनन गर्दा राणाकालिन नेपालको खस वाहुन समाजका आमा बाबुले "सके घर खानु नसके नदीमा डुबेर मर" भनी बालखैमा घर पठाइने प्रतिनिधित्व हाम्री आमा भागीरथा प्रसाईले गरेको देख्न पाइन्छ ।

"च्यादर घरकी हाम्री काकी" शीर्षकमा नन्दकुमार प्रसाई लेख्दछन् "त्यतिबेला साइली आमा (भागीरथा प्रसाई) ले आफ्ना पतिसँगसँगै लागेर त्यहाँ कसैले गर्न नसकेको दुइवटा काम पनि गर्नु भयो एक आफ्नै घर जग्गामा शिवालयको स्थापना र अर्को आफ्नै गोदाममा स्कूलको स्थापना । त्यतिबेला उहाँहरुले आफ्नै घरमा निःशुल्क छात्राबास पनि खोल्नु भएको थियो र त्यसको नाउँ जिजुहाउस थियो ।" उक्त भनाईबाट भागीरथा प्रसाईको शिक्षाप्रतिको चेतना प्रष्ट झल्किन्थ्यो । आफूले पढ्न नपाए पनि गाउँका अरु केटाकेटीहरुले शिक्षाको उज्यालो घामबाट बञ्चित हुन नपरोस् भनि आफ्नै घर गोदाममा स्कूल छात्रावास खोल्ने उहाँ वन्दनीय हुनुहुन्छ । धन सम्पत्ति भएका मानिसहरु हाम्रो समाजमा थुप्रै छन् तर भागीरथाको जस्तो मन भएका मान्छेहरु कमै भेटिन्छन् । उनको जस्तो मन सबैको भईदिए यहाँ कोही पनि दुःखी हुँदैनथ्यो होला ।

"मेरी साल्दिदीको कथा" मा प्रा.डा. रामप्रसाद उप्रेतीले लेखेका छन् "नेपाली भाषा साहित्यमा "मेरी सासू" प्रेरक कृति हो । आजको समाजमा सासू बुहारीको मायाप्रितीको कुरा परै जाओस जगल्टा समाता समात गर्ने प्रवृत्ति व्याप्त छ । "मेरी सासू" भित्र प्रस्तुत सासु बुहारीको व्यक्तित्व र कर्तव्य संयुक्त परिवार टुक्रिदाको पीडा भोगीरहेको अहिलेको हाम्रो नेपाली समाजको लागि मलम झै भएको मैले महसुस गरें । एकातिर औषधी विज्ञानले गर्दा आयुवृद्धिको सुख पनि अहिलेको संसारलाई प्राप्त भएको छ भने अर्कोतिर संयुक्त परिवार टुक्रदै गएकोले हाम्रो समाजमा पनि जेष्ठ नागरिकको लालन पालनको समस्याले निकै जटिल रुप लिन थालिसकेको छ ।" उनको भनाईमा म सत्यता देख्दछु । हो घरमा वृद्धवृद्धालाई एक प्रकारको बोझ ठान्दछन् र त जसरी भएपनि पन्छाउने जुक्ति गर्दै वृद्धाश्रममा पुर्‍याएर छोड्छन् । म आफू पनि केही वर्षदेखि तपस्थली वृद्धाश्रममा सहसचिव भएर काम गरिरहेकी छु । छोरा बुहारी नाति नातीना भएका वृद्धा पनि त्यस आश्रममा आश्रय लिइरहेका छन् । त्यो देख्दा लाग्छ "धन, बल छउन्जेल सबै आफ्ना हुन्छन् आफूसित धन, बल नहुँदा आफन्त पनि पराया बन्छन्" तापनि सबै मानिस एकै हुँदैनन् अझै पनि बाबुआमालाई देउता मान्ने सन्तान पनि हाम्रो समाजमा छन् है भन्ने कुराको सन्देश प्रवाह गरेको छ "मेरी सासू" ले ।

"मेरी सासू" मा विभिन्न शीर्षक राखी १२ खण्डमा विभाजित गरेर भागीरथाको जीवनी लेखन पूरा गरिएको छ। "मेरी सासूको पूर्वकथामा" भागीरथा प्रसाईको जन्म १९७६ साल जेठ ८ गते बुधबार आठराई इवामा भएको थियो। उहाँको पिताको नाम प्रेमलाल उप्रेती हो। प्रेमलाल उप्रेती र नरध्वज प्रसाई काम विशेषले भेट भइरहँदा एक आपसमा मित्रता थियो। कुराको प्रसंगमा दुबै जनाकी पत्नी गर्भिणी भएको थाहा पाए पछि एउटीले छोरा अर्कोले छोरी जन्मी भने विवाह गराई दिएर पारिवारिक सम्बन्ध विस्तार गर्ने इच्छा गरे अनि गर्भमै भएका बच्चाहरुको विहेको टुङ्गो लगाएका थिए भन्ने कुरा वडो रोचक र अनौठो लाग्दछ। छोरी जन्मे हुर्केर पढाई पछि विवाह योग्य भएपछि छोरीको इच्छा नभई विहे नगरिने अहिलेको जमानामा गर्भमै विहेको कुरा छिनिने उ बेलाको कुरा कथा जस्तै लाग्छ तर त्यही नै वास्तविकता थियो।

मेरी सासूका परिवारमा - भागीरथा प्रसाईको विवाह जय प्रसाद प्रसाईसित भएको थियो। जय प्रसाद प्रसाईका पिताको नाम नरध्वज थियो। नरध्वजका दुई जना पत्नी थिए। जेठी पत्नीबाट चारभाइ छोरा कान्छीबाट एक जना छोरा जन्मिएका थिए। पाँचजना छोराहरुको विहेवारी गरि जन्मिएका सन्तानले हाङपाङ ढाकिएको थियो। बहुपत्नी वरण गर्ने उ बेला कस्ले कति सन्तान जन्माए भन्ने कुरा हिसाव किताव गर्न कठिन भएपनि भागीरथाबाट इन्दिराले आफ्नो परिवार संख्या नाम सहित लिएर यहाँ उल्लेख गर्न सफल भएकी छन्। ठूलो परिवारमा पनि मिलेर बस्न सक्ने भागीरथाको मिलनसार स्वभावबाट हामीले धेरै कुराहरु सिक्न सक्दछौं।

मेरी सासूका सन्तान - मा भागीरथाले जन्माउनु भएका सन्तानहरु छोराहरु विष्णुभक्त, छोरी नीरा, छोरा पदमराज, दीर्घराज, भरतराज, नरेन्द्रराज र कान्छो छोरा गङ्गाराज प्रसाई गरि सात जनाको नाम उल्लेख गरिएको छ। पति जयराज प्रसाई पहिला राम्रो कमाई धमाई भएका र शौखिन व्यक्ति भएपनि पछि जोगिको सङ्गतमा परेर घर व्यवहार नहेरिदिंदा भागीरथा प्रसाई एक्लैले त्यतिका छोराछोरीलाई हुकाई बढाई गर्दाको कुरा र पारिवारिक मेल, वेमेल जस्ता तीता मीठा कुरा यहाँ प्रस्तुत गरिएको छ।

मेरी सासूको सौता प्रसङ्ग - मा भागीरथा प्रसाइका पति जयराज प्रसाईको दोस्रो विहाको प्रसङ्ग वडो रमाइलोसित प्रस्तुत गरिएको छ। त्यति बेला आफ्नो रिस इवी सन्तान दरसन्तानसित पनि साँध्ने गरिन्थ्यो भन्ने कुरा देखिन्छ। भागीरथाको माइती उप्रेती र उहाँकी सासुको माइती शिवाकोटीका बीचमा भएको बैमनस्यताले गर्दा त्यसको वदला लिन भागीरथालाई सौता हालिएको रहेछ। तर भागीरथाले सौतालाई पनि बहिनी सरह स्नेह गरि अपनाईदिंदा बुहारीको शेखी झार्न छोराको दोस्रो विहा गरिदिएकी भागीरथाकी सासु आफै जिल्ल पर्नु परेको छ यहाँ।

मेरी सासूको घर व्यवहार - मा भागीरथा प्रसाईले १३ वर्षको उमेरमा जयप्रसाद प्रसाईसित विवाह भई गृह प्रवेश गरेदेखि भोग्नु परेका बुहार्तन उहाँको मुखबाट गरिएको वर्णनलाई यहाँ कुशलतापूर्वक उतारेकी छन् इन्दिराले।

मेरी सासू २००७ साल - मा लिम्बुहरुको आक्रमणबाट जोगिन बिरामी पतिलाई घरैमा छोडेर भागीरथा हाङपाङबाट भागेर झापामा आउनुपर्दाको दुःखद घटनाको वर्णन छ। भागीरथाले लिम्बुहरुप्रति पहिला कुनै नराम्रो व्यवहार नगरेकी हुँदा उनीहरुले नै बोलाउन पठाएर पतिसित मिलन गराएका थिए। आफ्नो असल व्यवहारबाट शत्रुलाई पनि रिझाउन सकिन्छ, अनि दुःखमा आत्तिनु हुँदैन, धैर्यले काम लिनुपर्छ भन्ने सन्देश छ यसमा। किनभने भागीरथाले घर छोडेर मधेस आउनेबेलामा आमाजूले मात्र देख्ने गरि माटोमुनी सुनका गरगहना गाडेर आउनु भएको थियो यदि त्यसरी नगाडेको भए लिम्बुहरुले लुटेर लाने थिए।

मेरी सासूको धर्मकर्म - मा भागीरथा प्रसाईले आफ्नो जीवनकालमा बलबुताले भ्याएसम्मको पूजा, पुराण लाउनु, घरैमा स्कूल खोलेर केटाकेटी पढाउनु, छात्राबास खोल्नु, दुःख पाएकी केटी ल्याएर पालन पोषण

गरि उमेर भएपछि विहे दान गरिदिनु जस्ता परोपकारी कार्यको उजागर गरिएको छ ।

मेरी सासूको सोख र सीप - यसमा भागीरथा प्रसाईको खास सोख नाच्ने गाउने थियो भन्ने कुरा लेखिएको छ । उहाँले गुनगुनाउने गरेका गीत केही हरफ पनि उद्धृत छन् यहाँ जस्तै :-

*"हो नानी ! तिमी त पहेली पातली दन्तैमा लाउने विरी*

*आमा र जीउको सम्हार गरे है आउँदैन जोवन फेरी ।*

*इलामको सिलाम पाकपुके तोरी तेल आउँछ तुरुरु*

*सँगैको साथी देशकाटी गयो मन रुन्छ धुरुरु*

यस्ता कैयौ गीतका गेडाहरु भागीरथा प्रसाइले कण्ठ सुनाउने गर्नुहुन्थ्यो भनेकी छन् इन्दिराले । त्यसको अलावा बत्ती कात्ने, मकैका खोस्टाको चकटी बुन्ने, थरिथरिका परिकार बनाई पाहुनालाई सन्तुष्ट पार्ने, लुगा सिलाउने, पातबाट टपरी बनाउने आदि काम पनि उहाँले आफै गर्नुहुन्थ्यो । जुन चिजहरु ग्रामीण जीवनमा दैनिक रुपमा प्रयोग हुने गर्दछ ।

मेरी सासू र नरेन्द्रको कथा - यसमा भागीरथा प्रसाईले माईलो छोरा गुमाउनु पर्दाको पीडा व्यक्त गरिएको छ भने त्यसको दश महिना पछि जन्मिएको नरेन्द्रलाई आमाले उही माइलो छोराको पुर्नजन्म मान्नु, नरेन्द्रले पनि सबैभन्दा बढी आमालाई माया गर्नु, विहान उठेर आमालाई नढोगी पानी पनि मुखमा नराख्नु जस्ता मातृ भक्तित्वको उदाहरणीय संस्कार पाईन्छ । यो पढ्दा लाग्छ छोरो हुनु त नरेन्द्र जस्तो ।

अर्को कुरा भागीरथा प्रसाईं पुरानो जवानाको भईकन पनि विशाल हृदय भएकी आमा हुनुहुन्थ्यो । नरेन्द्रको पहिलो घरवार बिग्रेपछि इन्दिरासँग दोस्रो विवाह गरे । इन्दिराको पनि त्यो दोस्रो विवाह थियो । उनीसँग पहिलो पतिबाट जन्मिएका तीनजना छोरीहरू पनि थिए । आफ्नो छोराले अरूको सन्तानसहितकी पत्नीवरण गर्दा कसरी उनको हृदयले स्वीकार गर्न सक्यो होला ? यो कुनै चानचुने व्यक्तिले स्वीकार गर्न सक्ने कुरै थिएन । उहाँ अझ नरेन्द्रलाई सम्झाउँदै भन्नुहुन्थ्यो "हेर बाबु ! माउ ल्याएपछि बाछाबाछी पनि पछिपछि लागि हाल्छन् । यिनीहरूले आफ्नै भाग्यले खान्छन् । तैँले केही गर्नु पर्दैन । ती बच्चाहरूलाई केही नभन्नु । ठुलो स्वर पनि नगर्नू ।" त्यसैगरी इन्दिरालाई पनि नरेन्द्रका पूर्व पत्निबाट जन्मिएका छोरा कञ्चनजङ्गालाई पनि आफ्नै सम्झेर माया गर्नु पर्छ भन्नुहुन्थ्यो । इन्दिराका छोरीहरू र नरेन्द्रका छोरा सबैलाई समान रूपमा माया गर्नुहुन्थ्यो उहाँले । केटाकेटीहरु पनि हजुरआमा भनेपछि हुरूक्कै हुन्थे ।

मेरी सासूको वसाई सराई - मा भागीरथा प्रसाईको साहस र आँट देखिन्छ । आईमाई देखेर त्यहींको एकजना बासिन्दाले जग्गा हडप्न खोजे । त्यतिबेला भागीरथाले हातमा नाङ्गो खुकुरी लिएर काट्न तम्से पछि तिनीहरु भागाभाग गरे । उहाँको त्यो वीरतालाई सलाम गर्छु । अघिपछि शान्त, सुशील, ममताले भरि पूर्ण सीता जस्ती कोमल नारी परेको बेलामा दुर्गा रणचण्डी पनि बन्न सक्दछन् भन्ने कुरा यो घटनाले देखाउँदछ ।

मेरी सासू अस्पताल भर्ना - भागीरथा प्रसाईलाई सितिमिती अस्पतालको औषधि खानु पर्दैनथ्यो तर एकपटक अचानक विरामी पर्दा झापाकै अस्पतालमा ३ रात वस्नु वाहेक अस्पताल जानु परेको थिएन तापनि २०६२ साल जेठ २९ गते उहाँलाई टाउकोको विरामीले गर्दा मोडल अस्पतालमा भर्ना गरि अप्रेसन गर्नुपर्‍यो । त्यतिबेला परिवारजन, आफन्त, नातेदार सबैजना भेट्न आएका थिए तर साईंलो छोरो दीर्घराज प्रसाईका कोही पनि भेट्न नआउँदा खिन्नता व्यक्त गर्नु भएको कुरा मर्मस्पर्शी छ ।

मेरी सासूको जीवनशैली - मा भागीरथा प्रसाईको लामो आयुको मुख्य रहस्य सादा खानपान भएको बुझ्न सकिन्छ भने शरीरको तौललाई बढ्न नदिए मोटोपनबाट उत्पन्न रोगबाट बच्न सकिन्छ भन्ने कुराको ज्ञान पाईन्छ । आफूलाई सधैं सक्रिय राख्न सक्यो भने एक्लो पन र बुढ्यौलीले पेल्न सक्तैन भन्ने सन्देश छ । अन्त्यमा भागीरथा प्रसाईका बारेमा

इन्दिराले लेखेकी छन् "मेरी सासू" मेरा लागि करुणा र प्रेरणाकी संगम हुनुहुन्छ । देवीरुपी उहाँको साहचर्यले मलाई मेरो जीवनमा अघि बढ्ने थप जागरण पैदा गरेको छ ।

मेरी सासूसँगको सहवासले मलाई जीवनको पाठ बुझ्न सिकायो । हरेक मानिसले पूर्ण जीवन बिताउँदा भोग्नै पर्ने वृद्धावस्थाका बारेमा मलाई अन्तर हृदयमा नै महसुस गरायो । अत्यन्त मर्म पूर्णको र कष्टकर वृद्धावस्थालाई पारिवारिक चाहनाले नै सुखद बनाउन पनि सकिदो रहेछ भन्ने ज्ञान पनि मलाई दिलायो । यसरी ठाउँ ठाउँमा आफ्ना धारणा पनि प्रस्तुत गरि "मेरी सासू" पुस्तकमा सुनमा सुगन्ध थपेकी छन् इन्दिराले । भागीरथा प्रसाईको जीवनमा घटेका घटनाहरु पढ्दै जाँदा कतै कथा पढ्दा जस्तो रमाइलो लाग्छ भने कतै भक्कानिएर रुन मन लाग्छ अनि उहाँलाई दुःख दिने दुष्टहरु प्रति क्षोभ प्रकट हुन्छ । कतै भागीरथाको साहस देखेर आफूमा पनि ऊर्जा थपिएको महसुस हुन्छ । साहित्यको नवै रसले भरिपूर्ण यो मेरी सासू पुस्तक एक पटक सबैले पढ्नै पर्ने पुस्तक हो । यो पुस्तकबाट सिक्नु पर्ने कुराहरु धेरै छन् । त्यसैले म्भअ ज्ञद्ध, द्दण्ज्ञद्द ज्बउउउष्लभकक ष्ल क्ष्उष्अिष्तथ शिर्षकमा च्भउगदष्अिब अंग्रेजी पत्रिकामा मेरो रोजाइमा परेको यो पुस्तकको बारेमा छापिएको छ । आजको व्यस्त जमानालाई मुख्य निहुँ बनाएर घरका वृद्धवृद्धाहरुलाई पन्छाउन खोज्ने प्रवृत्तिप्रति यो पुस्तक गतिलो जवाफ बनेको छ र जसले यो पुस्तक पढ्छ उसको घरका वृद्धवृद्धाप्रति सोच्ने शैलीको परिवर्तन हुनेछ भन्नेमा म विश्वस्त छु । खासगरि आफ्नो परिवारको बारेमा लेख्न सजिलो छैन कतिपय कुराहरु मानिसले वाहिर ल्याउन चाहँदैनन् । यो हाम्रो घरको मामला हो भनेर ढाकछोप गरेर राख्दछन् । तर इन्दिराले आफ्नो र आफ्नो परिवारका हरेक कुराहरु नलुकाई पाठकसामु प्रस्तुत गरि लेखिकाको धर्म निर्वाह गरिन् भने प्रसाई परिवारका बारेमा जान्न चाहनेका लागि पुस्तक मार्फत प्रशस्त जानकारी उपलब्ध गराएकी छन् । यस कार्यका लागि इन्दिरा प्रसाईलाई साधुवाद । ■

● गीत

# भन्छिन् नेपाली आमा....

● रामेश्वर राउत 'मातृदास'



जन्मभूमि नेपालका हे ! वीर-वीराङ्गना !
हुतीहारा काँतर नहोऊ भन्छिन् नेपाल आमा

आफ्नो घरमा पराइ मालिक हामी दरवान-कुल्ली
आँखाखोली ब्युँझी हेरौं कुलका हे मुली
करुणाको शीर गंगामा सुनौं बन्धना
जन्मभूमि नेपालका हे ! वीर-वीराङ्गना

बैरी मुटु थर्काउने साहासी हे वीर !
सातसागर हाम्रै हुन् ती सन्तानका पीर
दशैदिशा गाँज्न आँट्यो जगधुरी छाना
जन्मभूमि नेपालका हे ! वीर-वीराङ्गना

सगरमाथा बुद्ध जनक शक्ति उन्नत माटो
भक्ति अमर गजवीरले बनाएको बाटो
पृथिवीको आँगनमा जीवन-ज्योती नाना
जन्मभूमि नेपालका हे ! वीर-वीराङ्गना



# हिमालपहाडका कथाहरूमा नेपाली जीवनका व्यथा

• बोधराज पौडेल

नेपाली भाषाको विकास हुँदै आउने क्रममा नेपाली कथा साहित्यको पनि विकास हुँदै आएको हो । नेपाली साहित्यको प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल विभाजनसँगै नेपाली कथाको विकास प्राथमिक कालदेखि नै भएको पाइन्छ । प्राथमिक तथा माध्यमिककालीन साहित्य संस्कृत साहित्यबाट प्रभावित भएको र त्यस अवधिका कथाहरु धार्मिक, पौराणिक र नैतिक उपदेश दिने किसिमका पाइन्थे । तर जब कथाको आधुनिकता सुरु भयो त्यसले जीवनको नयाँ आयाम सहित विभिन्न प्रवृत्तिहरु देखा पारेर ल्यायो । यस कालको वर्तमान अवस्थासम्म आइपुग्दा नेपाली कथासाहित्यको सैद्धान्तिक चिन्तनमा विभिन्न सिद्धान्त, प्रवृत्ति, धारा, मोड देखापरेका देखिन्छन् । जसमा कथाका कथ्यहरु मानवले भोगेका, अनुभूत गरेका विषयहरु नै बढी छन् ।

कथा सिर्जनामा समकालीन परिवेश त्यत्तिकै सशक्त भएर आएको देखिन्छ । समाजमा घटेका घटना, सामाजिक सांस्कृतिक परिवर्तन र त्यसले पारेको प्रभाव, अभाव, राजनैतिक र सामाजिक विकृतिसमेत कथाका कथ्य बनेका छन् । त्यसैगरी दशवर्षे युद्धले नेपाली जनमानसमा जति पीडा, भय छायो, त्यो दशकको पीडा पनि अत्यधिक रुपमा कथामा उनिएका छन् । होमशंकर वास्तोलाद्वारा सम्पादित हिमालपहाडका कथा त्यस क्षेत्रका जनताले भागेका पीडाहरुका दस्तावेज हो भन्दा फरक पर्ने देखिदैन । यस कथा सङ्ग्रहमा २१ वटा कथाहरु रहेका छन् । जसको उठान यसरी गरिएको छ ।




परशु प्रधानले (रत्नमाया) नामक कथामा आफ्नो जीवन निर्वाहका लागी मान्छेले आफूलाई जसरी अनुकुल बनाउन सक्छ, त्यसरी नै आफ्नो जीवन संचालनको योजना बनाउछ , भन्ने कथनलाई देखाएको छ । रत्नमायाले आफ्नो श्रीमानको मृत्यु पश्चात उसको नासोको रुपमा रहेकी छोरीलाई त्यागेर लाहुरे संग जीवन बिताउने अभिलाषाका कारण छोरीलाई पिखुवा खोलामा बगाउछे । अन्तत पीडा जहाको त्यही रहन्छ । उसलाई लाहुरेले लिन आउछ भन्ने विश्वासमा छोरीको हत्या गर्छे । तर लाहुरे उसलाई लिन आउदैन । यति बेला आफ्नो श्रीमानको नासो समेत गुमाउनु पर्दा पश्चातापमा रुमलिन्छे। यो अभाव , आशा र अभिलाषाका कारण रत्नमायाले पाएको एउटा पीडा हो । यस कथाले आफूसग भएको भन्दा बढी पाउने आशा राख्दा

आफू सग भएको समेत गुम्ने हुदा यी बिषयमा पहिले नै सोचेर काम गर्नु पर्ने सन्देश दिएको पाईन्छ ।

माया ठकुरीको (निर्मला) एउटी आमा गुमाएकी अबोध वालिकाको कथा हो । निर्मलाको बाबु बिश्वनाथ श्रीमतिको मृत्यु पश्चात छोरी लाई धेरै माया गर्छ । तर जव कान्छी श्रीमति विवाह गर्छ , त्यस पछि निर्मलाको मनमा एक किसिमको प्रभाव पर्छ । सानी आमा बाट एक बर्ष पछि छोरो जन्मीएपछि निर्मला प्रति सानी आमाका मनमा नकारात्मक भावना राख्दछे र उसले नगरेका कामहरुको विवरण दिएर बिश्वनाथ बाट उसलाई पीडा दिन लगाउछे । यो कुरा निमर्लालाई असह्य हुन्छ । तरपनि ऊ के नै गर्न सक्छे र ? । यही कारणले उसको पढाईमा असर परेको छ । अन्तमा उसमा बदला लिने सोच बढ्छ र सानी आमा निदाएको अवस्थामा भाइलाई बोकेर खोलामा बगाउने निर्ष्कषमा पुग्दछे । तर उ भाइलाई मानिसले देखेका हुनाले बगाउन सक्दिन । बिमाताले नदीमा हाम फालेर मर भनेको सुनेका कारण नै उसले यो काम गरेकी हो । अन्तमा ऊ भाइलाई छोडेर आफै नदीमा हाम फालेर आत्महत्या गर्छे । यसकथाको मुख्य उद्देश्य भनेको वालवालिकालाई अगाध प्रेमले मात्र सुधार गर्न सकिन्छ , घृणा र यातनाले उनीहरु द्वन्द्वात्मक हुन्छन । यसो हुँदा वालवालिकालाई माया ममता बढाऔ भन्ने सन्देश यस कथाले दिन खोजेको छ ।

हिराधन राईले (बेसौते )कथामा नेपाली समाजमा अर्काको गर्भका रहेको बच्चा कसै ब्यक्तिले आफ्नो बनाउने नेपाली समाजको एउटा गरिब माथी गरिने दयाको भीखलाई यस कथाले उजागर गरेको छ । रकमबहादुर एउटा कर्ममा विश्वास राख्ने मानिस हो । उसले विवाह गरे पश्चात घरबार राम्रै सग चलाएकोछ । घरमा पाथी दुध दिने एउटा गाई पनि किनेको छ । तर त्यो गाई उसले अर्काको गर्भ स्वीकारे वापत पाएको हो नत्र कसरी किन्न सक्छर भन्ने समाजको कुरा छ । तर त्यो गाई उसले छोरा शरण बहादुरको जन्म भएपछि त्यसलाई दुध खुवाउन श्रीमतिको गहना राखेर किनेको हो । शरण बहादुरलाई बेसौते कै नामले अरुले हेरेपनि पहिलादेखि नै हिमचिम भएका कारण यो बच्चा मेरै हो भनेर उसले मुखिया सामु भनेको छ । यसबाट मुखियालाई आफ्नो काम सघाउने दरिलो मान्छेको साथ मिलेको छ । भने रकम बहादुरलाई पनि यो कामले फाईदा नै पुयाएको छ । उसले मुखियाको जग्गा समेत कमाएको छ । पछि शरण बहादुर बिद्रोही पक्षमा लागेर ठूलो नेता समेत भएको देखाएर त्यसपछि भने गाउलेहरु उसलाई बेसौते भन्न छाडेका छन । यसकथाले मिलेर जोई पोईले काम गरे सजिलै प्रगति हात पार्न सकिन्छ र हेपिएकाहरुको पनि दिन फिर्ने कुरालाई देखाई मान्छे जहिले पनि शक्तिकै पुजारी हुने कुरालाई देखाउन खोजिएको छ ।

ध्रुव सापकोटा (जिन्दगी अर्थात टाईम बम) यस कथामा सापकोटाले माझी जातिको रीति थितिमा बाँच्ने कला खोला हो र पेशाको रुपमा जालमा माछा मारेर आफ्नो जीविका गर्ने । विवाह , आदी संस्कार भनेको जाँड रक्सी संग कुखुरा र सुगुरको मासु खानु हो । रोगको उपचार भनेको पैसाको अभावमा खोलामा गएर आत्महत्या गर्नु पर्ने विवशताको उजागर गरेका छन । कपडाको अभावमा नाङ्गै हिडनु । महिलाहरुले टालेको चोलो र फरियाले एउटा गरिबिको कारुणीक अवस्थाको चित्रण गरेको पाईन्छ । उनीहरुको मुख्य उद्देश्य भनेको एक पेट खान पाउनु मात्र हो । यो भन्दा ठूलो अरु चाहना छैन माझीहरुको । अभाव र दुखिया जीवनको चित्रण गरिएको ग्रामिण परिवेशको कथा हो । यस कथामा कथाकारले स्थानीय भाषाको प्रचुर मात्रामा प्रयोग गरेका छन ।

प्रदिप नेपाल (राजमार्ग) द्वन्द्वका कारणले गर्दा विस्तापित भएको जंगबहादुर आफ्नो थाक थलो छोडेर हिडन बाध्य

हुन्छ । आफ्नो जीवन धान्न पाखुरी बज्रादै उसले नेपालगञ्ज हुदै पिपरा बजार सम्मको यात्रा पुरा गरेको छ । शुरुमा छोरी गुमाए पनि श्रीमति र छोरा बचाउन सफल भएपनि छारीलाई राप्ती दोभानमा जलाएको संझनाले सताईरहन्छ । यसरी आफ्ना संघर्षका दिनहरुलाई विताउने क्रममा नै उ पिपरा पुगेको हुन्छ । त्यहाँ पुगेपछि बस्तीमा बिद्रोही पक्षले आगलागी गराए पछि श्रीमतिको मृत्यु हुन्छ । सो पीडालाई सहन गर्न नसकि उ पूर्व पश्चिम राजमार्गमा आईपुग्छ । यो अवस्थामा उसले उद्देश्य र गन्तब्य दुवै भुलेको हुन्छ । देशमा भएको परिवर्तनले उसको जीवनमा कुनै राहत पाउन नकेको दुखिया पात्रको रुपमा चित्रित्र छ । र राज्यले न्याय नदिएको कुरा उसको कथनमा अभिब्यक्त हुन्छ । यो कथाले द्वन्द्वको समयमा देशका ब्यक्तिले भोग्नु परेको असहज वातावरणको चित्रण गरिएको छ ।

अमरकुमार प्रधान (सुनौलो सगरमाथा) यस कथामा एक पयर्टक ब्यबसायी गुम्वा टासीको कथालाई लिईएको छ । उसको काम भनेको हिमाल आरोहण गर्नु हो । यही क्रममा उसको मृत्यु हुन्छ । जीवन धान्नका लागी संघर्ष गर्दा आफ्नो ज्यान गुमाउछ र परीवारमा एउटा सन्त्रासको बीउ रोप्छ । यही पेशामा उसको छोरा पनि लाग्छ । उसलाई आमाले यो पेशामा नलाग्न अनुरोध गरेकी छ । कारण बाबुको मृत्यु यही काम गर्दा भएको हो भन्ने उसलाई थाहा छ । छोरा भने सगरमाथा आरोहण गर्छ र सफल पनि हुन्छ । यो कथाले अभावलाई सामना गर्दै जादा र मेहनत गरी रहेको खण्डमा सफलता पाउन सकिन्छ भन्ने सन्देश प्रवाह गरेको छ ।

नारायण तिवारी (गन्तब्य) यो यात्रा कथा हो । यस कथामा भारी बोकेर आफ्नो प्राण धान्ने कान्छा राई खाली खुट्टा बारी बोकेर हिड्छ । जुत्ताहराएका कारण रामप्रसाद अधिकारी लाई खाली खुट्टा हिड्न गाह्रो हुन्छ । उनी जागिरे भएका कारण यो असहजता भएको हो । कान्छा राई श्रमजीवि वर्गको मान्छे हो भने रामप्रसाद उच्च वर्गका दरिएका छन । यस कथामा धनी वर्ग र गरीव वर्ग बीचमा भएको जीवनका सहजता र असहजताका बारेमा प्रष्ट्याउन खोजिएको छ ।

बिष्णु राई (अटोग्राफ) यो कथा साथीहरुको विवरणमा आधारीत कथा हो । यस कथामा १० जना साथीको विवरण दिईएको छ । मित्रता गर्ने समयमा ईमानी रहेका साथीहरु पछि बेमानी बनेका छन । सबै साथीहरु कुनै न कुनै ओहोदामा पुगेका छन । तर ती सबैले पदको आडमा कुनै न कुनै अपराध एवं भ्रष्ट चरित्र रहेको कुरालाई देखाईएको छ । फूलजस्तो जीवनलाई कुकर्ममा लागेर बिकृत बनाएका छन । यसमा तुलसी मात्र एक राजनीतिक ब्यक्ति भएर पनि ऊ देश र जनताको लागी लडी रहेको सत पात्रको रुपमा आएको पाईन्छ । सबैले जीवनको सुन्दरता र मोहकतालाई मित्रताको बेलामा देखाएर कामको बेलामा भुलेका छन ।अटोग्राफ एउटा मीठो संझना पनि हो । यहा बीस बर्ष पहिलेको कुरालाई अटोग्राफ मार्फत कथाकार (नोरा)ले साथीहरुको संझना गरेको पाईन्छ ।

विवश पोखरेल (ओझेल) राज्य र बिद्रोही पक्षका बीचमा भएको द्वन्द्वका कारणले निहत्था जनताले अनाहकमा भोग्नु परेको पीडालाई यस कथाले उजागर गरेको छ । बन्दुक भन्दा कलम बलियो भन्ने तर्कका कारण नदी किनारमा नाङ्गै पारेर बिद्रोही पक्षबाट संजीवको हत्या गरिन्छ । उसलाई मेरो अपराध के हो र किन गिरफतारीमा परे भन्ने बारेमा समेत थाहा छैन । यसरी कुनै अपराध बिना सोझा सिधा जनताको हत्या गर्ने लाई कुनै दण्ड नगरिनु कहाँ सम्मको अन्याय हो । राज्य कहाँ छ भनेर सोच्न विवश पार्ने यो कथा त्यस समयमा जनताले भोगेको यर्थाथ विवरण बोकेको प्रतिनिधि कथा हो ।

कृष्ण धरावासी (झोला) नेपालमा रहेको पुरानो तर यर्थाथतामा आधारीत भएर

लेखिएको सती प्रथाको कथा हो यो । यस कथामा कथाकारले बाल्य अवस्थामा आफ्नी आमालाई विवसतापूर्ण तरिकाले बाबाको मृत्यु पश्चात सति जान बाध्य पार्ने सामाजिक परम्पराको बिश्लेषण गरेका छन । कथाकार आफू सानो हुदा हेपिनुपरेको कुरा बाट कथानक अघि बढेको छ । आमालाई चितामा जलाउन लाग्दा त्यहाँ बाट भाग्न सफल हुनु । छोराले जंगलमा आमालाई भेटेर आमाको अवस्थाबारे घरमा जानकारी गराउनु । घर परिवारमा पहिले त्यति राम्रो सम्बन्ध नरहे पनि पछि काका काकीले राम्रो ब्यबहार गरेको र काका काकी कै सहयोगमा आमालाई भगाई आमाको जीवन जोगाउन सफल भएको छ । यो कथा कुसंस्कारका विरुद्धमा लेखिएको कथा हो । झोला कसैले राखेर गएको र त्यसमा भएको केही पानाहरुको विवरण र ती पानाहरुको वाचन । टेलिभिजनमा चलिरहेको सिरियल लगायतका प्रसंङ्गले कथा पठनीय र रोचक बनेको छ । अन्तत चन्द्र शमशेरले यस प्रथाको अन्त भएको कारण आज सम्म आमालाई बाँच्न सफल हुनु भएको कुरा संझाएर बिर्सिएको इतिहासलाई ताजा गराउने प्रयास गरी उनको योगदानको संझना गराइएको छ ।

राजेन्द्र पराजुली (भात) मान्छेले ईच्छा अनुसार भरपेट खानपाउनु उसको अधिकार हो । रतन कुमार भने त्यही एक छाक भात खाने अभिलाषाका साथ जिल्ला सदरमुकाम गएको हुन्छ चामल लिनका लागी । उसकी श्रीमतिले पाँच छोरी पछि छोरा जन्माएकी छे । तसर्थ पनि ऊ श्रीमतिलाई भर पेट भात खुवाउन चाहन्छ । सबै आफूले सोचे जस्तो कहाँ हुन्छ र ऊ सदरमुकाम पुग्दा गोदाममा चामल सकिएको हुन्छ । भोली पल्ट चामल पाउने आशामा ऊ विहानै बाट लाईनमा बस्छ । बिहानको जाडो सहन्छ , दिउसोको घाम र हुरीको प्रवाह गर्दैन । चामल पाउन ऊ असमर्थ हुन्छ उसले त्यसको दोष बाटोमा रक्सी खाएर अवेला गरेकोमा आफै प्रति छ । यो चरम गरीवीको बर्बर अवस्था देखाउने कथा हो । यस कथाले द्वन्द्वकालिन समयको समेत झल्को दिएको छ । रतनकुमारले एक छाक चामलको भात अघिल्लो दशैमा खाएको थियो । त्यसको स्वाद अझै उसको जिब्रोमा छ । आज पनि नेपालका धेरै स्थानमा खाद्यान्नको समस्या यथावत रहेको छ भन्ने कुरा यस कथामा कथाकारले देखाएका छन । यो नेपालको जल्दो बल्दो समस्याको रुपमा आएको छ । आजको समयमा पनि प्रयाप्त खाद्यान्नको उपलब्धता नहुनु । जस्ता कुराले सरकारको उदासीनता देखाएको छ ।

आनन्द राई (दशैको भात) यस कथाले ग्रामीण भेगमा रहेको चामलको अभाव र अभावका कारणले घरायसी झगडा हुने कुरालाई देखाईएको एक सामाजिक कथा हो । दशैको समयमा पनि एक बिसौली मासुले आठ जनाको परिवारलाई छाक लगाउनु । भात गीलो भएकोमा श्रीमतिले कुटाई खानु । केटाकेटीहरु खानका लागी लुछाचुडी गर्नु । अभाव के हो भन्ने कुराको ज्वलन्त उदाहरणको रुपमा यो कथा आएको छ । ग्रामिण उच्च भेगमा बसोवास गर्ने जवजीवनको चित्रण यस कथामा गरिएको छ । कथाको बनोट सटिक र रोचक छ । पात्रहरुले चरित्र साह्रै रोचक छ ।

नवराज रिजाल (पहाड) देशमा जति नै परिवर्तन भएपनि देशका लागी लड्नेहरुले कहिल्यै केही पाएका छैनन् । त्यसको पुष्टि वर्तमानले पनि गरिरहेको छ । जो देशका लागी लड्छन तिनीहरु निस्वार्थ लड्ेका हुन्छन । जो लड्दैन ऊ दाउ पेचमा रहन्छ , फाईदाको लागी । यस कथामा सौरभ पात्रले दिएको अभिब्यक्ति पनि त्यही हो । जो क्रान्तीमा होमिएको छ देशको परिवर्तको लागी । तर सत्तामा बस्नेहरुको नाम फेरिए पनि चाहे जस्तो परिवर्तन भएको छैन देशमा । क्रान्तीले नयाँ राजा जन्माउनुभन्दा बढी केही गर्न सकेको छैन । यहाँ आज पनि निमुखा , सोझा जनता भोक भोकै छन । अझ पनि अवशरवादीकै हाली मुहाली छ । यो नेपालको राजनैतिक परिवेशलाई बिश्लेषण

गरिएर लेखिएको कथा हो ।

मातृका पोखरेल (इतिहासको चिहानमाथी उभिएर) यस कथाले समाजमा बिधमान रहेको जातिय छुवाछुतको घटनालाई उजागर गरेको देखिन्छ । अझ एउटै अपराध गर्ने दलित र गैर दलितलाई फरक फरक सजाय गर्ने परम्परा आजको समाजमा पनि बिद्यमान रहेको कुरा कथाकारले देखाउन खोजेका छन । भने अर्को कुरा आजको बैज्ञानिक युगमा पनि भूत प्रेतको कथनलाई जोडेर कथालाई रोचक बनाउने प्रयास गरिएको छ । यो कथाले दलित माथी गरिने भेदभाव र अन्यायको प्रतिनिधित्व गरेको छ ।

टंक भट्टराई (काफल दाइ) यो कथा सडकमा काफल बेचेर जीवन निर्वाह गर्ने ब्यक्तिको कथा हो । यस कथामा बाल सुलभताको समेत चित्रण गरिएको छ । काफल दाइ काठमाण्डौको सडकमा काफल बेच्ने डाले ब्यपारी हो । उसको लयात्मक बोलीमा ब्यपार गर्ने शैलीले केटाकेटी लगायत सबैलाई प्रभाव पारेर आफ्नो ब्यपार गर्न सक्ने चतुर बपारीको रुपमा उ आएको छ । तथापी उ कसैलाई नठग्ने बरु केटाकेटीलाई एक दुई वटा सित्तैमा हातमा राखिदिने गर्दछ । उसले यही ब्यबसाय बाट कपनमा एउटा घर बनाएको छ । छोरालाई सिए र छोरीलाई स्टाफ नर्स पनि यही ब्यपारबाट धानेको छ । यस कथाले काम भन्ने कुरा सानो ठूलो हुँदैन । सफल हुनका लागी लगनशिलता , निरन्तरता र मेहनतको खाँचो छ भन्ने सन्देश यस कथाले दिएको छ ।

अभय श्रेष्ठ (तेस्रो किनारा) देशमा जति नै परिवर्तन भएपनि हलियाहरुको दुःख पीडा उस्तै छ । यसले उनीहरुको जीवनमा कुनै प्रकारको परिवर्तन ल्याउन सकेको छैन । बिहानको सूर्योदय देखी आधा रात सम्म काम गर्दा पनि पेट भरी खान नपाउने हलियाको जीवनको यस कथामा चर्चा गरिएको छ । आफूले कुनै कसुर नराखी सेवा गर्दा पनि सर्पको टोकाईले भैसी मर्दा मालिकको आक्रोसका कारण उ मारिन्छ , यहाँ उसको परिवारले न्याय पाउनुको साटो उल्टै उसको छोरालाई समेत जेल पठाईन्छ । यतिले मात्र नपुरेर अवलामाथी शारिरिक शोषण गर्न पुग्दछ । यो अन्याय पूर्ण जीवन जीउनु भन्दा भाग्नु बेस ठानेर दुई आमा छोरा जीवन रक्षाका लागी भाग्दछन । आमाको मुत्यु खोलातर्ने क्रममा भएपछि छोरा एक्लो रहन्छ र ऊ पछि छापामार बन्छ । ऊ छापामार भएपछि आफूमाथी भएको अन्यायको बदला लिन चहान्छ । ऊ बौद्धिक तरिकाले आफूमाथी भएको अन्यायलाई बदल्न चाहन्छ र भन्छ , नोकरहरुलाई सबै सहने बानी बसेको छ । किनकि म बंशानुगत रुपमा आएको छु भन्छ । तिम्रो हत्याले मेरो प्रतिसोधको आगो निभ्ला तर अत्याचारी युगको अन्त्य हुँदैन भन्ने एउटा आर्दशपूर्ण कुरा मनिषलाई सिकाउछ । हिंसाले मानिसलाई जति बदल्न सकिन्छ त्यो भन्दा कताकता प्रेमले बदल्न सकिन्छ भन्ने आर्दश छापामारको रुपमा आएको छ । यस कथाले दासत्वपूर्ण जीवन निर्वाह गर्ने ब्यक्ति र मालिकहरुले गर्ने अत्याचारलाई उजागर गरेकोछ ।

विवश वस्ती (संगीता र उदास गह्राहरु) यो बिम्व परक कथा हो । यस कथामा शम्भुनाथले बिवाहको लागी प्रस्ताव राख्दा उसलाई खुट्टामा राख्न नसुहाउने जवाफ दिन्छे संगीता । त्यसो त प्रहरी सेवामा काम गर्ने दिनेश सग उसको मगनी पनि भएको छ । एक दिन युवती दिनेशको मृत्युको खवर पाउछे । यो समाचारले उ बिक्षिप्त बन्छे । यही समयमा उसका आँखा असार सकिसक्दा पनि रोपाइँ हुन नसकेका खेतका गह्राहरुमा पर्छन । त्यहाँ धाजा फाटेको खण्डहर जमिन देख्छे । उ साथीहरु युद्धमा होमीदा पनि गाउमै बसेर गाउमै काम गर्न रुचाउने केटी हो । जीवनमा आफुले कल्पना गरे जस्तो नभए पछि उसले शम्भुनाथलाई अनादर गरेको र दिनेशलाई प्राप्त नसकेको हुनाले उसले आफ्नो जीवनलाई उदास गह्राहरु सग तुलना गरेकी छे ।

होमशंकर बास्तोला (अठोट) यो द्वन्द्व कालिन समयलाई बिषयबस्तु बनाएर लेखिएको कथा हो । यस कथाको नायक नोर्बु बिद्रोही पक्षमा लागेका कारण राज्य पक्ष द्वारा मारिन्छ । यस कथाको उठान यात्राको समयमा बाटोमा आएका दृष्यहरुमा आधारीत रहेको छ । नोर्बु कसरी मारियो भन्ने बारेमा जान्न उसकी श्रीमतिलाई कथाबाचकको रुपमा ल्याईएको छ । कथाकारले यहाँ नोर्बुको ब्यक्तिगत अवस्था भन्दा ऊ किन मारियो र कसरी मारियो भन्ने कुरालाई बढी जोड दिएको देखिन्छ । नोर्बु श्रीमतिलाई धेरै माया गर्ने निम्न वर्गको ब्यक्ति हो । उ सडकमा काम गरेर जीवन यापन गर्छ । उसको मृत्यु पछि नोर्बुको संझनाले श्रीमतिलाई धेरै सताएको छ । र भन्छे मेरो मन कति पोलेको छ , यस्तो चिसो मौसममा पनि भन्ने अभिब्यक्ति दिन्छे । उ आफ्नै देशमा शरणर्थी जीवन बिताउन बाध्य महिला हो । तर जसरी पनि जिन्दगीलाई चलाउनु पर्छ भन्ने एउटी दृढ विश्वासी र आशावादी महिलाका रुपमा आएकी द्वन्द्व कालिन समयकी एक प्रतिनिधी पात्र हो ।

मणी लोहनी (बिमलीकी दिदी र आबोइपाते) यो कथा खोटाङ जिल्लाको नुनथला गाबिसमा घटेको घटनामा आधारीत कथा हो । कथानक माया प्रेमको शिलसिलाबाट विकास भएकोछ । यस कथामा बिमलीकी दिदीले साह्रै मन पराएर एक युवक सग प्रेम विवाह गरेकी छे । उ साधारण सडक निमार्ण काम गर्ने मजदुर हो । यो मजदुरीको समयमा उसको माया बिमलीकी दिदी सग राम्ररी झ्यामिएको छ । पछि उसले हेफर भन्ने संस्थामा काम पाउछ । त्यो काम गरेपछि श्रीमति सग ठासठूस पर्न थाल्छ । र उसलाई आबोइपाते खुवाएर बिमारी गराई उसको सेवा गरी मन जित्ने अभिप्रायले यो काम गर्दछे । तर आबोइपाते अलि ज्यादानै भएको हुनाले ऊ मर्छ । यही ज्यादा प्रेम गर्न खोजेका कारण यसले दिक्तेल कारागारमा जेल जीवन विताई रहेकी छे । मुख्य कथानक यही हो । कथाकारको बिमली सग प्रेम नबसे पनि उनीहरु बीचमा हुने रमाईला संवादले गर्दा कथानक झनै रोचक भएको छ । यहाँ उनीहरु बीच प्रेम गर्ने सामर्थ्य र दायित्वको कुरालाई उठाइएको छ । जसले प्रेम सम्मान जनक हुनुपर्ने कुरालाई उठाईएको छ । यो कथा प्रेममा बढी आशक्त हुदा भोग्नु परेको एउटा परिणतिको ज्वलन्त उदाहरणको रुपमा प्रस्तुत भएको कथा हो ।

सिमा आभास (बेपत्ता) यो कथाले दश बर्षे जनयुद्धमा राज्य पक्ष र बिद्रोही पक्षका बाट गाउको एउटा सर्व साधारण नागरिकले भोग्नु परेको पीडालाई उल्लेख गरिएको कथा हो । सन्तानको आमा बाबु प्रतिको दायित्व र आमा बाबुको सन्तान प्रति जति नै माया भएपनि राज्य र बिद्रोही दुबै पक्ष बाट असुरक्षित भएपछि एकदिन काफलको बोटमा झुण्डीएर आत्महत्या गर्न विवश भएको एउटा होनाहार युवाको कथा यसमा उल्लेख गरिएको छ । ऊ कुनै राजनैतिक पार्टीको सदस्य पनि थिएन । न त राज्य पक्षको कुनै कर्मचारी नै । तथापी पीडा खप्न नसकेर मृत्यु बरण गर्न विवश ब्यक्तिको रुपमा यस कथामा चित्रित छ । मृत्यु वरण गरेपपनि ऊ कुनै पक्षको बेपत्ताको सूचिमा छैन । यस कथाले द्वन्द्व कालमा नेपाली जनताले भोग्नु परेको आततायी जीवनको झल्को दिएको छ ।

निचोड यस संग्रहमा रहेका कथाहरुले समाजमा रहेको सामाजिक परिवेशलाई उजागर गरेका छन । साथै गरीबी, अभाव, भेदभाव थिचोमिचो, अन्याय अत्याचार हाम्रो देशको रीतिथिति जस्तै लाग्छन यी कथाहरु पढेपछि । प्रायः सबै कथाले युद्धको घाउलाई कुनै न कुनै क्षेत्रमा छोएकाछन । कथाहरु परिवेश सुहाउदा पात्रहरुको प्रयोगले झनै रोचक बनेका छन । कथा छनौट पनि सबै क्षेत्र र परिवेशलाई समेटने गरि गरिएको छ । बरिष्ठ कथाकार देखि उदयमान कथाकार सम्मका कथा संग्रह गरीएको यो संग्रह पठनीय र संग्रहनीय रहेको छ ।

■

# महर्षिको स्वादिलो व्यञ्जन



• शारदा पराजुली

नेपाली साहित्यको उर्वरभूमि मानिएको कविता विधालाई माया गरेर भावनात्मक अभिव्यक्ति दिने कणाद महर्षिले कथाको क्षेत्रमा समेत आफ्नो कलम चलाइसकेको दृष्टान्त 'कणादका कथाहरू (२०७१) नामक कथासङ्ग्रहले पुष्टि गरिसकेको छ । महर्षिले ' पग्लेका लाभाहरू (२०३४), आजको मान्छेका कविता (२०४५ संयुक्त काव्य), 'भतेर र आँखाहरू (२०५०), घाउमा हरिभक्त कटुवाल (२०५८) जस्ता कवितात्मक कृति प्रकाशन गरेर नेपाली साहित्यलाई भिन्न स्वाद चखाएका छन् । कवि महर्षिका कविता जति उत्कृष्ट र मिठासयुक्त छन् त्यति नै स्तरीय र स्वादिला छन्, उनका कथाहरू पनि भन्ने कुरा ' कणादका कथाहरू' (२०७१) बाट प्रस्टिन्छ ।




साहित्यमा नवप्रयोग गर्न रुचाउने महर्षिको विवेच्य कथासङ्ग्रहमा जम्मा सत्रओटा कथा रहेका छन् । ती कथाहरू कुनै लघु आयामका छन् त कुनै मझौला आयामका छन् । घागो गाँठो पारेर फुकाउन अरूलाई दिएझैं कणादका कथाहरू सर्र बग्ने रैखिक ढाँचामा नभई वृत्तकारीय ढाँचामा बेरिएका छन् ।

मूलतः परिधीय कथावस्तुको संयोजन गरिएका कणादका कथाहरूमा कथाकार कतै द्रष्टाका रूपमा त कतै भोक्त पात्रका रूपमा त कतै भने वाचकका रूपमा देखिएका छन् । काठमाडौंको सेरोफेरोलाई कथाको पर्यावरण बनाएर लेखिएका उनका कथालाई अञ्चलिक कथा भन्दा फरक पर्दैन ।

बाल-मनोविज्ञानदेखि लिएर यौन-मनोविज्ञान, रक्सीको नसादेखि ठगहरूको जन्जाल महर्षिका कथामा विषयवस्तु बनेका छन् । "बाहिर मेघ गर्ज्यो र बिजुली चम्क्यो कहाँबाट जोगिँदै आएको कालो बादल छतल्कियो र एक थैलो पानी फ्यात्त पोखियो" (र बादल छतल्किन्छ पृ ११६ ) भन्ने कथात्मक अभिव्यक्तिबाटै कणादका कथाको लेखन कौशलता प्रष्ट हुन्छ । कथा पढ्दा जागेको कौतुहलता एक थैलो पानी फ्यात्त पोखिएपछिको कथान्तमा मात्र खुलस्त हुन्छ । तसर्थ कणादको कथाहरू पढ्ने पाठकले ध्यानकेन्द्रित गरेर कथाको आद्योपान्त छिचोल्नै पर्छ ।

महर्षिले सामाजिक परिवेशबाट नितान्त नयाँ विषयवस्तुलाई टिपेका छन् । भारतबाट आएका पण्डा भनाउँदाहरू, जोगी भनाउँदाहरू अनि साधु भनाउँदाहरू हात हेर्ने निहुँमा तन्त्रमन्त्र गरी धनमाल ठगेर लिएर हिंड्ने गरेको कुरालाई उनले अयोध्यामुक्ति कथामा देखाएका छन् । त्यस्ता व्यक्तिले आफैंलाई ठगेको कुरा देखाउँदै आफैं ठगिँदा समेत उक्त कुरा कसैलाई भन्न नसकेको दमित भावलाई विवेच्य कथामा व्यक्त गरेका छन् ।

प्रेमिकाले धोका दिएकाले तड्पिएर जीवन धानिरहेका 'म' पात्रले सडकमा चिप्लो र चिल्लो कारले ट्र्याम्पु चालकलाई ठक्कर दिएको देखेर भयातुर भएका छन् । चिप्लो कारमा नीलो स्वीटरमा सजिएकी ती तरुणी युवतीलाई आफूलाई धोका दिने प्रेमिकासँग र ठक्कर खाएर बिग्रिएको ट्र्याम्पु अनि ट्र्याम्पुचालकलाई आफूसँग समभाव देखाउँदै 'कथाकार नहुँदा' कथामा आफ्नो र ट्र्याम्पुको हविगत उस्तै भएको कुरालाई प्रतीकात्मक रूपमा चित्रण गरेका छन् ।

कहीँ जान भनी सिँगारिएर हिँडेका अवस्थामा थोत्राथाम्रा लुगा लगाएर मगन्ते जीवन गुजारिरहेका व्यक्ति अगाडि पर्दा 'मेरो कुसाइत पऱ्यो' भनी सुकुमार र सुकुमारीले नाक खुम्च्याउँदै उपेक्षा गरेका छन् अनि भिखारीले पनि ती सुकुमार देखेपछि कुसाइत परेको कुरालाई लिएर आखिर 'कुसाइत कसलाई' भन्ने प्रश्नले छेड हानेका छन् । दीनहीन अवस्थाका मानिसलाई उपेक्षा गर्नु के मानवीय व्यवहार हो ? के मानिस भएपछि उनीहरूलाई त्यस्तो व्यवहार गर्नु ठीक छ त ? जस्ता प्रश्न तेस्याउँदै सहयोगको याचना गर्नेहरूलाई सहयोग नगरे पनि उपेक्षा चाहिँ गर्न नहुने कुरा माग्नेको अभिव्यक्तिद्वारा व्यक्त गरेका छन् ।

मानौँ यो देश रङ्गमञ्च नै हो जहाँ जे जस्ता तमासा गरे पनि हुन्छ । तमासा भनेको चटक वा जादु भन्ने बुझिन्छ । हाम्रो समाजमा घरपरिवारदेखि गाउँ समाजका सानासाना घटनालाई लिएर गाडी बन्द गर्ने, हड्ताल गर्ने, नारा जुलुस गर्ने परिपाटी नै बसेको छ भन्दा फरक नपर्ला । सरकारी कुकुर जो अपराधीको खोजीमा टेवा पुऱ्याउने हेतुले पालिएको हुन्छ । त्यो कुकुरलाई कसैले मारिदिएकाले क्षतिपूर्तिको माग गर्दै नारा जुलुस भएको समाजिक कुप्रवृत्ति औँल्याएका छन् । हिजोआज कुकुर बिराला मरे पनि सहिद घोषणा गर भन्दै आन्दोलन हुने गरेको कुप्रथा औँल्याउँदै 'सहिद' शब्द हल्का र फिक्का बन्दै गएको कुरा देखाइएको छ । सहिद घोषणा गरेपछि त्यसको क्षतिपूर्ति राम्रै पाइने हुँदा जस्तासुकै घटनामा मान्छे मरे पनि सहिद बनाउनुपर्छ भन्दै आन्दोलन गर्ने कुरालाई 'क्या तमासा' नाम दिएका छन् ।

हरेक मानिसका कार्यशैली र जीवनपद्धति लगभग उस्तै हुन्छन् । विचार र भावना चाहिँ मान्छेपिच्छे फरक हुन्छन् । घनिष्ट साथी भनौँ या प्रेमिका नै किन नभनौँ, कसैसँग कसैको भावना वा विचार समान हुन सक्दैन । कसैले गर्जो टार्ने चिन्ता छ त कसैलाई विलासीमा जीवन उडाउने रहर छ । कसैलाई पौरखपूर्ण काम गर्ने अभिलाषा छ त कसैलाई सही बाटोमा जीवन हिँडाउने इच्छा छ । बाहिरी आवरणले मानिस उस्तै भए पनि मान्छेको बाँच्ने तरिका र जीवन भोगाइ फरक-फरक हुन्छन् भन्ने कुरालाई 'घटना मिल्छ बाटो एक्लिन्छ' नामक कथामा व्यक्त गरेका छन् ।

जीवनमा महान् लक्ष्य बोकेर हिँड्ने मान्छे सानातिना समस्यालाई पर्वाह नगरी आफ्नो गन्तव्यको बाटो समाउँछन् भन्ने कुराको पुष्टिका लागि 'म' पात्रले कान्तिलाई जीवनदेखि छुटाएर आफ्नो लक्ष्यमा हिँडेका अवस्थामा म पात्रले कान्तिको रोदनलाई झ्याउँकिरीको सङ्गीतमय आवाज जतिकै पनि ठानेका छैनन् ।

ज्याला मजदुरी गरेर जीवन गुजार्ने जीतबहादुरको छोरो सुकुचाले साथीहरूले चङ्गा उडाएको देखेर गोल्टिनको बट्टा छेडेर चङ्गा उडाउन धागो बेर्ने लट्टाई बनाएको छ । बाबुले दिएको पैसाले सस्तो खालको चङ्गा र धागो किनेर उडाउने प्रयास गरेको छ । चङ्गा आकाशतिर उडाउन खोज्दा चङ्गा नउडेर हत्तुहैरान भएको सुकुचा पानी खान गएका अवस्थामा अर्कै चङ्गा उडाउने साथीले उसको गोल्टिनको लट्टाई कच्याककुचुक पारिदिएको छ । पानी खान जाँदा गाली खानु, चङ्गा उडाउन खोज्दा चङ्गा नआकासिनु, साथीद्वारा लट्टाई कच्याककुचुक पारिनु, चङ्गा च्यातिदिएको निहुँमा गोबिन्चाद्वारा सुकुचालाई चड्कन दिनु दुर्भाग्यको प्रतीक हुन् । अरूले

झैँ खेल खेल्ने बालबालिकाको चाहना हुन्छ । आफ्नो चाहना पूरा गर्न बालबालिका खोज्छन् भन्ने कुरालाई सुकुचाले गोल्टिनलाई प्वाल पारेर लट्टाई बनाएको कुराबाट पुष्टि हुन्छ ।

मुहान भन्ने व्यक्तिको कथालाई उसैलाई नै समर्पण गरी लेखिएको छ 'घुम्ती आँसुको' कथामा । पाँच वर्षअघि भेटिएको मुहानलाई सम्झेर लेखकले कथा बनाएका छन् । उनी कैले कवि व्यक्तित्वका रूपमा त कैले दार्शनिकका रूपमा कैले नेताका रूपमा त कहिले ज्यामीका रूपमा भेट्दा उनको बुझी नसक्नुको व्यक्तित्वप्रति लेखक आश्चर्यचकित भएका छन् । रक्सी र चुरोटसँग आफ्नो लेख रचना साटेर त्यसैमा जिन्दगी उडाउनेको हविगत मुहानको झैँ हुन्छ भन्ने कुराको सङ्केत यस कथामा गरिएको छ । मुहानकै रचनालाई आफ्नो नाममा छपाएर नाम र दाम दुवै कमाउने व्यक्तित्वको छवि माथि उठीसक्दा पनि रक्सी र चुरोटको ठुटोसँग आफ्नो रचना साट्ने मुहानले भने ज्यामी भएर पाँच रुपियाँमा दिन गुजार्नु परेको छ । यस कथाले क्षणिक आनन्द भयो भनेर सोच विचार नगरी गलत काम गर्नेको यस्तै अवस्था हुन्छ भनी पाठकलाई सर्तक गराएका छन् । उसको नराम्रो बानीले आफ्ना रचना मात्र होइन आफ्नी प्रेमिका रमितालाई समेत गुमाउनु परेको छ ।

'चिहानलाई मार्न' कथामा म पात्रकी प्रेमीका मालन झुन्डिएर मृत्यु वरण गरेकी छे । सात वर्षअघि बलात्कार भएकी मालन आफूले न्याय पाऊँ भन्दै अदालत पुगेर मुद्दा हालेकी छे । मुद्दा हारेपछि ऊ झुन्डिएर आत्महत्या गरेकी छे । सौतेनी आमाका कारण उसले घर छोड्नु परेको छ । सौतेलो कुतत्व विष झैँ घातक हुन्छ भन्ने कुरा यस कथाले देखाएको छ । मालनको प्रेमी हरेक वर्ष उसको स्मृतिमा चिहानमा पुगेर एक थुँगो फूल चढाउन नजाने कुरा गर्छ तर झुक्किएर त्यस ठाउँमा पुगेपछि भने मालनलाई सम्झन्छ र उसले सौतेनी आमाप्रतिको प्रतिशोध साध्न आत्महत्या गर्न नहुने कुरा गर्छ ।

'जाल' लाक्षणिक अर्थमा प्रयोग गरिएको कथा हो । सिपाहीले जनयुद्धमा जतिसुकै शत्रु भए पनि ज्यानको प्रर्वाह नगरी लडिरहनुपर्छ । त्यस्ता युद्धका बेलामा बालबालिकादेखि वृद्धवृद्धासम्म हताहत हुन्छन् भने कयौँ सिपाही मृत्युको मुखमा पुग्छन् तर कयौँ व्यक्ति देशमा सुशासन कायम राख्न युद्ध लड्दा लड्दा अङ्गभङ्गसमेत हुन पुग्छन् । तैपनि सास रहेसम्म युद्ध लड्नै पर्ने बाध्यताले गर्दा आफ्नै आँखा अगाडि गिद्ध, स्याल आदि जनावरले युद्धमा शाहदत प्राप्त गर्नेलाई भोजनका लागि घिसारिरहँदा समेत युद्ध लड्न छोड्दैनन् भन्ने वास्तविकता यस कथाले देखाएको छ ।

आमाबुबाले दुःख गरेर आफ्ना सन्तानलाई पढाउँछन् तर सन्तान भने दिमागभरि पारिवारिक बोझ बोकेर क्षणिक नशाको प्रयोग गर्दै रमेका कुरा 'दोसाँध' कथाले देखाएको छ । चेतन मन सक्रिय हुँदा घरपरिवार सम्झने तर रक्सी र चुरोटको नशाले सम्पूर्ण कुरा बिर्सने मानिसको चरित्र यस कथामा व्यक्त भएको छ । पिउने लतले एकातिर मानिसलाई कर्तव्यबाट विमुख गराउँछ भने अर्कातिर नङ्ग्याएर बर्बादीमा पुऱ्याउँछ भन्ने कुरा यस कथाले देखाएको छ ।

'नदी हो ऊ बग्थी' कथामा सहरका गल्ली, गल्छेँडा, रेस्टुराँ, भट्टीमा रक्सीको गन्ध, यौनभोक भेट्ने र मेटाउनेको सङ्ख्या, गतिछाडा परिपाटी, ठिटाठिटीको बैँसको उन्मादी एकातिर छन् भने अर्कातिर पेटको भोक शान्त गराउन रगत बेच्नुपर्ने बाध्यता भेटिन्छन् । आर्थिक अभावका कारण धेरै सन्तान गुमाउन पुगेकी भुन्चेकी आमाको कारुणिकतालाई कथावस्तु बनाइएको छ । भुन्चेकी आमा जसको दर्दनाक पीडालाई लिएर धेरैले साहित्यिक रचना गर्छन् तर उनीहरूको दुःखपूर्ण स्थितिमा मलम लगाउन कसैले सक्दैन । ऊ नदी झैँ विपत सहँदै बग्छे । दुःखमा पनि बग्छे, सुखमा पनि बग्छे त्यसैले सामुद्रिक भेलझैँ उर्लेर मानसिक सन्तुलन गुमाउनसमेत पुगेकी छे ।

औँलैपिच्छे औँठी लगाएर रत्नपार्कीतिर घुमफिर गर्ने एउटा मानिसको चरित्रलाई आधार मानेर परिचित अपरिचित कथा लेखेका छन् । कैले बच्चासँग, कैले बुढासँग, कैलै भरियासँग, कैले रोगीसँग देखिने त्यस मानिसको कार्यशैली, तौरतरिका बुझेर बुझी नसक्नुको छ । उसको जीवनशैली रहस्यमय भएकाले लेखकले परिचित अपरिचित कथामा समेटेका छन् ।

'बिरामी बोतल' बल, बर्गत, क्षमता रहुन्जेल यतिकै पुग्छ भैँ गरेर जाँड र रक्सीको लतमा फस्ने र उमेर ढल्केपछि बिरामी अवस्थामा पुगेर अर्धपागल भएर छट्पटाउने सत्यता यहाँ व्यक्त गरेका छन् । रक्सीको बोतलमा जिन्दगी साटेर रमाइलो महसुस गर्ने हरिको बोतलरूपी जिन्दगी बिरामी परेको कुरा व्यक्त भएको छ । ऊ जिन्दगीको सम्पूर्ण कुरा रक्सीमा घोलेर बर्बाद पारिसकेपछि पश्चाताप गर्दै भन्छ-"आजको ममा जाँडको किराले चुसेको, रक्सीले डढेको छालामात्र बाँकी छ ।" (पृ ९०) त्यसैले जाँड रक्सीमा जीवन रङ्ग्याउन चाहने मानिसका लागि यो कथा दह्रो झापड हो । कुलत र दुर्व्यसनले मानिसलाई खँगारेर बर्बाद गर्ने शास्वत सत्यलाई देखाएको छ ।

'भुलक्कड परिवेश' कवि, कलाकारप्रति व्यङ्ग्य गरेर लेखिएको कथा हो । कविताको रन्को छुटेपछि हातमा भएको छाता नै ओड्न बिर्सेर भिज्दै खाली कविता लेख्ने ध्याउन्नले घरतिर हिँडेका कविको दिमाग नै भुलक्कड परिवेश हो ।

भाग्यमा लेखेको कुरा मेटेर मेटिँदैन भन्ने देखाउन 'भाग्यको परिभाषा' कथा लेखेका छन् । आर्थिक विपन्नतासँग सम्झौता गर्दै श्रीमतीसँग आत्मिक सुखको अनुभव गरिरहेको बेला घरमा आइरहने अभिन्न मित्रले आफ्नै श्रीमती टप्काइदिएपछि 'म' पात्र विक्षिप्त हुनपुगेका छन् । साथीप्रति विश्वास गर्दाको परिणाम धोका मिलेको छ । श्रीमती लता आर्थिक सम्पन्न मित्रसँग हिँडेपछि म पात्रले आफ्नो छाप्रोमा मित्र आइरहनुको कारण बल्ल बुझेका छन् ।

धेरै पुरुषले बैँसको स्वाद लिँदै यौन तृप्ति मेटाउन इन्दुलाई प्रयोग गरेको परिणति भीरु जन्मिएकी छे । बुझ्ने भएपछि भीरु बाबु चाहियो भन्दै झगडा गरिरहन्छे । उसको मानसिकतामा बाबुको चाहना प्रवल बनेको छ । जुन कुराले उसलाई बिरामी बनाएको छ । भीरुको चाहना पूरा गरिदिन इन्दुले एक भरियालाई लुगा फाटो किनिदिएर बाबु बनिदिन अनुरोध गरेकी छे, 'र बादल छतल्किन्छ' कथामा । एकातिर बाल-मनोविज्ञान छ भने अर्कोतिर धेरै पुरुषबाट अस्मिता लुटिएका नारीको न घरबार हुन्छ न भरोसा दिने कोही हुन्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

यसरी कथाकारले विभिन्न क्षेत्रका विभिन्न विषयवस्तुलाई समेटेर रोचक ढङ्गले कथा बुनेका छन् । त्यसैले उनका कथाहरू पठनीय छन् । सङ्ग्रहणीय छन् । ■

# गजल

● प्रेम प्रभात

राजनीतिमा आ-आफ्नै लाइन हुन्छ रे
लाइन भित्र निकै कडा पाइन हुन्छ रे
आफ्नो पार्टी, आफ्नो साथी, सबै परै छोडी
अरु लडाईं, आफू जाने, डिजाइन छुन्छ रे
सच्चा सधैं, कच्चा हुन्छन्, जहाँ सुकै पनि,
तिनैलाई अनुशासनको, फाइन हुन्छ रे
जादु जस्तो, अचम्मको, बुझ्नत्र गाह्रो हुने
हुन्छ, हुन्न, भनी बुझ्ने, साइन हुन्छ रे
भन्छन् तिनै, पाखा लाग्ने सच्चा कार्यकर्ता
भागवण्डा, मिलाउने, वाइन हुन्छ रे !

# मेरो हेराईमा "ऊर्मिला"

• शोभना क्षेत्री

मायादेवी शर्माको उपन्यास "ऊर्मिला" हातमा पर्नासाथ चन्चल आँखाहरु हत्तनपत्त त्यसै माथि दौडिन थाले । सधैं सादा पहिरन, मसिनो बोली, हसिँलो मुहार अनि सदैव जिवनप्रतिको सकारात्मक सोच बोकेर हिँडने मायादेवी शर्माले कलम चलाएको सुन्दा के लेख्नु भएछ भन्ने कौतुहलताका साथ किताबका पन्नाहरु पल्टाउन थाले । कलम यसरी सललल बगेको थियो, निर्मल गंगा जस्तै त्यसैले आँखाहरुले रोकिन मानेनन, मनमा पनि उपन्यासकि प्रमुख पात्र ऊर्मिलाको बारेमा अझै जान्ने उत्सुकता अझै बढ्दै गायो त्यसैले एकैथलामा बसेर पढ्दै गएँ, पानाहरु पल्टिदै गए अनि परिच्छेदहरु पनि सिद्धिदै गएँ । ऊर्मिलालाई पढदै जाँदा मलाई उनी पात्रले बाग्लुङ्ग जिल्ला मैले कहिल्यै पनि टेकेकै छैन र पनि ऊर्मिलाले मेरो मनलाई बाग्लुङ्गको कोटगाउँ,बलेवा, टार, पैयूँ, छिस्ती, जैदी अदि गाउँहरुको भ्रमण गराईन अनि उनले बाहादुरी हिम्मत गरेर पढेको स्कूल कोट गाउँको निमावि धौलागिरि र माछापुच्छ्रे हिमालले कहिले चाँदि र सूर्यको किरणपर्दा पहेलो सुनजस्तै रुपफेर्दै घेरेर बसेका अनि नागबेली बन्दै बगेकि कालिगण्डकीले सुनमा सुगन्ध थपेको सुन्दर ग्रामिण जनजिवनको यात्रा गराइन । एकछिन त लाग्यो म त्यहि ऊर्मिलाको घर आँगनमा उभिएकी छु अनि त्यहि ग्रामिण परिवेसलाई नियाल्दै ऊर्मिलालाई प्रत्यक्ष हेरिरहेकी छु । साँच्चै यो लेखिका मायादेवीको कुशलता हो जसका लेखाईले ऊर्मिलाको भोगाईलाई प्रत्यक्षरुपमा पाठकलाई चलचित्रको दृष्यजस्तै छर्लङ्ग पार्न सफल भएको छ ।

ऊर्मिला एक हिम्मत भएकी ग्रामिण महिला जसले छोरी बनेर पढ्दा पनि निकै संघर्ष गर्नु परेको छ । आफ्ना दैनिक गर्नुपर्ने काम सबै यथास्थानमै छ तर उनले आफ्नो सुत्ने र थकाई मार्ने समयमा पढेकी छिन् । गाउँको जिवन कठिन छ विहान देखि रातपरुन्जेल सम्मको दैनिकि निरन्तर छ समय बगिरहन्छ रात पछि दिन गर्दै खेतीका बालिहरु पनि लागिरहन्छन एक पछि अर्को गर्दै त्यसैले फूर्सत कहिले पनि मिल्दैन तर मनमा अटल विश्वास र आँट भएमा जे पनि गर्न सकिन्छ भन्ने उदाहरण बनेकी छिन ऊर्मिला । ऊर्मिलालाई छोरी हुदाँ पनि पढनको लागि संर्घष गर्नुपरेको थियो भने बुहारी बनेर घरमा अटाउँदा पनि झन धेरै संर्घष गर्नु परेको छ । कसैकी घरकी बुहारी शिक्षिका बनेर दिनभर पढाउन जाँदा त अतिनै कठिन परिस्थितीको सामना गर्नु परेको र त्यसमाथि पनि श्रीमान उनलाई गाउँमै छोडेर शहर आउँदा त उनी झनै एक्ली भइन् । हुनत उनलाई सासुले मायानै गर्छिन तर के गर्नु सासु पनि त महिला नै ठहरिन पुरुष प्रधान समाजको । जिवन कष्टपूर्ण भएता पनि समय समयमा सासुका शितल बचनले ऊर्मिलालाई उर्जा थपेको पाइन्छ ।

यस उपन्यास ऊर्मिलाले संयुक्त परिवार, कान्छि बुहारीले सबैभन्दा धेरै काम गर्नुपर्ने, बुहारीलाई घरधन्दा भन्दा बाहिरको काम गर्न सकेसम्म निरुत्साहित गरिने अनि पुरुषको बाहुल्यको प्रचुर शक्ति भएको कुरा ऊर्मिलाले स्कूलमा पढाएको तलब समेत उनका जेठाजुले लिएको बाट स्पष्ट हुन्छ । जस्तो जे भएपनि नारी जसले परिवारको आधा

शक्ति बोकेकी हुन्छीन् उनले आँटेमा जे पनि हुन्छ भन्ने कुरालाई यस उपन्यास कि पात्र ऊर्मिलाको अटल विश्वास, कठोर परिश्रम र दृढ संकल्पले देखाएको छ । समयको विकराल परिस्थीति संग सामना गर्दै बाटाका अनगिन्ती बाधाहरुलाई पन्छाउँदै अघि बढेमा जे पनि गर्न सकिन्छ, आफूलाई आत्मसन्तुष्टि मिल्ने गरी सफलता प्राप्त गर्न सकिन्छ भन्ने कुरा पहिल्याउँदै पाठकलाई लेखिकाले निकै हौस्याएको पाइन्छ । हुन त हाम्रा ग्रामिण परिवेसमा यस्ता ऊर्मिलाहरु अझैपनि कति होलान् ती ऊर्मिलाहरु पनि यी ऊर्मिला जस्तो होऊन उनीहरुले पनि केहि गरुन, जीन्दगी संग सम्झौता मात्र नगरुन आफ्नो प्रगतिका पाइलाहरुपनि अगाडी सारुन् भन्ने उद्देश्य लिएर सामाजिक परिवर्तनको लागि चलेको मायादेवीको कलम कहिल्यै नरोकिउन अनि उनका अरु साहित्य सृजनाहरु थपिउन जुन नारी समाजको लागि उदाहरण बनुन् । शुभ कामना ! ■

कविता

# पहाड र प्रेम : ६६



● **दामोदर पुडासैनी 'किशोर'**

खोलाको किनारमा हिँड्ने हो भने
बग्न सक्नुपर्छ खोला बनेर
ढुङ्गा बनेर ठिङ्ग उभिनेहरू
नहिँडे हुन्छ खोलाको सहयात्री बनेर

मन नै त हो
आइरहन्छन् गइरहन्छन्
अनेकौं छालहरू
खोलाको किनारमा हिँड्नेले
साट्न सक्नुपर्छ मनको छाललाई
खोलाका छालहरूसँग

खोलाको हिनारमा हिँड्ने हो भने
थेग्ने साहस हुनुपर्छ प्रलयहरूलाई
अन्यथा कुनै पनि बेला हुत्याउन सक्छन्
बाढी, खहरे र भेलहरूले

मलाई थाहा छ
तिमी पनि हौ बगिरहने खोला
बग्दै सङ्लिँदै बग्दै
फैलिरहिछ्यौ अनन्तसम्म

असङ्ख्य यात्रीहरू हिँडिरहेछन्
खोलाका किनारमा
खोलाकै गतिमा हिँड्न नजान्नेहरू
कि त बगर बन्दै बाँझिन्छन्
कि त धमिलिँदै हराउँछन्
अस्तित्व हराउने गरी

खोलाको किनारमा हिँड्ने हो भने
किनारकै अस्तित्वमा टिक्ने साहस
जमाउनुपर्छ
अन्यथा, एक क्षणमै उडाइदिन्छ खोलाले
किनाराहरूलाई

सकेसम्म लम्ब्याउन सक्नुपर्छ
जिन्दगीको किनारालाई
किनार लम्ब्याउन नसक्नेले
बिसाउनुपर्छ बाध्य भएर जिन्दगीलाई ।

# उदियमान कलाकार राजकुमार तामाङ

• रामकुमार जिम्बा

"वनको काँडा तिखार्नु पर्दैन जान्ने छोरालाई सिकाउन पर्दैन ।" काँडा आफै तिखारिएको हुन्छ । जुन स्वतस्फूर्त हुदो र छ । सिक्न चाहने र कलामा रम्न चाहनेलाई इश्वरीय सीप आफै पलाउँदो रहेछ । त्यसलाई चिन्न पर्‍यो अनी सफलताका पाइला अघि बढाउनुपर्‍यो बस यक्ति भए पुग्दोर छ । जीवनका कैयन आरोह अवरोह बीच पनि पेशा र कलालाई एकसाथ अगाडी बढाउने एकदमै थोरैजना मध्ये सफल एक व्यक्तित्वको चर्चा गर्छौ जो वर्षौदेखि शिक्षा क्षेत्रमा पेशारत भईकन पनि गीत संगीतलाई नी उत्तिकै समय दिन सफल व्यक्तित्व राजकुमार तामाङ । उमेरले तीनदशक पार गरेका गायक सर्जक तामाङ पेशाले शिक्षक हुन् । २०५६ सालमा एस.एल.सी. उत्तीर्णपछि नै शिक्षण पेशामा लागेका तामाङको वैवाहिक जीवनको बाटो चै अलि रोचक छ । आमाबुबाले आफ्नै फूपुकी छोरी मन पराए । उनले नी हरियो संकेत दिइहाले । हाल दुई सन्तानका अविभावक, सफल शैक्षिक व्यक्तित्व, असल श्रीमानका अलावा कूशंल गायक बन्न सफल हुन् यिनै रामेछाप वेथानका जीतमान सिङ तामाङ र कान्छीमाया थिङका सुपुत्र राजकुमार तामाङ ।

हाल भक्तपुर कटुन्जेस्थित एपेक्स बेर्डिङ हाइस्कुलका संचालक तामाङले सरोज योन्जनसंग मिलेर "मूलबाटो" ०६९ एल्वम बजारमा ल्याइसकेका छन् । ममा स्कूले जीवनमै संगीत प्रतिको झुकाव र रुची थियो, गायक तामाङ भन्छन् । प्रमिला मोक्तानको शान्तिला नाङसाल एल्वममा समेत आफ्नो सुमधुर शब्द, संगीत र स्वरलाई सजाउन सफल गायक तामाङ हालै इन्दिरा लामा गुरुङको म्युजिक भीडियो कुटुकुटु मार्फत गरीबीले वनायो परदेशी बोलको आफ्नै शब्द, संगीत र स्वरमा रहेको गीतको भिडीयोमा मार्फत दर्शकमाझ छाएका छन् ।श्री म्युजिकले बजारमा ल्याएको यो भिडियो दर्शकमाझ लोकप्रिय भएको बताईन्छ ।

प्रेरणाको श्रोत स्थानीय कार्यक्रम (दशैं, तिहार, ल्होसार......माहोल.....) लाई ठान्ने संगीत-साधक तामाङले गीत संगीतलाई आफुले सकेसम्म न्याय दिने बताउँछन् । गीत संगीत शिक्षापूद हुनुपर्नेमा जोड दिदै उनले थपे संगीतले समाजमा चेतना बढाउनुपर्छ । गीत संगीत संवेदनशील विषय भएकाले यसलाई लहडको रुपमा मात्र लिनु नहुनेमा उनको जोड छ ।

शिक्षाको अलवा संगीतलाई एकसाथ अगाडी बढाउन सफल गायकलाई भरपुर पारिवारिक समर्थन पाएको गायकले बताए । शिक्षा, चेतना र गरीबीका कारण समाज पिछडिएको तीतोसत्य राम्रोसित बुझेको तथ्य उनका सिर्जनामा पाइन्छ । देशभक्ति, राष्टिन्यता र समाज परिवर्तनका मर्मलाई आफ्नो सिर्जनामा उतार्न सफल गायकले (हेटौडा) मकवानपुर, सिन्धुपाल्चोक, रामेछाप लगायत विभिन्न ठाउँमा आफ्नो कला पस्किसकेका छन् ।

तामाङ कलाकार संघ छ नि कलाकारको छाता संस्था तपाई चैं कुन पदमा हुनुहुन्छ नी भनेर प्रश्न गर्दा ओहो मैले त सदस्यतासम्म पनि पो लिएको छैन त हो सर भनेर मुसुक्क हाँसे । किन नि भन्ने प्रश्नलाई चै आफुले नै सदस्यता लिने सोच भए पनि समय नजुरेको भनेर उत्तर दिए ।

प्रायजसो शैक्षिक कृयाकलापमा व्यस्त गायक तामाङ फुर्सदमा सिर्जनामा लागि पर्छन । त्यसैको उपज हो गरीबीले बनायो परदेशी ताका धुई डम्फू बोलको गीत पनि । अरु दुईवटा गीतहरू "मूलबाटोमा" र "हिमाली डाँडा" बोलको गीतमा स्वर संगीत सरोज योन्जनको रह्यो । जसलाई मूलबाटो एल्बममा समेटेका छन् । उक्त एल्बमले आफ्नो लगानी उठाइसकेको बताउने गायकको आफ्नो गायकीपनले थप मलजल पाइरह्यो ।

गीत संगीत शिक्षाको अभिन्न अंग र माध्यम पनि भएकोले यसलाई समाज परिवर्तनको पूरककारुपमा एकसाथ लानुपर्ने पंक्तिकारसंगको भेटमा बताए । ■

कविता

# सहर त बाँचेकै छ



• **रमेश समर्थन**

सहर त बाँचेकै छ र
बाँच्छ नै ।
यो कसरी बाँच्छ भन्ने प्रश्न नै
निरर्थक छ ।
कहिल्यै मरेको देखेका छौ सहरलाई ?
अरूलाई ओढाइएको कात्रो ओढेरै भए पनि
अरूका लागि लडाइएको पिण्ड फोरेरै भए पनि
सहर बाँचेको छ र
बाँचि नै रहने छ ।
ग्रामीण विकासका योजनाहरू तुहेर रगतपच्छे भएका
लाल बहीहरू
दराजका साँगुरा चरहरूबाट
उज्यालो हेर्न आँखा उघार्छन्
अनि
हरेक दिन
हरेक वर्ष
अपूर्ण फाइलका बोझिला पहाडमुनि
थिचिएर त्यहीँ
सहादत प्राप्त गर्छन् र पनि सहरलाई कुनै फरक पर्दैन
यो त्यसरी नै बाँच्दै छ
जसरी बाँच्दथे कल्पनाको ड्राकुला र
यथार्थको इदी अमिन ।
सहर गाउँको मृत्युमा बाँच्दछ
जति सङ्ख्यामा मर्दछन् गाउँहरू
त्यति नै लम्बिँदै जान्छ यसको आयु
हामी डुब्दा मुन्टो बटार्छ
हामी पुर्पुरिँदा खिसी गर्छ
हामी भोकले भक्कानिएर रुँदा
उल्टै हकार्छ
किनभने यो सहर हो ।
यसका लागि यस्ता कुराहरू बाहियात लाग्दछन्
रोगी, जोगी, चोर र बेरोजगारहरूलाई बोलाएर
पर्यटन व्यवसाय वृद्धि गर्न व्यस्त छ यो सहर ।
यसले माइती घर मन्डेलामा
कति कति लिखतहरूमा ल्याप्चे लगाएको छ
रोल्पाका पाखाहरूमा
कति कति आश्वासनहरू बाँडेको छ
तर
मसीको दसी सुक्न नपाउँदै
पुरानै राग अलाप्दै
अनुदानको झोलीतुम्बा भिराएर
नागढुङ्गा कटाउने गरेको छ ।
नाङ्गिनु यसको सभ्यता हो
नङ्ग्याउनु यसको योग्यता हो ।
त्यसैले अचेल
नाङ्गै नाचेको छ यो सहर
नाचेरै बाँचेको छ यो सहर ॥

## गीत

• **वसन्तराज अज्ञात**



मेरा सारा गल्तीलाई तिमी माफी दिँदै जाने
पाइएका जश जति मैले मात्र लिँदै जाने
यसरी त कैलेसम्म चलिरला जिन्दगानी
नभैदिओस् अब कैले एकलौटी मनोमानी ।

म त तिम्रो आयु बाँचेको रे -भन्छन् ज्योतिषीले
हातको रेखा यस्तै छ रे -मेट्दा नमेटिने
तिम्रै साथ पाइन्जेल हुने रैछ जिन्दगानी
नभैदिओस् अब कैले एकलौटी मनोमानी ।

मेरो भन्नु सबै तिम्रो, तिम्रो भन्नु मेरो पनि
बाँकी यात्रा जे जति छ, बाँचूँ एकै आत्मा बनी
सत्य कुरा बताउन किन गर्ने आनाकानी
नभैदिओस् अब कैले एकलौटी मनोमानी ।

# आमा



• जनार्दन खनाल

आमा हुन् ममता खानी आमा नै सुखदायिनी
आमा वात्सल्यता मूर्ति आमा जीवन दायिनी
आफू भरिनुमा गर्व गर्छन् अन्य जनहरु
आफू रित्तिनुमा गर्व गर्छिन् यी जननीहरु ॥

रुखो संसारलाई नै आमा पार्ने हराभरा
सिर्जना विरुवालाई पानी हाल्ने जरा-जरा
हामीले वर्षमा मात्रै आमा सम्भेर हुन्छ र ?
आमाका वेदना सुन्दा हाम्रा यो मन रुन्न र !

आफ्ना सन्ततिकै लागि सुम्पदै सब जीवन
आफू भोकै बरु बस्दै गर्ने भरण पोषण
छोरी छोराको भविष्य उज्यालो देख्न चाहने
सन्ततीका प्रिय गाथा सधैं नै लेख्न चाहने ।

अनिदो रात छर्लङ्ग बिताउँछिन् तिनी कठै
ज्ञानगुन सिकाउँछिन् होला मूर्ख भनि कठै !
आमा नै ज्ञानका कुण्ड आमा नै मार्ग दर्शक
आमा नै सबथोक हाम्रो आमा नै दक्ष शिक्षक ॥

आमा सधैं खुसी हुन्छिन् नानीबाबु खुसी भए
आमा सधैं दुःखी हुन्छिन् नानीबाबु दुःखी भए
सृष्टिको मूल हौं आमा सृष्टि चक्र चलाउँछ्यौ
सन्तान माथि आघात भए अश्रु बहाउँछ्यौ ।

जीवितै रहँदै मान गरौं है जहिल्यै पनि
आमाको मन कुण्ठितै नगरौं कहिल्यै पनि
आमाको त्यागको साटो के दिन पो सकिन्छ र !
आमा भन्दा ठूलो वस्तु विश्वमा अरु को छ र !

# गजल

• समिर कार्की



खै कसरी हुन्छ प्यार सोचिरहेछु म
यस्तै कुराहरू लगातार सोचिरहेछु म

टुक्र्याउँछ मुटु नजरको बाण चलेपछि
खै कसरी हुन्छ प्रहार सोचिरहेछु म

फूलमाथि भमराहरूले बलात्कार गर्दा
किन सुन्दैनन् चीत्कार सोचिरहेछु म

दिल चोर थुन्ने कानुन यदी बनेमा
कस्तो हुन्छ कारागार सोचिरहेछु म

झोला बोकेर मुगलान हिडेको छोराले
टेक्छ कि टेक्दैन सँघार सोचिरहेछु म ।

# नेपाल मेरो घर

● ज्यो. रत्ननिधि रेग्मी शुक्राचार्य

सम्भन्छू परदेशबाट दिनहूँ नेपाल मेरो घर
आफ्नै जन्मथलो समान अरु ता लाग्दैन क्यै सुन्दर
टाढाबाट हिमाल भलमल  यहाँ हाँसेसरी देख्तछू
पाखा-पर्वतमा रमाइ वनमा नाचेसरी भेट्दछू ।।१।।

मेरै मादल घन्कने घनघनी गाना दिँदै झ्याउरे
मेरै ढोलक, डम्फु ताल तबला बज्छन् सनाही अरेध्र
पञ्चै धून गढेर आउँछ ममा बाजा मिठो नौमती
सारङ्गीसित पग्लिई विरहका फुल्छन् ममा पीरति ।।२।।

बारीमा लहलाउँदा कुसुमका शृङ्गार भेट्छु यहाँ
खेतीमा लटरम्म धान-गहुँका बाला भुलेको यहाँ
पाखामा अनगन्ति फूल दिलको लाली फुलेको वन
यो सम्भी दिनरात पुग्दछ उहीँ टाढा बसेको मन ।।३।।

पग्ली शैल हिमाल ताल, छहरा नाला-नदी बग्दछन्
सेताम्मे हिउँका उडेर कुहिरो आकाशमा ढाक्दछन्
वर्षा-बादल च्याउँछन् घरघरै बोकी वसन्ती ध्वनि
सारा जीवन खेल्दछन् लडिबडी त्यै घामछाया मुनि ।।४।।

पैह्लो प्रात, प्रभातमा किरणको भुल्का स्वयम् पर्दछ
पूर्णे भलमल आउँदा  सुनहला लाली उषा छर्दछ
सन्ध्या आउनुपूर्व पश्चिम दिशा गोधूलिका बन्दछ
इन्द्रेणीसित जोडिएर पृथिवी आकाशमा पुग्दछ ।।५।।

जस्तै होस् धन, मान वैभव तथा सम्पन्नता आखिर
आफ्नै भूमिसमान छैन अरु क्यै आमासरीको भर
केही काल विदेश बास हुन गो पर्दा कुनै बाध्यता
फिर्नेछू घर, भोग पुग्छ जहिले आमा नरोउ त्यताध्र ।।६।।

आमा-बाबु, दिदी र दाजु-बहिनी साथी सँगातीहरू
मेरी प्राणशखा र गाउँघरमा बस्ने छिमेकीहरू
सारामा शुभ-कामना छ अहिले नित्यै हुँदा सम्भना
बाँकी जीवन यो बिताउँछु सबै नेपालकै नाउँमा ।।७।।

कविता

# यातना गृह

● खिमानन्द पोखरेल



यातना गृहले
देखाउने गरेका
ताण्डव नाचहरु
अदालति बन्दोबस्तको
महल भित्र
पर्न नसकेर
पोखिएका अभिसप्त
पीडाहरुको
आर्तनाद हो
यातना गृह ।
भित्री रहस्यको
मुचुल्का उठाउन नपाउँदै
निर्दोष अपराधिलाई
अपरध गरेकै हो
भनि
जबर्जस्त बिल्ला
भिराउन खोज्ने
बेजोड नमुनाको
खुलासा बकपत्र हो
यातना गृह ।
अपराधिको सरजमिन
र
मुचुल्का प्रति
प्रतिबद्धता नजनाउनु
अदालतको
आदेश पालना नगर्नु
अपराधिको अपराधमा
यातनाले
प्राथमीकता पाउनु
यि सवको
मालीक बनेर
त्राही मामका
मनगढन्ते
परिकल्पनाको जालो
बुन्दै गर्ने
बुख्याचा हो
यातना गृह
सही अपराधको
अनुसन्धान नगर्नु
निर्दोष अपराधिलाई
बेजोड अपराध
गरेकै हो भनि
हँचुवाकै भरमा
ठोकुवाको लालपुर्जा
जबर्जस्त भिडाउन खोज्ने
लालसाको भिकारी हो
यातना गृह ।
यातनाको बेजोड
हर्कतहरुमा
पीडा निस्तेज
पार्न खोज्नु
सहनै नसक्ने
अत्याचााको पीडाले
शब्दबिहीन बन्दैगरेका
विचारहरुलाई
लात मार्न प्रयास गर्नु
सही विचार
प्रकट गर्नेहरुको
मार्ग अवरोधक बन्नु
अत्याचारको
मकुण्डो लगाएर
छातीको ढालमार्दे
परपीडामा
उन्मादका स्वरहरु
प्रकट गर्नु
यातनाको कठघरामा
ठिङ्ग उभ्याएर
असत्य माथि
विजय प्राप्त गर्न खोज्ने
जाली हो
यातना गृह ।

# वस्तु अन्सार छायाँ

• त्रिलोचन विहिन

एक हुल मान्छेलेहरुले बोकालाई कुकुर भन्यो
जो सत्य थियो, उसले बोकानै भन्यो
जे असत्य थियो उनीहरुले कुकुर भन्यो
यस्तै भयो परिदृश्य अर्ना यथार्थ

घटनाक्रमले न्यायको भन्दा अन्यायको
वकालत गरिरहयो निरन्तर
सत्य र असत्यको के नै रहयो र अन्तर

जो जस्तो थियो उस्ले उस्तै बोल्यो
जस्ले फूललाई काँडा भन्यो
अनि काँडालाई फूल भन्यो
न्यायलाई अन्याय अनि
अन्यायलाई न्याय भन्यो
अन्त्यमा देखा देखी अन्धो झै भई
सुल्टोलाई उल्टो र उल्टोलाई सुल्टो भन्यो

पढे लेखेकाहरु सर्पले झै दुध पिएर
अन्तमा उसैलाई ढसी रगताम्बे बनाउने दाउमा
नमान नसम्मान न इज्जत
गिद्धले झै लासमा गाढ्यो नयन
टप्प टिप्यो मोती उढ्यो आकाशमा
खोलीदिने गोबर गणेश
कुरा पुग्यो सिधै कानमा
अनि सारा जगत उस्कै इसारामा

मान्छे जस्तो हैन मान्छेनै बन्न सिक
हात खुट्टा भएको पशु होइन
मानवता र नैतिकता भएको मानव बन
सोझा सिद्यालाई कमजोरी ठानी फाईदा
लिन्छौ भने
बलिया र फटाहाको अघि चै
गल्तिनै गरे पनि
तिम्रो आँगनमा फोहरनै गरे पनि
तिमी किन गल्लिको भुसिया र लुत्रे कुकुरझै
दुई टाङ मुनि पुच्छर गुसाउदै
किन ?, किन ? कुलेलाम ढोक्यौ
खवरदार, साले, पाखण्डीहरु
दूध उम्लिदै छ ,तेल तात्दैछ
खुकुरीमा धार हालिदैछ, बन्दूकमा बारुद भरिदैछ
होस् गर नैतिक भ्रष्ट् ,चरित्र पतन
सवैले भन्छ बात लागेका फटाहाहरु
इमान्दार हुन सिक
नैतिकता र मानवता
जस्तो संस्थामा छौ त्यस्तै व्यवहार गर
नत्र खोला फर्कला
घर पहिराले पुला
तेरो जीवन प्यारालाइसिस होला
तेरो अनुहार कुरुप होला
तेरो परिवार नास होला
यो भविष्य सूचक कविता हो ।
समय, प्रकृति, र न्यायको बर्खिलाप नगर
सोझा सिद्यालाई लाटो सम्झि नहेप
बलियाका अगाडि पुच्छर लुकाई नभाग
अंगार, ढुङ्गा र तिम्रो आँखा
आँखा भएर तिमी अन्धो
झूठो बोल्ने स्याल फटाहा
समाजमा के छ ? तिम्रो मान ?
सेवा नगरी कन फलको आस गर्न
तँहरुलाई लाज लागेन, सरम लागेन
कुकूरले झै हड्डी लुछि खादा भगवान सम्झेनौ ?
पाखण्डि, बात लागेका तिमी
सयमा एक
खवरदार, रगत उम्लिदैछ
सच्चेर आउ मान्छे भएर आउ
मानवता, नैतिकता लिएर आउ
मेरो आव्हान तिमी वाटो विराएकाहरुलाई
सावधान, सावधान, सावधान
तिमी राम्रो काम गर आफै हुन्छौ महान् ।।।

कविता

# सगरमाथा

• राम उदित

यो देशको अर्को नाम  सगरमाथा
बाहेक अरु के हुनसक्छ ?
यो देशको अर्को शान
सगरमाथाको अतिरिक्त
अरु के हुनसक्छ ?
हाम्रा सम्पूर्ण विश्वास र आस्थाहरुको
यति सुन्दर विम्ब
सम्पूर्ण हृदयहरुको यति मिठो
उद्‌गार
हाम्रा सम्पूर्ण गौरवताहरु
र सम्पूर्ण संघर्षहरुको यति सादृश्य प्रतीक
सगरमाथा छाडी अरु के हुनसक्छ ?
त्यसैले भनिरहेछु
सगरमाथालाई बचाऊ

हिमाल माथिको अर्को हिमाल
गौरवताहरुको पनि अर्को गौरव
हाम्रा सारा नियति, बलिदान
र  प्राप्तिहरुको एउटै जिवन्त इतिहास
हाम्रा अठोट, अभिलाषा र आकांक्षाहरुको
एउटै धरोहर
यो सार्वभौम सपनाहरुको फुलवारीमा
सिङ्गो इन्द्रेणी खुलेको आकाश सामुन्ने
प्रेमको एउटै पवित्र रङ
हिउँभन्दा सफेद अरु के हुन सक्छ ?
यसैले त भनिरहेछु सगरमाथा बचाऊ

विश्वास र सम्झौताहरुको सन्धीपत्रमा
हस्ताक्षर गर्दा
प्यारो सगरमाथा कतै हराउला
याद गर
शक्ति र सत्ताको लडाइँमा
कतै सगरमाथा ओझेल पर्ला
याद गर
स्वार्थ र स्वमिानको लडाइँमा
सगरमाथा कतै टाढा छोडिन सक्छ
याद गर

सम्पूर्ण  रहरका रङ्गहरु
फुलेको यो यामसँगै
यो देशको भूगोलभरि सगरमाथाको
विश्वास टाँसेर बाँच्न सकुँ
यो जीवनको अन्त्य अनन्तसम्म
ओठओठको एउटै अमर गीत
सगामाथाको शान भएर
उभिन सकुँ
हर बिहान क्षितिज भएर
ओर्लने घामका किरणहरुसँगै छोएर
एउटा उचाइ
हर अँध्यारा मझेरीहरुमा पोखिन सकुँ
पग्लदैं र छुँदै  बग्न सकुँ
तिर्खालु मनका किनारहरु

आखिर घामको पहिलो
चुम्बन बोकेर
मलाई
जीवनमा हरदम उचालिने
र हरदम उकालिने
प्रेरणा दिने
उत्प्रेरक यही सगरमाथा त हो
हाम्रा सारा भोगाइ
आँसु, हाँसो र हामीले भोगेका
इतिहासका पृष्ठपृष्ठरुको  साक्षी
सदियौंदेखि उभिएको
एक मौन स्तम्भ
आँफैलाई  बाजी राखेर
मेरा पुर्खाहरुले जोगाएको
नासो
हाम्रो आफ्नो भन्नु
यो देशको अर्को उपनाम
सगरमाथा सिवाय अरु के हुन सक्छ ?
यसैले त भनिरहेछु
सगरमाथालाई ज्यूँदो राख
ता कि त्यो भोलि आउने
आगतको अनुहारले नसोधोस्
त्यो तिम्रो हृदयको सगरमाथा कहाँ छ ? भनेर

# नेपाललाई विश्वभरि चिनाउने मन छ

● पुनाराम गिरी

नेपाललाई स्वर्ग देख्ने मेरा मनका आँखा
अमृत तुल्य स्याउ सुन्तला फल्ने डाँडा पाखा
हिमालहरु पूर्वदेखि सुदूर पश्चिसम्म
यासा गुम्बा पैदा गरी बसेका छन् डम्म ।
नेपालका जडिबुटी जम्मा गर्ने ठाउँ छ
व्यवस्थापन गर्न सके देशले राहत पाउँछ
अन्तकतै नपाइने दुलर्भ जडिबुटी
नेपालमा पैदा हुन्छन् खेती गरौं जुटि ।
हिमाल पहाड तराई भरी अमृत बुटि फल्छ
जडिबुटी आयुर्वेदिक उद्योग खोले चल्छ ।
अनगिन्ती हिरामोती सुन चाँदी तामा
सप्तधातु लेखेका छन् पाखा पखेरामा ।
ओझेलपरी बसेका छन् यहाँ फालम खानी
कोदाली र फाली किन्दा धन विदेश जाने ।
चुलिएको बाह्रा ऋण पेट्रोलियम तेलमा
निजी उद्योग ओझेल परे छिमेकीको खेलमा ।
मूल्यवान खनिज वस्तु अवैध रुपले लान्छ
ढुङ्गा भन्दै विना मूल्य नित्य विदेश जान्छ ।
जलभण्डार विशाल हाम्रो व्यार्थै खेर गयो
महंगो बत्ती अन्तभन्दा नेपालमा भयो ।
जलविद्युत धनहर अनि सिँचाइ र कुलो
मत्स्यपालन एकै साथमा विकास हुन्थ्यो ठूलो
आत्म निर्भर बन्नलाई अठोट हुनुपर्छ
छिमेकीका जाल चिर्ने आँट गर्नु पर्छ ।
स्वर्ग बन्छ हाम्रो देश सबै मिली उठे
साध सिमा रक्षा गर्दै निर्माणमा जुटे ।
प्राकृतिक दृश्य भित्र प्रकृतिकै धन छ
नेपाललाई विश्व सामु चिनाउने मन छ ।

# हो म यही देशको नागरिक !

● देवकी केसी



हो म यहि देशको नागरिक
तिम्रो जस्तै मेरो नशाहरुमा
रातै रगत बग्छ
मेरो फोक्सो अक्सिजनकै भरमा चलेको छ
मेरो खगोलमा सुर्य, चन्द्र, आकाश सबै
अटाएका छन ।
सुर्यले ताप, चन्द्रमाले शितलता दिएकै छ,
मगर्व गर्छु
हो म यहि देशको नागरिक
देखाउन सक्छौ त प्रमाण ?
तिम्रो खगोल छुट्टै छ भनेर ।
के तिम्रो सुर्य समुन्द्रबाट उदाउँछ ?
के तिम्रो लागि पानी पहाडबाट बर्षन्छ?
के तिम्रो फोक्सो बिना अक्सिजन चल्न सक्छ ?
तिम्रो नशाको रगत भिन्न रङको छ?
ब्रह्माण्ड एउटै छ,
सुर्य, चन्द्रमा, आकाश एउटै नियम सबलाई
समान छ
महल झुपडि जहाँ रहे पनि
रगतको रङ एउटै
हो वर्ग नछुटयाऊँ
मान्छे मान्छेमा विभाजनको रेखा कोरेर !
म विशुद्व नेपाली हुँ ।
शिरमा हिमाल सजाएर
पहाडको स्वच्छ हावाको स्पर्स लिंदै
तराइको मैदानमा नाँच्न पाउँनु
मेरो अपराध होइन अधिकार हो ।
म बारम्बार भन्छु
हो म यहि देशको नागरिक !

कविता

# एउटी बलात्कृत युवतीको बयान

● लक्ष्मण आचार्य

भर्खर भर्खर लुटाएर
आएको छु आफूलाई
एउटा भुँइचालो उठेको छ
हृदयमा
कम्पित भइरहेको धर्ति
फनफन घुमिरहेछ
अहं यस अघि कहिल्यै
यसरी पोखिएको थिएन आसु
पीडाको तलाउमा
ऐना अगाडि उभिँदा
चोइटिएको छ
आफ्नै तस्विर
र छरिएका छन्
सह्रस आँखाहरु

निर्लज्ज समय चियाइरहेछ
एक अपहरित सपना
पलभरमै अजीर्ण भएको छ
जीवनको आजसम्मको  भोगाइ
मनभित्र कता कता बिझाइरहेछ
आफन्तकै आत्मियता
चारैतिर देखिरहेछु
अन्धकारै अन्धकार
सम्पूर्ण कालोपन साह्नोरिएर
अनुहारमा लागेको छ
एउटा कलंकको टीका
यसबेला
म पूर्ण रुपमा रित्तो छु

तर पनि
नचाहदाँ नचाहदैँ
भएको छ एउटा गर्भधारण
एउटा युद्ध उम्रिएको छ
छातीमा
उपहार स्वरुप पाएको छु
केही निलडामहरु
बेसरम समय
मसँग मागिरहेछ
बैधताको प्रमाण
दुखाइ चर्किरहेछ गर्भाशियसम्म
समय यस हदसम्म
कहिल्यै दुखेको थिएन
तर, पर्ख
म
देखाइ दिनेछु समयलाई
एउटा सक्कली अनुहार
याद राख चित्कारभित्रको एउटा हुँकार
म अवश्य हुर्काउनेछु एक अवतार
जसले निश्चित गर्नेछ तिम्रो संहार ।

## गजल

● तुलसीनारायण चित्रकार

जीवनमा आफ्नैले, माया मारेको मान्छे
अरुको दुःख सबै, आफूमासारेको मान्छे

सजाएको थिएँ, जतन गरी सपना
फुल्ननपाई, कोपिलामै झारेको मान्छे

निश्चल प्रेमपनि, हुँदो रहेछ खेल
स्वार्थ पूरा गर्न, आफ्नाले नारेको मान्छे

जल्दै छजिन्दगानी, पीडामा बिनाधुँवा
बाजीजित्दाजित्दै, जीवनहारेको मान्छे

ऐना फेरैँ चर्केपछि, सकेन मुटु फेर्न
दुःखको भव सागरमाखारेको मान्छे

लाग्दैनबाँचे जस्तो,व्यथानसहीकन
भाग्य लेख्ने बेला, दैवले बारेको मान्छे

# साक्षी बारी

– हृदयनारायण चौधरी

हमे तूँ साक्षी बारी
प्रकृति के गवाही बारी ।
लेकिन माया जाल मे परेक
अपना के कर्ता समझ्र लेइतारी ॥
हमर तोहर इहाँ कुछो नैखे
ई बात के हमइनके समझ्रतो नैखे
रुप, ऐश्वर्यके मोह मे परके
सब कुछ अपन समझ्र लेइतारी ॥....
देखावा मे अपना के लगाके
कृत्रिमता मे सब के सजाके
अहम् भावके गहिराइ मे गीरके
प्रकृति के विसर जाइतारी ॥ ...
सत्य के छोड असत्य मे परके
अआडम्बर के मिथ्याभाव मे सडके
अपन सत्यता के विसरके
मानव जीवन गवाँ लेइतारी ॥...
द्रष्टाभाव के छोड-छाडके
भोक्ताभाव मे अपना के डालके
दुःखे-दुःख के सागरमे परके
भवसागर मे डूब जाइतारी ॥...
सभे कहैए शान्ति पाउ हम
सभे कहैए मुक्ति पाउ हम
द्रष्टा बोधिभाव के छोडके
कर्ता बनके कर्म करैतारी ॥...
फल के आशा छोडके बढ तूं
सन्मुख से प्रतिपल लड तूं
मिथ्याभाव मे आगा बढके
अपने सर्वोनाश करैतारी ॥...
सन्मुख से मत भाग ऐ बन्धु !
पीठ ओरी मत नाक ऐ बन्धु !
पीठे ओरी ताक ताकके
भोक्ताभाव केले लेइतारी ॥..
भोक्तेभावमे भवसागर बा
सारा प्राणी इहेमे लागत बा
तृष्णा के रुप जाल मे परके
जलम-मरन मे पर जाइतारी
हमे तूं साक्षी बारी
प्रकृति के गवाही बारी ॥

# वाग्मतीको याचना

● दुर्गा रिमाल(अधिकारी)



वाग्मती दुख नपोख न साह्रो
दुष्ट मानिस हुँदैछ तगारो
दाउरा र मलमूत्र भरेर
स्नान गर्नु कसरी निहुरेर
ताल बन्छ अहिले छ नबग्ने
धेर लास छ यतै तिर जल्ने
पुष्प खात शिवका पद फाली
दूध औ जल समेत पखाली
वाग्मती नद खुसीअब छैन
त्यति शान उनको अब छैन
वाग्मती तब खुसी अब छैन
कान्तिको नगरमा जब आएँ
वाग्मती जल पिई म रमाएँ
छैन आज उनको शुभ यात्रा
योजना मुलुककै छ विजात्रा
वाग्मती शुभ पावन नाता
छाड हे मनुज हो कटु बाधा
सभ्यता मनुजका सब हारे
याचना गर भनी कर जोडें